निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २७८, वि.सं. २०८३, असोज २७ गते, मङ्गलवार, १३ अक्टोबर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 13 OCTOBER, 2026, TUESDAY, GANGTOK

प्रधानमन्त्री मोदीको २५ वर्षे सार्वजनिक सेवा यात्राको सिक्किम मन्त्रीमण्डलले गर्‍यो प्रशंसा

विकसित भारतको लक्ष्यमा केन्द्रसँग सहकार्य गर्ने सिक्किम मन्त्रीमण्डलको प्रतिबद्धता

गान्तोक, १२ अक्टोबर (हिस): मुख्यमन्त्री पीएस गोलेले प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गरेको अवसरमा विशेष मन्त्रीमण्डल बैठक आयोजना गरी उनलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

मुख्यमन्त्री गोलेले सोमवार सामाजिक सञ्जालमार्फत जानकारी दिँदै ७ अक्टोबर, २००१ मा गुजरातको मुख्यमन्त्रीका रूपमा पदभार ग्रहण गरेदेखि शुरु भएको प्रधानमन्त्री मोदीको सार्वजनिक सेवा यात्राले २५ वर्ष पूरा गरेको ऐतिहासिक अवसरमा मन्त्रीमण्डल बैठक बसेको बताएका छन्।

मुख्यमन्त्रीले मन्त्रीपरिषद्का सदस्यहरूसँगै प्रधानमन्त्री मोदीको नेतृत्व यात्राको सराहना गर्दै राष्ट्र निर्माण, समावेशी विकास, सुशासन तथा समृद्ध, आत्मनिर्भर र विश्वमा सम्मानित भारत निर्माण गर्ने उनको दृष्टिकोणप्रति सम्मान व्यक्त गरेका छन्। सार्वजनिक सेवामा बिताएका २५ वर्ष जनताको आकाङ्क्षाप्रतिको प्रतिबद्धता र चुनौतीलाई राष्ट्रिय प्रगतिका अवसरमा रूपान्तरण गर्ने सङ्कल्पको प्रमाण भएको उनले उल्लेख गरेका छन्।

मन्त्रीमण्डलले प्रधानमन्त्री मोदीको 'सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास' भन्ने मूलमन्त्रको विशेष प्रशंसा गरेको छ। यसले सामूहिक सहभागिता, समावेशी विकास, जनविश्वास र साझा जिम्मेवारीका सिद्धान्तलाई समेटेको मुख्यमन्त्रीले बताएका छन्। त्यसैगरी, 'एक भारत, श्रेष्ठ भारत' को अवधारणाले राष्ट्रिय एकता, सांस्कृतिक सद्भाव र एकीकरणलाई सुदृढ बनाएको उल्लेख गर्दै भारतको विविधता नै देशको सबैभन्दा ठूलो शक्ति भएको बताएका छन्।

मन्त्रीमण्डलले पूर्वोत्तर भारतको विकाससम्बन्धी प्रधानमन्त्रीको दृष्टिकोणको पनि सराहना गरेको छ। पूर्वोत्तर क्षेत्र विकास, सम्पर्क सञ्जाल, लगानी, पर्यटन र क्षेत्रीय सहकार्यको महत्त्वपूर्ण केन्द्रका रूपमा अघि बढ़िरहेको मुख्यमन्त्रीले बताएका छन्।

मुख्यमन्त्रीले पूर्वोत्तरका आठ राज्यलाई 'अष्टलक्ष्मी' का रूपमा वर्णन गर्ने प्रधानमन्त्रीको दृष्टिकोणले यस क्षेत्रको सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, रणनीतिक महत्त्व र आर्थिक सम्भावनालाई प्रतिबिम्बित गरेको उल्लेख गरेका छन्। उनले पूर्वाधार विकास, सम्पर्क सञ्जालको विस्तार, जीविकोपार्जनका अवसर तथा जनकेन्द्रित विकासमार्फत पूर्वोत्तरलाई राष्ट्रिय मूलधारसँग नजिक ल्याउने प्रयासले यस क्षेत्रका लागि प्रगतिका नयाँ सम्भावना खोलेको पनि बताएका छन्।

सिक्किम सरकारको तर्फबाट मुख्यमन्त्री गोलेले राज्यको विकास र जनकल्याणका लागि प्रधानमन्त्री मोदीले प्रदान गर्दै आएको सहयोग, प्रोत्साहन र निरन्तर प्रतिबद्धताप्रति गहिरो कृतज्ञता व्यक्त गरेका छन्। सिक्किमको ५०औँ राज्य स्थापना दिवस समारोहको समापन कार्यक्रममा प्रधानमन्त्रीको उपस्थितिलाई राज्यका जनताका लागि सौभाग्यपूर्ण अवसरका रूपमा उल्लेख गर्दै उनले प्रधानमन्त्रीको स्नेह र सहयोगप्रति हार्दिक धन्यवाद दिएका छन्। उनले कोभिड-१९ महामारी, विनाशकारी टिस्टा बाढ़ी, भुइँचालो, पैह्रो तथा अन्य सङ्कटपूर्ण परिस्थितिमा प्रधानमन्त्रीले प्रदान गरेको सहयोगलाई स्मरण गर्दै सिक्किम सरकार सधैँ कृतज्ञ रहने बताएका छन्।

मुख्यमन्त्रीले प्रधानमन्त्रीको नेतृत्व र दृष्टिकोणले सिक्किममा दिगो विकास, सम्पर्क सञ्जालको सुधार, पर्यटन प्रवर्द्धन, पर्यावरण संरक्षण, स्वास्थ्य सेवा, शिक्षा तथा जनताको जीविकोपार्जनका अवसर विस्तार गर्ने राज्यको आकाङ्क्षालाई बल पुऱ्याएको पनि उल्लेख गरेका छन्।

मन्त्रीमण्डलले प्रधानमन्त्रीको नेतृत्वमा राज्यहरूलाई आफ्नो विशिष्ट पहिचान, सांस्कृतिक सम्पदा र पर्यावरणीय सम्पत्तिको संरक्षण गर्दै राष्ट्रिय विकासमा सक्रिय योगदान दिन निरन्तर प्रोत्साहित गरेकोमा सहराना गरेको छ। उनले हिमाली राज्य सिक्किमका लागि विकाससँगै पर्यावरणीय दिगोपन, आपदा सामना गर्ने क्षमता र स्थानीय समुदायको कल्याणलाई समान महत्त्व दिनुपर्ने भएकाले यो दृष्टिकोण विशेष महत्त्वपूर्ण रहेको बताएका छन्।

मन्त्रीमण्डलको बैठकले २०४७ सम्मसम्म विकसित भारत निर्माण गर्ने साझा लक्ष्यलाई अघि बढ़ाउन भारत सरकारसँग घनिष्ठ सहकार्य जारी राख्ने प्रतिबद्धता दोहोऱ्याएको छ साथै, समृद्ध, प्रगतिशील र आत्मनिर्भर सिक्किम निर्माण गर्ने राज्यको आफ्नै आकाङ्क्षालाई अघि बढ़ाउने निर्णय पनि व्यक्त गरिएको छ।

मन्त्रीमण्डलले प्रधानमन्त्रीको निरन्तर मार्गदर्शनमा पूर्वोत्तर क्षेत्र भारतको विकास र रूपान्तरणको प्रमुख संवाहकका रूपमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गरेको छ। यस ऐतिहासिक अवसरमा मन्त्रीपरिषद्का सदस्यहरूले प्रधानमन्त्री मोदीलाई शुभकामना दिँदै उनको नेतृत्व, राष्ट्रप्रतिको समर्पण र भारतको विकास यात्रामा पुऱ्याएको योगदानप्रति गहिरो कृतज्ञता व्यक्त गरेका छन्।

मुख्यमन्त्री गोलेले सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्नु व्यक्तिगत उपलब्धिमा मात्र सीमित नभएर नेतृत्व, जनसेवाप्रतिको प्रतिबद्धता र राष्ट्रिय रूपान्तरणको उल्लेखनीय यात्रालाई सम्मान गर्ने अवसर पनि रहेको उल्लेख गरेका छन्। उनले यस यात्राले लाखौँ मानिसलाई प्रेरित गर्दै अझ सशक्त, समावेशी र समृद्ध भारत निर्माण गर्ने सामूहिक सङ्कल्पलाई बलियो बनाएको बताएका छन्।

दुष्यन्त गौतम सिक्किमका नयाँ राज्यपाल नियुक्त



गान्तोक, १२ अक्टोबर: राष्ट्रपतिले सोमवार छः वटा राज्यमा नयाँ राज्यपाल नियुक्त गरेकी छन्। तीमध्ये एक महिला रहेकी छन्। सिक्किमका राज्यपाल ओम प्रकाश माथुरलाई केरलका राज्यपाल बनाइएको छ। त्यहीँ भाजपा नेता तथा सामाजिक कार्यकर्ता दुष्यन्त गौतमलाई सिक्किमका राज्यपाल बनाइएको छ।

गौतम भाजपाका नेता र सामाजिक कार्यकर्ता हुन्। उनी सानैदेखि राष्ट्रिय स्वयंसेवक सङ्घका गतिविधिसित जोड़िएका थिए भने पछि भाजपाको प्रचार, सङ्गठन तथा डिजिटल अभियानमा सक्रिय भए। मार्च, २०२६ मा उनलाई भारतीय खेल प्राधिकरणका सदस्य पनि नियुक्त गरिएको थियो।

अर्कोतिर, भाजपा सिक्किमले नयाँ राज्यपालमा नियुक्त भएकोमा दुष्यन्त गौतमलाई हार्दिक बधाई तथा शुभकामना दिएको छ। भाजपाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ''उनको कार्यकाल सफल रहोस् भन्ने कामना गर्दै सिक्किममा शान्ति, प्रगति र विकासलाई अघि बढ़ाउन उनको मार्गदर्शन प्राप्त हुने अपेक्षा गर्दछौँ साथै सिक्किमका राज्यपालको रूपमा विशिष्ट सेवा पुऱ्याएकोमा ओम प्रकाश माथुरप्रति भाजपा सिक्किम हार्दिक आभार व्यक्त गर्दछ। उनको बहुमूल्य मार्गदर्शन, उत्कृष्ट नेतृत्व र सिक्किमका जनताको हितप्रतिको दृढ़ प्रतिबद्धता सधैँ उच्च सम्मानका साथ स्मरण गरिनेछ।''

भाजपा सिक्किमले दुवै नेताको आ-आफ्नो भूमिकामा सफलताको कामना गरेको छ भने सिक्किमका जनताको हित तथा आकाङ्क्षाहरू पूरा गर्न सदैव प्रतिबद्ध रहने बताएको छ।

डा. सुधा यादवलाई कर्नाटकको राज्यपाल बनाइएको छ। त्यहीँ बृज मोहन राम ओडिशा, डा. ढाल सिंह बिसेनलाई उत्तराखण्डका राज्यपाल बनाइएको छ।

विपक्षी दलद्वारा एसआईआर र ज्ञानेश कुमारविरुद्ध याचिका दर्ता

एसपीसीसीका प्रतिनिधि सहभागी

नयाँ दिल्ली, १२ अक्टोबर: राहुल, प्रियङ्का, खड़गेसँगै अन्य विपक्षी सांसद सोमवार साँझ अचानक सर्वोच्च न्यायालय भित्र पसे। यसअघि विपक्षी सांसदहरूले दिल्लीको बाराखम्भा रोडदेखि सर्वोच्च न्यायालयतर्फ ऱ्याली निकालेका थिए। उनीहरूलाई ५०० मिटर अघि नै रोकियो। विपक्षी नेताहरूले कुनै मागलाई लिएर सर्वोच्च न्यायालयसम्म ऱ्याली निकालेको यो पहिलोचोटि हो।

एसआईआरमा गडबड़ीविरुद्ध सर्वोच्च न्यायालयमा याचिका दर्ता गरियो, जसमा राहुल गान्धी, अखिलेश यादव, तेजस्वी यादवसमेत ११ विपक्षी नेता याचिकाकर्ता हुन्।

ऱ्यालीअघि राहुल गान्धीले ४० मिनट पत्रकार सम्मेलन गरे। यसमा उनले विपक्षीको ऱ्याली शिवजीको जन्तीझैँ रहेको, जसमा जोकोही सामेल हुन सक्ने बताएका थिए।

आइतवार विपक्षी सांसदले सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश सूर्यकान्तलाई पत्र लेखेर ज्ञापन सुम्पिएका थिए, तर सीजेआईले भेट्न अस्वीकार गरेका थिए।

अर्कोतिर, लोकसभामा विपक्षी ➡रहल पृष्ठ ७ मा

सिक्किममा चुनावी षड्यन्त्र भएको एसडीएफको आरोप

गान्तोक, १२ अक्टोबर (हिस): सिक्किम प्रजातान्त्रिक मोर्चा (एसडीएफ) पार्टीका युवा नेताहरूले सिक्किममा चुनावी षड्यन्त्र भएको आरोप लगाउँदै सोमवार दिल्लीको जन्तर-मन्तरमा बीबीसीका प्रतिनिधिलाई प्रतिवेदन बुझाएका छन्।

एसडीएफद्वारा जारी प्रेस विज्ञप्तिअनुसार पार्टीको प्रचार-प्रसार मामिलाकी महासचिव उर्वशी खालिङ र नाम्ची जिल्ला महासचिव तथा प्रभारी रिवाज लिम्बूले प्रतिवेदन बुझाएका हुन्।

प्रतिवेदनमा २०१९ को विधानसभा निर्वाचनमा जनप्रतिनिधित्व ऐनअनुसार उम्मेदवार बन्न अयोग्य व्यक्तिलाई कसरी उम्मेदवार बन्न अनुमति दिइयो भन्ने प्रश्न उठाएको उल्लेख छ साथै भ्रष्टाचारको आरोप लागेका व्यक्तिहरूलाई जनआकाङ्क्षा विपरीत सिक्किमको सत्तामा पुऱ्याइएको दाबी गर्दै यससम्बन्धी प्रमाण प्रस्तुत गरिएको एसडीएफले जनाएको छ।

अर्कोतिर, पार्टीका वरिष्ठ उपाध्यक्ष तथा युवा प्रभारी कर्मा टाशी भोटिया, नाम्ची जिल्ला अध्यक्ष रमेश किराँत, प्रवक्ता योजना खालिङ र सोरेङ जिल्ला युवा प्रभारी इजाक लिम्बूले जन्तर-मन्तरमा जारी प्रदर्शनमा भाग लिएको एसडीएफका वरिष्ठ उपाध्यक्ष (प्रचारप्रसार) अम्बर राईले प्रेस विज्ञप्तिमा बताएका छन्।

सोरेङ जिल्ला छिट्टै उन्नत दूरसञ्चार सेवाहरूसँग जोड़िनेछः मुख्यमन्त्री

सोरेङ, १२ अक्टोबर (आईपीआर): मुख्यमन्त्री पीएसले सोमवार सोरेङ जिल्लास्थित सरकारी उच्चतर माध्यमिक विद्यालय, छोटा साम्दोङको स्वर्णजयन्ती समारोहमा सहभागिता जनाएका छन्। उनीसँग शिक्षा विभागका मन्त्री राजु बस्नेत पनि उपस्थित रहेका थिए।

समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री गोलेले उक्त विद्यालयमा आफूले शिक्षकको रूपमा बिताएको समयको स्मरण गरे। उनले स्थापनाको ५० वर्ष पूरा गरेकोमा विद्यालयलाई बधाई दिए र वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका विद्यालयका उपलब्धि तथा प्रगतिहरूको प्रशंसा गरे।

मुख्यमन्त्रीले जनताको जीवनस्तर उकास्ने उद्देश्यले राज्य सरकारद्वारा सञ्चालित विभिन्न कल्याणकारी पहल र योजनाबारे प्रकाश पारे। उनले सिक्किम गरीब आवास योजना, श्रावण कुमार पुरस्कार, मुख्यमन्त्री स्वरोजगार योजना, आमा सशक्तिकरण योजना, मुख्यमन्त्रीको स्वेच्छिक अनुदान (सीएमडीजी) र मुख्यमन्त्री चिकित्सा सहायता योजना (सीएमएमएएस) माथि चर्चा गरे। उनले आगामी वर्षहरूमा सिर्जना हुने रोजगारीका अवसर, विभिन्न क्षेत्रमा रोजगारीलाई स्थायी गर्ने पहल र पर्यटन प्रवर्द्धनमा राज्य सरकारको प्रतिबद्धताबारे पनि जानकारी दिए।

यसका साथै मुख्यमन्त्रीले सोरेङ जिल्ला छिट्टै नै उन्नत दूरसञ्चार सेवाहरूसँग जोड़िने कुरा बताए। उनले मुख्यमन्त्रीको स्वेच्छिक अनुदान (सीएमडीजी) मार्फत सरकारी उच्चतर माध्यमिक विद्यालय, छोटा साम्दोङलाई एउटा चिकित्सा भ्यान उपलब्ध गराइने घोषणा पनि गरे।

सोरेङ-च्याखुङका विधायक आदित्य गोलेले यस महत्त्वपूर्ण अवसरमा विद्यालय र आयोजक ➡रहल पृष्ठ ७ मा

गेजिङमा जिल्ला सड़क सुरक्षा समितिद्वारा सड़क सुरक्षा उपायहरूको समीक्षा

गेजिङ, १२ अक्टोबर (आईपीआर): जिल्ला सड़क सुरक्षा समिति (डीआरएससी), गेजिङको बैठक सोमवार जिल्ला प्रशासनिक केन्द्र (डीएसी), गेजिङस्थित जिल्लापालको कार्यकक्षमा सम्पन्न भएको छ। जिल्लापाल तेञ्जिङ डी डेञ्जोङपाको अध्यक्षतामा आयोजित बैठकले जोखिमपूर्ण स्थानहरूमा सड़क पूर्वाधारमा सुधार गर्ने, ट्राफिक जामको समस्या समाधान गर्ने तथा सम्पूर्ण जिल्लामा ट्राफिक नियमको कार्यान्वयन र सड़क सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने विषयहरूमा केन्द्रित रही छलफल गर्‍यो।

बैठकको शुरुआत समितिका अध्यक्षसमेत रहेका जिल्लापालको अध्यक्षतामा गत ३१ मार्चमा डाकिएको अघिल्लो बैठकका निर्णय तथा कार्यप्रगतिको समीक्षाका साथ गरियो। अध्यक्षले अघिल्लो बैठकमा छलफल गरिएका सड़क सुरक्षा उपायहरूको कार्यान्वयनमा भएको प्रगतिको जानकारी लिनुका साथै सम्बन्धित विभागद्वारा चालिएका कदमहरूको समीक्षा गरे।

छलफलका क्रममा जिल्लापालले जिल्लामा सड़क सुरक्षासम्बन्धी समस्याहरू सम्बोधन गर्न र सुधार आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्न समितिका सदस्यहरूबीच समन्वयात्मक प्रयासको आवश्यकतामा जोड़ दिए।

समितिले विभिन्न स्थान विशेषगरी छोटो दूरीका मार्ग र दुर्घटनाको उच्च जोखिम भएका सड़क खण्डहरूको ➡रहल पृष्ठ ७ मा

गभर्नर्स गोल्ड कपः शिलङ लाजोङद्वारा ब्ल्याक ईगल पराजित

● अर्चना तामाङ

गान्तोक, १२ अक्टोबर: ४२औँ अखिल भारतीय गभर्नर्स गोल्ड कप फुटबल प्रतियोगिता २०२६ को क्वार्टरफाइनलमा शिलङ लाजोङले ब्ल्याक ईगललाई ३-१ गोलले पराजित गरेको छ।

पाल्जर स्टेडियममा सोमवार सम्पन्न खेलमा शिलङ लाजोङका केन्स्टार खार्सोङले ४०औँ मिनटमा पेनाल्टीमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यसको तीन मिनटपछि ब्ल्याक ईगलका राहुल पासवानले ४३औँ मिनटमा गोल फर्काउँदै खेललाई १-१ गोलको ➡रहल पृष्ठ ७ मा

टुङ-नागा जीपीयूमा जीएलओएफ प्रभावित परिवारलाई १२२ एसजीएवाई घर वितरण

प्रभावित परिवारलाई सरकारले हरसम्भव सहयोग गर्नेछः मन्त्री लेप्चा

मङ्गन, १२ अक्टोबर (आईपीआर): मङ्गन जिल्लाअन्तर्गत् टुङ-नागा ग्राम पञ्चायत एकाइ (जीपीयू)-का टुङ, नागा र रेल गरी तीन वार्डका बासिन्दाहरूको पुनर्स्थापनासम्बन्धी एक समन्वय बैठक सोमवार मङ्गनस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)-को सम्मेलन हलमा सम्पन्न भएको छ। ३ अक्टोबर, २०२३ मा गएको जीएलओएफबाट प्रभावित परिवारको पुनर्स्थापनासम्बन्धी विषय र सिक्किम गरीब आवास योजना एसडीएवाईको कार्यान्वयनबारे छलफल गर्न मङ्गनस्थित खण्ड प्रशासनिक केन्द्र (बीएसी)-ले यस बैठकको आयोजना गरेको थियो।

बैठकमा सामाजिक कल्याण विभागका मन्त्री विधायक सामडुप लेप्चा, सिक्किम कल्याण आयोगका अध्यक्ष निम छिरिङ लेप्चा, मङ्गनका जिल्लापाल अनन्त जैन, अतिरिक्त जिल्लापाल पेमा वाङ्चेन नामकार्पा, मङ्गनका अतिरिक्त जिल्लापाल (विकास) कर्मा थेन्डुप भोटिया, चुङ्थाङका महकुमा अधिकारी अरुण छेत्री, डीडीएमएका संयुक्त निर्देशक कर्मा दोर्जी भोटियासहित अन्यको उपस्थिति रहेको थियो।

कार्यक्रमको शुरुआत मङ्गनका खण्ड विकास अधिकारी कैलाश थापाको स्वागत सम्बोधनबाट भयो, जसमा उनले बैठकका उद्देश्य र प्रभावित परिवारहरूको पुनर्स्थापनासम्बन्धी ➡रहल पृष्ठ ७ मा

भारतीय नौसेनामा सामेल भयो पनडुब्बीविरोधी युद्धपोत ‘मङ्गरोल’

नयाँ दिल्ली, १२ अक्टोबर (हिस): कोच्चिको कोचीन शिपयार्ड लिमिटेड (सीएसएल) मा निर्मित तेस्रो पनडुब्बीविरोधी युद्धपोत ‘मंगरोल’ सोमवार औपचारिक रूपमा भारतीय नौसेनाको सामुद्रिक बेड़ामा सामेल भएको छ। मुम्बई स्थित नौसैनिक डकयार्डमा आयोजित समारोहमा सेवामा प्रवेश गराइएको यस युद्धपोतले भारतीय नौसेनाको पनडुब्बीविरोधी युद्ध क्षमता सुदृढ़ बनाउनेछ। विशेषगरी तटीय जलक्षेत्रमा ठूला युद्धपोतलाई सञ्चालन गर्न कठिनाइ हुने अवस्थामा यसको भूमिका महत्त्वपूर्ण हुनेछ। यसलाई सामेल गरिएसँगै बन्दरगाह, हार्बर र तटीय मार्गको सुरक्षा क्षमता बढ्नुका साथै ठूला नौसैनिक बेड़ाका अभियानमा पनि सहयोग पुग्नेछ।

मुम्बईको नौसैनिक डकयार्डमा आयोजित समारोहको अध्यक्षता पश्चिमी नौसैनिक कमान्डका कमान्डर-इन-चिफ वाइस एडमिरल सञ्जय वात्स्यायनले गरे। कार्यक्रममा वरिष्ठ नौसैनिक तथा रक्षा अधिकारी, रक्षा मन्त्रालय र कोचीन शिपयार्ड लिमिटेडका प्रतिनिधि तथा स्वदेशी हतियार र संवेदक उपकरण निर्माण गर्ने कम्पनीका प्रतिनिधिहरू सहभागी भए। गुजरातको जुनागढ़ जिल्लामा रहेको तटीय शहर तथा प्रमुख माछा मार्ने बन्दरगाह मंगरोलको नामबाट यस युद्धपोतको नामकरण गरिएको हो। यसले यसअघि भारतीय नौसेनामा सेवा गरेको आईएनएस मंगरोल (एमह्न८५) को विरासतलाई निरन्तरता दिएको छ। पुराना युद्धपोतको विरासत संरक्षण गर्ने नौसेनाको परम्परालाई यस नामकरणले कायम राखेको छ। उक्त पुरानो युद्धपोतले ७ अप्रेल २००४ सम्म भारतीय नौसेनामा सेवा गरेको थियो।

रक्षा मन्त्रालय अनुसार, ८० प्रतिशतभन्दा बढ़ी स्वदेशी सामग्रीबाट निर्मित मंगरोल युद्धपोतको डिजाइन, निर्माण तथा उन्नत हतियार र संवेदक उपकरणको एकीकरणमा भारतको बढ्दो क्षमताको प्रतीक हो। सरकारको ‘मेक इन इन्डिया’ र ‘आत्मनिर्भर भारत’ पहल अन्तर्गत निर्मित यो युद्धपोत रक्षा जहाज निर्माण क्षेत्रमा आत्मनिर्भरतातर्फको अर्को महत्त्वपूर्ण कदम हो। तटीय तथा कम गहिराइ भएको समुद्री क्षेत्रमा पानीमुनिका खतराको पहिचान र सामना गर्न तयार पारिएको मंगरोल आधुनिक हतियार तथा संवेदक उपकरणले सुसज्जित छ। यसमा ‘अभय’ हल-माउन्टेड सोनार, हल्का टारपेडो, स्वदेशी पनडुब्बीविरोधी रकेट प्रक्षेपक तथा ‘मारीच’ उन्नत टारपेडो छल प्रणाली समावेश छन्।

कोचीन शिपयार्ड लिमिटेड अनुसार, आईएनएस मंगरोलमा उन्नत सोनार, टारपेडो र पनडुब्बीविरोधी रकेट जड़ान गरिएको छ। यी उपकरणले तटीय जलक्षेत्रमा पनडुब्बीको खोजी गर्न सहयोग पुऱ्याउनेछन्। वाटर जेट प्रोपल्शन प्रणालीसँग जोड़िएका तीन वटा डिजेल इन्जिनबाट सञ्चालित यस युद्धपोतले कम गहिराइ भएको पानीमा सहज रूपमा दिशा परिवर्तन गरी सञ्चालन गर्न सक्छ। यसले पानीमुनि निगरानी, कम तीव्रताका सामुद्रिक अभियान तथा समुद्री सुरुङसम्बन्धी युद्धकार्य पनि गर्न सक्छ। पनडुब्बीबाट उत्पन्न हुने खतराको पहिचान र सामना गर्न यो युद्धपोतले सामुद्रिक गस्ती विमान, हेलिकप्टर तथा अन्य युद्धपोतसँग मिलेर काम गर्नसक्छ। बदलिँदो सामुद्रिक सुरक्षा परिस्थितिमा पानीमुनिका खतरा बढ़िरहेका बेला मंगरोललाई नौसेनामा सामेल गरिनु भारतको पनडुब्बीविरोधी युद्ध क्षमतालाई सुदृढ़ बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ।

अभिषेक ब्यानर्जी थानामा गएनन्, भने-‘पर्याप्त समय नदिई समन पठाउनु अनुचित हो’

कोलकाता, १२ अक्टोबर (हिस): तृणमूल कङ्ग्रेसका सांसद अभिषेक ब्यानर्जी सोमवार निर्धारित समयमा शेक्सपियर सरनी पुलिस स्टेशनमा उपस्थित भएनन्। गएे आइतवार पुलिसले उनको कालीघाटस्थित निवासमा सोधपुछको लागि सूचना दिँदै सोमवार बिहान पुलिस स्टेशनमा उपस्थित हुने निर्देशन दिएको थियो। यद्यपि पुलिस स्टेशनमा जानको सट्टा उनले ई-मेल मार्फत उपस्थित हुन असमर्थ रहेको जानकारी दिए। सूत्र अनुसार ब्यानर्जीले स्पष्ट पारेका छन्, उनी कानुनी प्रक्रियामा सहयोग गर्नका लागि सदैव तयार छन्, तर नोटिस दिएपछि उपस्थित हुनको लागि न्यूनतम ४८ घण्टाको समय दिनुपर्थ्यो।

सूत्र मुताविक अभिषेकले आफ्नो ई-मेलमा लेखेका छन्, एकजना सांसदका रूपमा उनको कार्यक्रम पूर्वनिर्धारित छ। अचानक भोलिपल्ट उपस्थित हुने नोटिस दिनाले उनलाई आवश्यक तयारी गर्न असम्भव भयो। पर्याप्त समय नदिई यस्तो एकपक्षीय समन पठाउनु मनमानीसँगै अनुचित पनि हो। उनले यो पनि भने, यदि नयाँ समन जारी गरेर न्यूनतम पनि ४८ घण्टाको समय दिइन्छ भने उनी अनुसन्धान अधिकारीहरूको सामना गर्न र सबै कानुनी प्रश्नहरूको जवाफ दिन इच्छुक छन्। साथै उनले अनुसन्धानमा पारदर्शिता एवं तर्कसङ्गत व्यवहारको आवश्यकतामाथि पनि जोड़ दिएका छन्। यसअघि गत बुधवार पनि पुलिस उनको निवासमा सूचना दिन गएको थियो, तर उनी दिल्लीमा भएको र घरमा कोही नभएको कारणले अधिकारीहरूलाई खाली हात फर्कनुपरेको थियो। उनी शनिवार दिल्लीबाट कोलकाता फर्केपछि अन्ततः आइतवार उनको निवासमा सूचना पठाइएको थियो। सोमवार उनी उपस्थित नभएपछि पुलिस फेरि एक पटक उनको ढोकामा पुग्यो। यो सम्पूर्ण मामिला गत २७ अगस्तमा कम्याक स्ट्रिटस्थित अभिषेक ब्यानर्जीको कार्यालयको छतबाट पुलिसले होर्डिङ्ग हटाएको घटनासँग सम्बन्धित छ। पुलिस र नगरनिगमले दाबी गरेको थियो, उक्त होर्डिङ्गहरू अवैध र खतरनाक तरिकाले लगाइएको छ। यस कारबाही अवधि सांसदका समर्थकहरूको पुलिस र नगरपालिकाका अधिकारीहरूसँग झड़प भएको थियो। यस घटनामा दर्ता तीनवटा छुट्टा-छुट्टै एफआईआरको सम्बन्धमा पुलिसले उनलाई पहिला पनि बोलाइसकेको छ उनले उनले पनि अनुसन्धान अधिकारीहरू समक्ष उपस्थित भएर आफ्नो जवाफ दिइसकेका छन्। आइतवार फेरि त्यै मामिलामा उनलाई नयाँ सूचना पठाइएको थियो।

कोलकातामा वित्तीय धोकाधड़ी मामिलामा ईडीको ठूलो कारबाही, टलीगञ्ज र शरत बोस रोडसहित आठ ठाउँ छापामारी

कोलकाता, १२ अक्टोबर (हिस): दुर्गा पूजाको ठिक अघाड़ि प्रवर्तन निदेशालय (ईडी) ले कोलकातामा वित्तीय ठगी एवं मनी लाण्ड्रिङ्को एउटा पुरानो मामिलामा आफ्नो अनुसन्धानलाई तीव्रता दिएको छ। केन्द्रिय जाँच एजेन्सीका अधिकारीहरूले सोमवार बिहान महानगरका विभिन्न क्षेत्रहरूमा एकैसाथ छापामारी शुरु गरे। टलीगञ्ज र शरत बोस रोड सहित आठ वटा विभिन्न स्थानहरूमा खोजी अभियान भइरहेको छ। यो कारबाही एक चिट फण्ड कम्पनीले आम लगानीकर्ताहरूलाई उच्च मुनाफाको प्रलोभन दिएर करोडौँ रुपियाँको ठगी गरेको आरोपसँग सम्बन्धित छ। जाँचसित जोड़िएको सूत्र अनुसार ईडीले ‘अमृत प्रोजेक्ट लिमिटेड’ नामक कम्पनीको वित्तीय अनियमितताहरूको गहन अनुसन्धान गरिरहेको छ। आरोप छ, कम्पनीले सर्वसाधारणलाई आकर्षक फिर्ताको प्रलोभन दिएर ठूलो रकम जुटायो अनि पछि नियमहरूको उल्लङ्घन गर्दै उक्त धनलाई विभिन्न रियल एस्टेट तथा विभिन्न निर्माण व्यवसायहरूमा डायभर्ट गऱ्यो। यद्यपि एजेन्सीले अहिलेसम्म यस मामिलामा प्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरूको नाम औपचारिक रूपमा खुलासा गरेको छैन। स्मरणीय छ, यसै मामिलामा ईडीले पछिल्लो सेप्टेम्बर महिनामा कोलकाता र इन्दौरका १७ वटा स्थानमा संयुक्त छापामारी गरेको थियो। त्यस अवधि कोलकाताको नारकेलडाङ्गा, नेताजी नगर, सदर्न एभेन्यु र बेलेघाटा जस्ता क्षेत्रहरूबाट करिब ७५ करोड़ रुपियाँको अचल सम्पत्ति, १ करोड़ रुपियाँ नगद, ४८०० अमेरिकी डलर तथा लगभग २० करोड़ रुपियाँको बेनामी सम्पत्तिमा लगानी गरेका कागज-पत्रहरू जफत गरिएको थियो। चाड़पर्वको मुखैमा सोमवार आठ वटा स्थानमा अचानक भएको यस कारबाहीले शहरको व्यापारिक जगतमा खैलाबैला मचाएको छ।

जन्तर-मन्तरमा धरना-प्रदर्शनमाथि प्रतिबन्ध

सरकारले ३३ वर्षअघि दिएको थियो अनुमति

नयाँ दिल्ली, १२ अक्टोबरः दिल्लीको जन्तर-मन्तरमा अब प्रदर्शन गर्न पाइने छैन। केन्द्र सरकारले यसलाई निर्धारित प्रदर्शन स्थलको सूचीबाट हटाएको छ। सरकारले ३३ वर्षअघि जन्तर-मन्तरमा प्रदर्शनका लागि जग्गा तय गरेको थिथो।गृह मन्त्रालयद्वारा बनाइएको कमिटीको सिफारिशमा दिल्लीको रामलीला मैदान, बुराड़ी ग्राउण्ड र पूर्वी दिल्लीको सीबीडी ग्राउण्ड प्रदर्शन स्थल बनाइएको छ। यहीँ नै अन्ना आन्दोलन, पहलवानको प्रदर्शन, ककरोच पार्टीको धरना भएको थियो।

ककरोच जनता पार्टीले सीईसी ज्ञानेश कुमारको राजीनामा र एसआईआरमाथि प्रतिबन्धको मागलाई लिएर सोमवार पनि जन्तर-मन्तरमा प्रदर्शनका लागि अनुमति मागेको थियो, तर पुलिसले अनुमति दिएन। यसअघि सीजेपीले २० जूनदेखि २५ जुलाईसम्म नीट पेपर लीकको मुद्दामाथि धर्मेन्द्र प्रधानको राजीनामाका लागि प्रदर्शन गरेको थियो। ३६ दिनसम्म चलेको यस प्रदर्शनअवधि शिक्षाविद् सोनाम वाङ्चुक पनि भोक हड्तालमा बसेका थिए। २५ जुलाईमा प्रधानको राजीनामापछि प्रदर्शन समाप्त भएको थियो।

गृह मन्त्रालयले बनाएको थियो कमिटी

गृह मन्त्रालयले विरोध-प्रदर्शन र धरना आयोजित गर्न वैकल्पिक स्थानको पहिचान गर्ने उद्देश्यले एउटा कमिटी बनाएको थियो। समितिको सिफारिशपछि ती तीन स्थान प्रदर्शनका लागि निर्धारित गरेको छ।

रामलीला मैदान, बुराड़ी मैदान र सीबीडी मैदानमा धरना-प्रदर्शन आयोजित गर्ने प्रक्रिया र नियमलाई लिएर संशोधित मानक सञ्चालन प्रक्रिया (एसओपी) बेग्लै रूपमा जारी गरिनेछ। अहिले आदेशमा यी दिशा-निर्देशको विस्तृत विवरण दिइएको छैन।

जन्तर-मन्तरमा पहिलो प्रदर्शन

जन्तर-मन्तरमा प्रदर्शन शुरु भएको कथा निकै रोचक छ। संसद भवन नजिक भएकोले जन्तर-मन्तरलाई निकै विशेष मानिन्छ, जुन मानिसले आफ्ना प्रतिनिधिसँग भेटेर आफ्नो कुरा भन्न नपाउँदा जन्तर-मन्तरमा प्रदर्शन नै आफ्नो कुरा सरकारसम्म पुऱ्याउने सबैभन्दा सहज माध्यम हो। जन्तर-मन्तरमा पहिलो विरोध प्रदर्शन १९९३ मा डीयूएसयूका अध्यक्ष आशीष सूदले केन्द्र सरकारको एक आदेशपछि गरेका थिए। त्यसपछि यो स्थान हजारौँ साना-ठूला प्रदर्शनको साक्षी बनेको छ। ३१ जनवरी, २००३ दिल्ली पुलिसको स्ट्याण्डिङ आदेश नम्बर ३०९ अनुसार जन्तर-मन्तरमा ५००० भन्दा अधिक मानिसको भेला हुन सक्दैन थियो। यसका साथै प्रदर्शनकारीहरूले आफ्नो वाहन पनि जन्तर-मन्तरमा लैजान सक्दैन थिए। यदि अधिक सङ्ख्या भयो भने मात्रै रामलीला मैदान जाने प्रावधान थियो।

जन्तर-मन्तरअघि कहाँ हुन्थ्यो प्रदर्शन?

जन्तर-मन्तरअघि विरोध-प्रदर्शनका लागि राजपथ (अब कर्तव्य पथ) नजिक बोट क्लब लन सुनिश्चित गरिएको थियो। संसद भवन, राष्ट्रपति भवन, नर्थ र साउथ ब्लक सबैको नजिक भएकोले यो जग्गालाई सत्तालाई चुनौती दिनलाई उपयुक्त मानिन्थ्यो।

यद्यपि १९८८ मा किसान नेता महेन्द्र सिंह टिकैतको अगुवाइमा यहाँ हजारौँ किसान एक सातासम्म डटेर बसे। उनीहरूले त्यहीँ खाना-पिना बनाएर खाँदा, आफ्ना पशुहरू बाँधेर राख्दा सरकार हल्लियो।

जुबिन गर्गले न्याय पाउने छन्, फास्ट ट्र्याक अदालतमा द्रूत गतिमा सुनवाइ भइरहेको छः मुख्यमन्त्री सरमा

गुवाहाटी, १२ अक्टोबर (हिस): असमका मुख्यमन्त्री डा. हिमन्त विश्व सरमाले सोमवार भने, जुबिन गर्गले निश्चित रूपमा न्याय पाउनेछन्। उनले भने, जुबिन गर्गको मृत्युसँग सम्बन्धित मुद्दामा फास्ट ट्र्याक अदालतमा द्रूत गतिमा सुनवाइ भइरहेको छ भने दिनहुँ नै विभिन्न साक्षीको बयान दर्ता गरिँदैछ। मुख्यमन्त्रीले भने, मुद्दामा न्यायिक प्रक्रिया सुचारु रूपमा अगाड़ि बढ़िरहेको छ। निश्चय पनि यस मामिलामा न्याय सुनिश्चित हुनेछ। उनले भने, असम सरकारले राज्य बाहिर हिमाश्री बोड़ोको रहस्यमय परिस्थितिमा भएको मृत्युको जाँच गर्ने माग गरेको छ। मुख्यमन्त्रीले भने, यस विषयमा उचित अनुसन्धान सुनिश्चित गर्न केन्द्रिय रेलमन्त्री अश्विनी वैष्णव र आन्ध्र प्रदेशका मुख्यमन्त्रीलाई पत्र लेखिएको छ। मुख्यमन्त्रीले हिमाश्री बोड़ोको घरमा गएर शोकाकुल परिवारका सदस्यहरूसित भेटे गरे अनि उनीहरूलाई सान्त्वना दिए। उनले परिवारप्रति समवेदना प्रकट गर्दै उनको मृत्युको उचित अनुसन्धान गरिने आश्वासन दिए। यस अवधि उनले पत्रकारहरूसँग पनि कुराकानी गरे। महान सङ्गीतकार तथा सांस्कृतिक आइकन भूपेन हजारिकाको जन्म शताब्दी समारोहको समापन समारोह आगमी २९ नोभेम्बरमा नयाँ दिल्लीमा आयोजना गरिने जानकारी मुख्यमन्त्रीले दिए। उनले भने, यस अवसरमा राष्ट्रिय राजधानीमा भव्य कार्यक्रम आयोजना गरिनेछ। समारोहको माध्यमबाट भारतीय सङ्गीत एवं संस्कृतिमा भूपेन हजारिकाको उल्लेखनीय योगदानलाई स्मरण गरिनेछ। मुख्यमन्त्रीले अखिल गोगोईले बाढ़ी प्रभावित परिवारहरूको मुद्दामा राजनीति गरेको आरोप लगाउँदै माथिल्लो असममा बाढ़ी प्रभावित परिवारको अवस्थालाई लिएर राइजर दलका नेता अखिल गोगोईको पनि आलोचना गरे। मुख्यमन्त्रीले आरोप लगाए, अखिल गोगोईले बाढ़ी प्रभावित परिवारहरूको पीड़ालाई आफ्नो राजनीतिक स्वार्थलाई अगाडि बढ़ाउनको लागि प्रयोग गरिरहेका छन्। यस मामिलामा गोगोईको राजनीतिक गतिविधिका कारण बाढ़ी प्रभावित परिवारहरूलाई क्षतिपूर्ति दिने प्रक्रियामा ढिल्याई भएको उनले दाबी गरे। मुख्यमन्त्रीले भने, बाढ़ीमा सबैथोक गुमाइसकेका परिवारहरूको कष्टलाई राजनीतिक लाभको माध्यम बनाउनु हुँदैन। उनले अखिल गोगोईमाथि प्रहार गर्दै भने, बाढ़ी प्रभावित परिवारहरूकोको मुद्दामा राजनीति गर्नदेखि बच्नुपर्छ।

प्रदर्शनमा गरिमा सैकिया गर्ग पनि सामेल भइन्

लोकप्रिय असमिया गायक जुबिन गर्गको मृत्यु प्रकरणमा न्यायको माग गर्दै सोमवार सोनापुरको जुबिन क्षेत्रमा जुबिन फ्यान क्लबले विरोध प्रदर्शन गऱ्यो। प्रदर्शनकारीहरूले न्याय सुनिश्चित गर्ने माग गरे। जुबिन गर्गको मृत्यु प्रकरणका अभियुक्त अमृतप्रभा महन्तलाई हालैम गुवाहाटी उच्च अदालतले हालै जमानत दिएपछि उनका फ्यानहरूबीच असन्तुष्टि देखिएको छ। यसबीत जुबिन फ्यान क्लबले जुबिन क्षेत्रमा प्रदर्शनको आयोजना गऱ्यो। दिवङ्गत गायककी पत्नी गरिमा सैकिया गर्ग पनि प्रदर्शन स्थलमा उपस्थित भइन्। अमृतप्रभा महन्तले जमानत पाएकोमा उनले असन्तुष्टि व्यक्त गरिन्। प्रदर्शनकारीहरूले जुबिन गर्गको मृत्युसँग सम्बन्धित मुद्दामा न्यायको माग गरे। यस घटनाक्रमपछि गायकका फ्यानहरूबीच मुद्दाको कानुनी कारबाहीलाई लिएर फेरि एक पटक चर्चा चुलिएको छ। उल्लेख्य, जुबिन गर्ग असमका सबैभन्दा लोकप्रिय गायकहरूमध्ये एक थिए। उनको निधन भएदेखि नै उनका फ्यानहरूले न्यायको माग गर्दै आएका छन्।

कङ्ग्रेसको हारको कारण निर्वाचन आयोग होइन, विचारहीन नेतृत्व होः शिवराज

नयाँ दिल्ली, १२ अक्टोबर (हिस): भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता एवं केन्द्रिय मन्त्री शिवराज सिंह चौहानले कङ्ग्रेसको चुनावी पराजयको कारण निर्वाचन आयोग नभई पार्टीको विचारहीन र गैरजिम्मेवार नेतृत्व रहेको बताएका छन्। उनले चुनावी असफलताको जिम्मेवारी स्वीकार गर्नुको सट्टा कङ्ग्रेसले संवैधानिक संस्थाहरूमाथि दोष थोपर्ने गरेको आरोप लगाए।

भाजपाको केन्द्रिय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा चौहानले लगातार चुनावी पराजयबाट निराश बनेको कङ्ग्रेसले संवैधानिक संस्थाहरूलाई निशाना बनाइरहेको आरोप लगाए। उनले चुनाउ हार्ने र त्यसपछि आन्दोलनमार्फत सड़कमा असन्तुष्टि व्यक्त गर्ने प्रवृत्ति कङ्ग्रेसको राजनीतिक कार्यशैली बनेको बताए। उनले असम, त्रिपुरा, राजस्थान र हिमाचल प्रदेशलगायत विभिन्न राज्यका चुनावी परिणाम उल्लेख गर्दै कङ्ग्रेस नेतृत्वमाथि प्रश्न उठाए।

कङ्ग्रेसको अवस्थावारे टिप्पणी गर्दै भाजपा नेताले पार्टीले आफ्ना कमजोरी स्वीकार गर्नुको सट्टा अरूलाई जिम्मेवार ठहराउने गरेको बताए। उनले ‘नाच्न नजान्ने आँगन टेढो’ भन्ने उखान उल्लेख गर्दै कङ्ग्रेसले निर्वाचन आयोग र अन्य संवैधानिक संस्थाहरूमाथि आरोप लगाउनुको सट्टा आफ्नो पराजयको कारण समीक्षा गर्नुपर्ने बताए।

मध्य प्रदेशका पूर्व मुख्यमन्त्री चौहानले देशका विभिन्न राज्यमा कङ्ग्रेसको राजनीतिक अवस्था कमजोर हुँदै गएको दाबी गरे। उनले गुजरात, नागाल्यान्ड, गोवा र दिल्लीमा पार्टीको अवस्थावारे उल्लेख गर्दै कङ्ग्रेस धेरै राज्यमा आफ्ना सहयोगी दलहरूको तुलनामा कमजोर बनेको बताए। झारखण्डदेखि तमिलनाडुसम्म विपक्षी गठबन्धनमा कङ्ग्रेसको भूमिकामाथि प्रश्न उठाउँदै उनले धेरै राज्यमा पार्टीले कनिष्ठ साझेदारका रूपमा काम गर्नुपरिरहेको दाबी गरे। उनका अनुसार, राजनीतिक अवस्था सुधार गर्न कङ्ग्रेसले आफ्नो नेतृत्व र विचारधारावारे आत्मसमीक्षा गर्न आवश्यक छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रियताको उल्लेख गर्दै चौहानले प्रधानमन्त्रीले देशवासीको मनमा विशेष स्थान बनाएको बताए। उनले कङ्ग्रेसले झूटा आरोपका माध्यमबाट सत्ता प्राप्त गर्न खोजिरहेको आरोप लगाउँदै चुनावी जनादेश स्वीकार गर्नुको सट्टा संवैधानिक संस्थाहरूलाई विवादमा तान्ने गरेको बताए।

चौहानले राष्ट्रिय सुरक्षाका विषयमा पनि कङ्ग्रेसले दोहोरो मापदण्ड अपनाएको आरोप लगाए। सेनाले आतङ्कवादीविरुद्ध कारबाही गर्दा कङ्ग्रेसले सेनाको कारबाहीमाथि नै प्रश्न उठाउने गरेको उनको भनाइ थियो। भाजपा नेताले कङ्ग्रेस र इन्डी गठबन्धनमाथि देशलाई कमजोर बनाउने शक्तिहरूको पक्षमा उभिएको आरोपसमेत लगाए। उनले जर्ज सोरोस र एलन मस्कको उल्लेख गर्दै विपक्षी नेताहरूको भूमिकामाथि प्रश्न उठाए। विदेशी शक्तिहरूको प्रभावसँग सम्बन्धित आरोपवारे कङ्ग्रेसले आफ्नो धारणा स्पष्ट पार्नुपर्ने उनले बताए।

चौहानले राहुल गान्धीको एउटा कथित अभिव्यक्तिको पनि उल्लेख गरे, जसमा उनले आफू भाजपा होइन, ‘इन्डियन स्टेट’ अर्थात् भारतीय राज्य व्यवस्थाविरुद्ध लडिरहेको बताएका थिए। भाजपा नेताले उक्त अभिव्यक्तिवारे राहुल गान्धीसँग स्पष्टीकरण माग गरे। उनले कङ्ग्रेसको वर्तमान राजनीतिक दृष्टिकोणले देशका संस्था र लोकतान्त्रिक व्यवस्थाप्रतिको उसको धारणामाथि प्रश्न उठाएको आरोप लगाए।

धार्मिक तथा सांस्कृतिक विषयमा पनि कङ्ग्रेसको आलोचना गर्दै चौहानले भगवान् रामको विरोध गर्नेहरूको पक्षमा पार्टी उभिने गरेको आरोप लगाए। उनले राहुल गान्धीले आफ्नो भाषणमा भगवान् शिवको जन्तीलाई आफ्नै जन्तीका रूपमा प्रस्तुत गर्ने गरेको टिप्पणीसमेत गरे। पत्रकार सम्मेलनको अन्त्यमा चौहानले कङ्ग्रेसले विगत धेरै वर्षदेखि संवैधानिक संस्थाहरूमाथि प्रश्न उठाउँदै आएको बताए। चुनावी पराजयपछि आफ्नो रणनीति र नेतृत्वको समीक्षा गर्नुको सट्टा निर्वाचन आयोगलाई दोष दिने गरेको उनको आरोप थियो। चौहानले लोकतन्त्रमा चुनावी सफलता जनताको विश्वासमा निर्भर रहने बताए। उनका अनुसार, कङ्ग्रेसले आफ्नो विचारधारा, नेतृत्व र सङ्गठनलाई बलियो बनाउन ध्यान दिनुपर्छ।

CHANGE OF NAME

I, **Sabita Dahal**, W/o Tika Prasad Sharma, resident of Adampool, Rawtey Rumtek, Gangtok District, Sikkim do hereby declare that I have changed my name from **Sabita Dahal to Sabita Sharma** and henceforth I shall be known as **Sabita Sharma** in all-purpose, vide affidavit no. **A 450641** sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **6th day of October 2026**. **Sabita Sharma and Sabita Dahal** both are same and one identical person.

विकसित भारत–२०४७ को प्रमुख आर्थिक विकासको आधार बन्नेछ पूर्वोत्तरः सिन्धिया

गुवाहाटी, १२ अक्टोबरः केन्द्रीय सञ्चार तथा पूर्वोत्तर क्षेत्र विकासमन्त्री ज्योतिरादित्य सिन्धिया सोमबार दुईदिने भ्रमणका लागि मिजोरमको राजधानी आइजोल पुगेका छन्। यस भ्रमणका क्रममा उनले मिजोरमका मुख्यमन्त्री लालदुहोमासँग राज्यका विभिन्न विकास परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नेछन्। सिन्धियाको भ्रमणका क्रममा मिजोरमले करिब ३२० करोड रुपियाँ लागतका १० वटा विकास परियोजनाको उपहार पाउनेछ। यसका अतिरिक्त, केन्द्रीय मन्त्रीले पूर्वोत्तर ब्याङ्कर्स सम्मेलन ३.० को उद्घाटन पनि गर्नेछन्। यस कार्यक्रमको उद्देश्य पूर्वोत्तर क्षेत्रमा लगानी बढाउनु, उद्यमीहरूका लागि ऋण उपलब्धता सहज बनाउनु र क्षेत्रको आर्थिक सम्भावनालाई साकार पार्नु हो।

आइजोल पुगेपछि ज्योतिरादित्य सिन्धियाले मिजोरमसँग आफ्नो लामो व्यक्तिगत सम्बन्ध रहेको र यहाँ फेरि आउन पाउँदा खुसी लागेको बताए। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकार पूर्वोत्तर क्षेत्रलाई देशको 'अष्टलक्ष्मी'का रूपमा विकास गर्न प्रतिबद्ध रहेको उनले बताए। पूर्वोत्तरका आठवटै राज्यले विकसित भारत–२०४७ को सङ्कल्प साकार पार्न महत्त्वपूर्ण भूमिका खेल्नेछन्। यस भ्रमणको मुख्य उद्देश्य विकास परियोजनालाई गति दिनु, आधारभूत संरचनाको विस्तार गर्नु र क्षेत्रको आर्थिक क्षमता सुदृढ बनाउनु रहेको सिन्धियाले बताए। राज्यका विभिन्न परियोजनाको उद्घाटन तथा शिलान्यास यस दिशामा महत्त्वपूर्ण कदम भएको उनले उल्लेख गरे।

केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धियाले सन् २०२५ मा आयोजित 'राइजिङ नर्थ इस्ट इन्भेस्टर्स कन्फरेन्स'का क्रममा पूर्वोत्तर क्षेत्रका लागि करिब ४.५ लाख करोड रुपैयाँ बराबरका लगानी प्रस्ताव प्राप्त भएको जानकारी दिए। यी प्रस्तावमा मिजोरमका लागि पनि महत्त्वपूर्ण लगानी प्रतिबद्धता समावेश छन्। लगानी प्रस्तावलाई वास्तविक परियोजनामा रूपान्तरण गर्न उद्यमीहरूलाई आर्थिक सहयोग र सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउनु आवश्यक रहेको उनले बताए। ब्याङ्किङ क्षेत्रको सक्रिय सहभागिताले लगानीका सम्भावनालाई साकार पार्न र क्षेत्रको आर्थिक गतिविधिलाई गति दिन मद्दत पुग्ने उनको भनाइ थियो।

केन्द्रीय मन्त्रीले पूर्वोत्तर ब्याङ्कर्स सम्मेलन ३.० मार्फत वित्तीय सेवा विभाग र ब्याङ्किङ क्षेत्रको सहकार्यमा सूक्ष्म, साना तथा मझौला उद्यम र स्थानीय उद्यमीहरूका लागि ऋण उपलब्धता सहज बनाउने विषयमा ध्यान केन्द्रित गरिने बताए। यस पहलको उद्देश्य उद्यमीहरूको आर्थिक आवश्यकता पूरा गर्नु, नयाँ व्यवसायलाई प्रोत्साहन दिनु र क्षेत्रमा लगानीमैत्री वातावरण तयार गर्नु हो। ऋण सुविधा सहज रूपमा उपलब्ध हुँदा स्थानीय स्तरमा उद्यमशीलता बढ्ने तथा रोजगारी सिर्जना र आर्थिक विकासका नयाँ अवसर विकसित हुने उनले बताए।

ज्योतिरादित्य सिन्धियाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विकास र प्रगतिलाई प्राथमिकता दिने स्पष्ट कार्ययोजनासहित आफू मिजोरम आएको दोहोर्याए। यस भ्रमणमार्फत राज्यमा आधारभूत सुविधाको विस्तार, विकास परियोजनालाई गति दिने र उद्यमशीलतालाई प्रोत्साहन गर्ने दिशामा महत्त्वपूर्ण प्रयास गरिनेछ। यो भ्रमणले मिजोरमको विकास यात्रालाई गति दिनुका साथै पूर्वोत्तर क्षेत्रको आर्थिक क्षमता सुदृढ बनाउन र विकसित भारत–२०४७ को राष्ट्रिय सङ्कल्पमा यस क्षेत्रको सहभागिता थप बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

मोदीको सार्वजनिक सेवाका २५ वर्ष पूरा भएको अवसरमा मुख्यमन्त्री धामीले मन्त्रीपरिषद्सहित गङ्गा पूजा र आरती गरे

हरिद्वार, १२ अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदीले सरकार प्रमुखका रूपमा सार्वजनिक सेवामा २५ वर्ष पूरा गरेको अवसरमा उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले सोमवार हरिद्वार स्थित हरकी पौड़ीमा मन्त्रिपरिषद्का सदस्यहरूसँगै गङ्गा पूजा र आरती गरेका छन्। मुख्यमन्त्री धामीले माता गङ्गासँग प्रधानमन्त्री मोदीको उत्तम स्वास्थ्य र दीर्घायुको कामना गर्नुका साथै देश तथा राज्यको सुख, समृद्धि, खुशी र निरन्तर प्रगतिको प्रार्थना गरे। उनले प्रधानमन्त्री मोदीको नेतृत्वमा देशले विकास र जनकल्याणका क्षेत्रमा नयाँ उपलब्धि हासिल गरिरहेको बताए। विकसित भारतको सङ्कल्प पूरा गर्न माता गङ्गासँग आशीर्वाद लिइएको पनि उनले उल्लेख गरे। उल्लेखनीय छ, प्रधानमन्त्री नरेन्द्र मोदीले ७ अक्टोबर २००१ मा गुजरातको मुख्यमन्त्रीका रूपमा शपथ लिएका थिए। त्यसपछि गुजरातको मुख्यमन्त्री र भारतको प्रधानमन्त्रीका रूपमा उनले सार्वजनिक सेवामा २५ वर्ष पूरा गरेका छन्।

यस ऐतिहासिक अवसरमा मुख्यमन्त्री धामीले हरिद्वारमा गङ्गाको तटबाट राष्ट्रको उन्नतिको कामना गरेका हुन्। मन्त्रिपरिषद्को बैठकअघि आयोजित पूजा कार्यक्रममा मुख्यमन्त्रीसँगै सबै मन्त्रीहरू उपस्थित थिए। पूजापछि धार्मिक नगरी हरिद्वारमा उत्तराखण्ड राज्य मन्त्रिपरिषद्को बैठक आयोजना गरियो। यो बैठक राज्य सरकारको प्रशासनलाई विभिन्न जिल्लासम्म पुर्याउने धामी सरकारको पहलको एक हिस्सा हो। राज्यका विभिन्न जिल्लामा मन्त्रिपरिषद् बैठक आयोजना गर्नुको उद्देश्य स्थानीय विकास र जनहितका विषयलाई प्राथमिकता दिनु रहेको सरकारले जनाएको छ। यसअघि ४ अक्टोबरमा चम्पावत जिल्लाको बनबसामा मन्त्रिपरिषद् बैठक बसेको थियो। उक्त बैठकमा राज्यको हितसँग सम्बन्धित विभिन्न महत्त्वपूर्ण निर्णयहरू लिइएका थिए। हरिद्वारमा मन्त्रिपरिषद् बैठक आयोजना गर्नुको उद्देश्य क्षेत्रीय आवश्यकतालाई सरकारका प्राथमिकतासँग जोड्नुका साथै विकास कार्यलाई तीव्रता दिनु रहेको छ।

अनियन्त्रित बन्दै महँगाइ

नयाँ दिल्ली, १२ अक्टोबरः मुख्य रूपमा खाद्यान्न तथा दैनिक उपभोगका वस्तुको मूल्य बढेका कारण सेप्टेम्बरमा भारतको खुद्रा महँगाई दर बढेर ५.५४ प्रतिशत पुगेको छ। उपभोक्ता मूल्य सूचकाङ्कका आधारमा मापन गरिएको महँगाई दरबारे तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयअन्तर्गतको राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको सरकारी तथ्याङ्कअनुसार ग्रामीण क्षेत्रमा महँगाई दर ६.०८ प्रतिशत र शहरी क्षेत्रमा ४.८८ प्रतिशत रहेको छ। अगस्तमा खुद्रा महँगाई दर ४.८३ प्रतिशत थियो। जनवरीमा नयाँ सूचकाङ्क शृङ्खला जारी भएयता सेप्टेम्बरको महँगी दर सबैभन्दा उच्च हो। खाद्यान्नको महँगी दर पनि अघिल्लो महिनाको ५.९७ प्रतिशतबाट बढेर ७.७४ प्रतिशत पुगेको छ। महँगी बढ्ने चिन्ताका बीच गत हप्ता भारतीय रिजर्भ ब्याङ्कले आधार ब्याजदर अर्थात् रेपो दर ०.२५ प्रतिशत विन्दुले बढाएर ५.५० प्रतिशत पुऱ्याएको थियो।

जापानको ई१०लाई टक्कर दिने बुलेट ट्रेनको क्षेत्रमा ठूलो सफलता हासिल गर्ने प्रयासमा भारत

नयाँ दिल्ली, १२ अक्टोबरः भारत आफ्नै उच्च–गतिको बुलेट ट्रेन सञ्चालन गर्ने दिशामा अघि बढिरहेको छ। यसअन्तर्गत रेलवे विभागले 'बी३५' नामक ट्रेनको विकास गरिरहेको छ, जसको गति प्रतिघण्टा ३५० किलोमिटरसम्म पुग्ने गरी डिजाइन गरिएको छ। यो परियोजना स्वदेशमै रेलवे प्रविधि विकास गर्ने र विदेशी प्रविधिमाथिको निर्भरता घटाउने भारतको योजनाको एक हिस्सा हो। भारतले सन् २०३० सम्ममा यी स्वदेशी बुलेट ट्रेनहरू विकास गर्ने र तिनलाई सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने लक्ष्य राखेको छ।

केन्द्रीय मन्त्रिपरिषद्ले 'मुम्बई–अहमदाबाद हाई–स्पीड रेल' (एमएएचएसआर) परियोजनाका लागि बढेको बजेटलाई स्वीकृति दिएपछि यो विकास क्रम अघि बढेको हो। यसको कुल लागत अहिले २ लाख करोड रुपैयाँभन्दा माथि पुगेको छ, जुन सन् २०१५ को प्रारम्भिक अनुमानभन्दा झण्डै दोब्बर हो। परियोजनाका लागि आवश्यक रकममध्ये करिब १ लाख करोड रुपैयाँ केन्द्रीय बजेटबाट प्राप्त हुनेछ। 'टाइम्स अफ इण्डिया' को रिपोर्ट अनुसार, जापानले दिसम्बर २०२४ मा आफ्ना हालका 'ई–५' शृङ्खलाका ट्रेनहरूको उत्पादन क्रमशः बन्द गर्ने घोषणा गरेपछि भारतले 'बी–३५' बुलेट ट्रेनमा काम शुरु गरेको हो। जापानले आफ्ना नयाँ 'ई१०' ट्रेनहरूको उत्पादन सन् २०३० मा शुरु हुने र ती ट्रेनहरू सन् २०३४ सम्ममा सेवाका लागि तयार हुने जनाएको छ। 'ई१०' ट्रेनहरू उपलब्ध भएपछि भारतीय अधिकारीहरूले तिनको प्रयोगबारे विचार गर्न सक्छन्।

यसैबीच, भारतले आफ्नै 'बी२८' उच्च–गतिको ट्रेनको विकास पनि शुरु गरेको छ। साथै, भारतले 'भारत ट्रेन कण्ट्रोल सिस्टम' (बीटीसीएस) मा पनि काम गरिरहेको छ, जुन भारतीय रेल नियन्त्रण तथा सिग्नल प्रणाली हो। यो प्रणालीले ट्रेनको गति नियन्त्रण गर्न, ट्रेनहरूबीच सुरक्षित दूरी कायम राख्न र रेल यात्रालाई अझ सुरक्षित बनाउन मद्दत गर्नेछ। यो प्रणाली चीनको 'सीटीसीएस' सँग मिल्दोजुल्दो छ, जुन सामान्य र उच्च–गति दुवै प्रकारका ट्रेनहरूका लागि प्रयोग गरिन्छ। रेल मन्त्रालयको यसअघिको विज्ञप्ति अनुसार, एमएएचएसआर परियोजना ५०८ किलोमिटरको दूरीमा फैलिएको छ। यो मार्ग गुजरात, महाराष्ट्र र दादरा तथा नगर हवेली हुँदै जानेछ। मुम्बई, ठाणे, विरार, बोइसर, वापी, बिलिमोरा, सुरत, भरुच, वडोदरा, आनन्द, अहमदाबाद र साबरमतीसहित कुल १२ वटा स्टेसनहरूको योजना बनाइएको छ। इन्टिग्रल कोच फ्याक्ट्री (आईसीएफ) ले भारत अर्थ मुभर्स लिमिटेड (बीईएमएल) सँग मिलेर नयाँ रेल सेटहरूको डिजाइन र निर्माण गरिरहेको छ। यी रेलहरू प्रतिघण्टा २८० किलोमिटरसम्मको गतिमा चल्ने गरी बनाइँदै छन्।

भाजपा बुथ अध्यक्षका छोरोको शव घरको परिसरमा फेला

माल्दा, १२ अक्टोबर (हिस)ः जिल्लाको गाजोल खण्ड अन्तर्गत बाबुपुर ग्राम पञ्चायतको सिंघइल क्षेत्रमा सोमवार भाजपा बूथ अध्यक्षका छोराको शव घरअघाड़ी फेला परेपछि सनसनी फैलिएको छ। मृतकको पहिचान २२ वर्षीय बिप्लब मुर्मूका रूपमा भएको छ। परिवारका सदस्यहरूले योजनाबद्ध रूपमा हत्या गरिएको आरोप लगाएका छन्।

यद्यपि, मृत्युको वास्तविक कारण हालसम्म खुल्न सकेको छैन। स्थानीय सूत्रअनुसार, सोमवार बिहान एक महिलाले बिप्लबलाई घरअगाड़ी लड़िरहेको अवस्थामा देखेकी थिइन्। त्यसपछि उनले दिएको सूचनाका आधारमा परिवारका सदस्यहरू घटनास्थलमा पुगे। लगत्तै गाजोल थानाको पुलिस टोलीले घटनास्थलमा पुगेर शव कब्जामा लियो। शवलाई पोस्टमार्टमका लागि पठाउने प्रक्रिया शुरु गरिएको छ। माल्दा जिल्ला पुलिसका अतिरिक्त पुलिस अधीक्षक कुणाल बरनाबासले पनि घटनास्थलको निरीक्षण गरेका छन्। मृतकका पिता माझी मुर्मू उक्त क्षेत्रका भाजपा बूथ अध्यक्ष हुन्। उनले छोराको मृत्यु पछाड़ी राजनीतिक दुश्मनी वा प्रेमप्रसङ्ग हुनसक्ने आशङ्का व्यक्त गरेका छन्। तर, मृत्युको कारणवारे हालसम्म कुनै पुष्टि भएको छैन। उनले निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कड़ा कारबाही गर्न माग गरेका छन्। पुलिस अनुसार, पोस्टमार्टमको रिपोर्ट प्राप्त भएपछि मात्र मृत्युको कारण स्पष्ट हुनेछ। हाल सबै सम्भावित पक्षलाई ध्यानमा राखेर घटनाको अनुसन्धान भइरहेको छ।

भारत र रूसले बदलिँदो रणनीतिक परिवेश अनुरूप रक्षा सम्बन्धलाई नयाँ रूप दिँदै

नयाँ दिल्ली, १२ अक्टोबरः एसियाको सबैभन्दा पुरानो रक्षा सम्बन्ध परिवर्तन हुँदै छ, भारत र रुस परम्परागत हतियार बिक्रीभन्दा बाहिर गएर ठूलो प्रविधि साझेदारी र संयुक्त उत्पादनतर्फ अघि बढिरहेका छन्। दशकौँदेखि, साझेदारी रुसी सैन्य हार्डवेयरको वरिपरि निर्माण गरिएको छ, तर भारतको बढ्दो रक्षा क्षमताले अब दुई देशहरू बीचको सन्तुलनलाई पुनः आकार दिइरहेको छ। गत महिनाको १२ र १३ सेप्टेम्बर मा नयाँ दिल्लीमा भएको ब्रिक्स शिखर सम्मेलनको क्रममा, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विभिन्न मुद्दाहरूमा छलफल गरे। राजनीतिक, आर्थिक र ऊर्जा सम्बन्धका साथै, रिपोर्टहरूले रक्षा सहयोग पनि एजेन्डामा रहेको सङ्केत गर्दछ।

संयोगवश होस् वा नहोस्, उनीहरूको भेटको केही दिन पछि, भारतीय सेना प्रमुख जनरल धीरज सेठले आधिकारिक भ्रमणको लागि रुसको यात्रा गरे। आठ वर्षमा नयाँ दिल्लीबाट शीर्ष सैन्य नेताको यस्तो पहिलो यात्रा थियो। भारत परम्परागत रूपमा रुसी सैन्य उपकरणहरूको प्रमुख खरिददार रहेको छ, त्यसैले मस्कोले यो एकतर्फी खरिद सम्बन्धलाई कायम राख्ने आशा राखेको छ। पैदल सेना राइफल र बख्तर बन्द यातायातदेखि भारी ट्याङ्क र मिसाइल रक्षा नोडहरूसम्म, रुसी हतियारहरूले भारतको स्थल सेनाको आधार बनाउँछन्। भारतको अग्रपङ्क्तिको बख्तर बन्द र यान्त्रिक एकाइहरू व्यावहारिक रूपमा उनीहरूको रुसी–डिजाइन गरिएका उपकरणहरूद्वारा परिभाषित छन्। तथापि, त्यो वास्तविकता धेरै फरक देखिन थालेको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भारतलाई एसयू–५७ पाँचौं पुस्ताको बहु भूमिका लडाकु विमान आपूर्ति गर्ने रुसको योजना पुष्टि गरे पनि, उनले स्थानीय उत्पादन वार्ताको बिन्दु बनेकोमा जोड दिए। ऐतिहासिक रूपमा, भारत रुसको सबैभन्दा ठूलो हतियार ग्राहक थियो, जसले सिधै रुसी कारखानाहरूबाट तयार सैन्य हार्डवेयर आयात गर्थ्यो। तर अब, भारतीय सेनाको प्रमुख रुसी–मूल प्लेटफर्महरूको एक प्रमुख भाग इजाजत पत्र प्राप्त उत्पादन र संयुक्त उद्यमहरू मार्फत भारतीय भूमिमा निर्माण गरिन्छ।

प्रत्येक देश, नयाँ जटिल मेसिनहरू उत्पादन गर्दा, ती प्रविधिहरू आफैँमा राख्न चाहन्छ। यद्यपि, नयाँ दिल्लीसँग रणनीतिक साझेदारीलाई बलियो बनाउन, रुसी पक्षले तिनीहरूलाई साझा गर्न सक्छ, पेस्कोभले सुझाव दिए। अर्को शब्दमा, भारतसँग राम्रो सैन्य सम्बन्ध कायम राख्न, रुसले आफ्नो साझेदारलाई महत्त्वपूर्ण रियायत दिनुपर्ने हुन सक्छ, किनकि नयाँ दिल्ली अब विशुद्ध रूपमा व्यावसायिक लेनदेनमा रुचि राख्दैन र कुनै पनि नयाँ सम्झौतामा बलियो प्रविधि–साझेदारी ग्यारेन्टीहरू समावेश गर्ने कुरामा जोड दिन्छ। रुससँग घनिष्ठ सैन्य सम्बन्ध विकास गर्नुका साथै, भारतले आफ्नो रक्षा क्षमतालाई पनि सक्रिय रूपमा बलियो बनाउँदै छ।

युक्रेनी सैन्य गुप्तचरका अनुसार, नयाँ दिल्लीले मस्कोसँग घनिष्ठ सैन्य सम्बन्ध कायम राख्दै रुसमाथिको आफ्नो निर्भरता कम गर्ने प्रयासमा आफ्नो रक्षा आयातलाई निरन्तर विविधीकरण गरिरहेको छ। साथै, भारतले आफ्नो घरेलु रक्षा उद्योगलाई बलियो बनाउन र पश्चिमी देशहरू, विशेष गरी संयुक्त राज्य अमेरिका, फ्रान्स र इटालीसँग रक्षा साझेदारी विस्तार गर्नमा बढी जोड दिइरहेको छ।

भारत सरकारले अनुमान गरेको छ कि देशको लगभग ६५ प्रतिशत सैन्य हार्डवेयर अब घरेलु रूपमा उत्पादन गरिन्छ, जुन एक दशक अघिको तुलनामा ठूलो उल्टो चिन्ह हो, जब यसको लगभग दुई तिहाइ सैन्य हार्डवेयर आयात गरिएको थियो। यसरी, युक्रेनमा रुसको बढ्दो क्षति, भारतको सैन्य–औद्योगिक परिसरको द्रुत विस्तारसँगै, अन्ततः दुई देशको रक्षा सम्बन्धलाई आफ्नो टाउकोमा पार्न सक्छ, मस्कोले सम्भावित रूपमा नयाँ दिल्लीलाई ग्राहकको रूपमा मात्र नभई सैन्य उपकरणको आपूर्तिकर्ताको रूपमा पनि हेरिरहेको छ। यसैबीच, दुई देशहरूले विशेष गरी संयुक्त उत्पादनको क्षेत्रमा आफ्नो सैन्य सहयोग विस्तार गर्ने अपेक्षा गरिएको छ।

भविष्यमा हेर्दा, रुस र भारतले विशेष गरी ब्राह्मोस सुपरसोनिक क्रूज मिसाइलको स्तरोन्नति मार्फत क्षेप्यास्त्र विकासमा आफ्नो कामलाई अझ गहिरो बनाउन सक्छन्। दुई देशहरूद्वारा संयुक्त रूपमा विकसित, ब्राह्मोस रुसको पी–८०० ओनिक्स मिसाइल परिवारबाट लिइएको हो, विशेष गरी यसको निर्यात संस्करण, याखोन्ट। यद्यपि, विगत २५ वर्षमा, भारतले ब्राह्मोसमा धेरै परिमार्जन र स्तरोन्नतिहरू प्रस्तुत गरेको छ, जसले गर्दा मिसाइल क्षमताहरू यसलाई यसको रुसी पूर्ववर्ती भन्दा फरक पार्छ। अन्तर्राष्ट्रिय विज्ञहरूको तर्क छ कि बढ्दो रूपमा उन्नत वायु रक्षा प्रणालीहरूसँग तालमेल राख्न थप आधुनिकीकरण आवश्यक हुनेछ।

छात्राहरूका लागि छुट्टै ह्वाट्सएप समूह बनाइनेछः रेखा गुप्ता

नयाँ दिल्ली, १२ अक्टोबरः दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले १२ अक्टोबरमा राजधानीका विभिन्न महाविद्यालयका छात्रा प्रतिनिधिहरूसँग महिला सुरक्षा, महाविद्यालय परिसरको सुरक्षा र सार्वजनिक यातायातसँग सम्बन्धित विषयमा विस्तृत छलफल गरिन्। मुख्यमन्त्री जन सेवा सदनमा भएको यस बैठकमा उनले छात्राहरूलाई उनीहरूका चिन्ता र सुझावलाई प्राथमिकता दिइने आश्वासन दिइन्। दिल्लीका छोरीहरूको सुरक्षा, सम्मान र आत्मनिर्भरता सुनिश्चित गर्नु सरकारको सबैभन्दा ठूलो प्राथमिकता रहेको उनले बताइन्।

शैक्षिक संस्थान वरपर कम उज्यालो हुने स्थानबारे व्यक्त चिन्ताको जवाफ दिँदै मुख्यमन्त्री गुप्ताले दिल्लीभरि करिब एक लाख स्मार्ट सडकबत्ती जडान गर्ने घोषणा गरिन्। यी बत्तीलाई एकीकृत नियन्त्रण तथा निगरानी केन्द्रसँग जोडिनेछ र वार्षिक मर्मतसम्भार सम्झौताअन्तर्गत तिनको हेरचाह गरिनेछ। यस सम्झौतामा बिग्रिएका बत्तीको तत्काल मर्मत गर्नुपर्ने व्यवस्था रहनेछ। महाविद्यालय परिसर वरपर जहाँ सडकबत्तीको आवश्यकता हुन्छ, त्यहाँ स्थानीय निकाय र महाविद्यालय प्रशासनसँग समन्वय गरेर आवश्यक कदम चालिने उनले बताइन्।

कमिशनको प्रलोभनमा साइबर ठगी गर्नेहरूलाई ब्याङ्क खाता दिने अभियुक्त पक्राउ

जयपुर, १२ अक्टोबर (हिस)ः साइबर ठगीबाट प्राप्त रकमको लेनदेन गर्न कमिशनको प्रलोभनमा ब्याङ्ड्क खाता उपलब्ध गराएको आरोपमा जयपुरको वैशाली नगर पुलिसले एक युवकलाई पक्राउ गरेको छ।

जयपुर पुलिस मुख्यालयद्वारा सञ्चालित 'म्यूल हन्टर अभियान' अन्तर्गत गरिएको कारबाहीमा पुलिसले अभियुक्तबाट एउटा मोबाइल फोन, दुई वटा सिम कार्ड र दुई वटा एटीएम कार्ड जफत गरेको छ। पक्रा परेको युवकसँग पुलिसले हाल सोधपुछ गरिरहेको छ। पुलिस उपायुक्त प्रशान्त किरण अनुसार, साइबर ठगीको रकम लेनदेन गर्न कमिशनको प्रलोभनमा ब्याङ्क खाता उपलब्ध गराएको आरोपमा जयपुरको करणी विहार निवासी अङ्किकत जाङ्गिदलाई पक्राउ गरिएको हो।

वैशाली नगर पुलिस थानाका प्रभारी अरविन्द सिंहले पुलिसको सोधपुछका क्रममा अभियुक्तले कमिशन पाउने लोभमा साइबर ठगी गिरोहलाई आफ्नो ब्याङ्क खाता उपलब्ध गराएको खुलासा भएको बताए। उक्त ब्याङ्क खाता मार्फत १५ लाख रुपियाँभन्दा बढ़ी रकमको कारोवार गरिएको पाइएको छ। पुलिसले गिरोहका अन्य सदस्यहरू तथा ठगीको रकम कारोवारमा संलग्न व्यक्तिहरूवारे थप जानकारी जुटाउन अभियुक्तसँग सोधपुछ गरिरहेको छ।

यसैबीच, पुलिसले सर्वसाधारणलाई पैसा वा कमिशनको प्रलोभनमा परेर आफ्नो ब्याङ्क खाता, एटीएम कार्ड, चेकबुक, इन्टरनेट बैंकिङ वा युपीआई सम्बन्धी विवरण अरू कसैलाई उपलब्ध नगराउन अपील गरेको छ। यस्ता खाताहरू साइबर अपराधमा प्रयोग भएको पाइएमा खाताधनी समेत कानुनी कारबाहीको दायरामा आउन सक्ने पुलिसले चेतावनी दिएको छ।

वर्ष-२०; अङ्क-२७८; वि.सं. २०८३, असोज २७ गते; गान्तोक, मङ्गलवार, १३ अक्टोबर, २०२६

संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन्। अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौं। ❑ शेक्सपियर

सम्पादकीय

विपक्षी दलले अर्को लड़ाईँ

विपक्षी दल, विशेष गरी कङ्ग्रेसले मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) र मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारको विरुद्धमा फेरि एकपटक आफ्नो अभियान तीव्र बनाएको छ। उनीहरूलाई केही अन्य विपक्षी दलहरूले साथ दिइरहेका छन्। यद्यपि तीन चुनाउ आयुक्तले हालै भेटघाट गरेका छन्, जसले दुवै चुनाउ आयुक्त मुख्य चुनाउ आयुक्तको कार्यशैलीसँग असन्तुष्ट थिए भन्ने धारणालाई धेरै हदसम्म खारेज गर्दछ, विपक्षी दलहरूले यसलाई मुख्य मुद्दा मान्न हिचकिचाउँदैनन्।

विपक्षी दलहरूले एसआईआरमार्फत आफ्ना मतदाता मानिने मतदाताहरूको नाम हटाइएको प्रमाणित गर्न खोजिरहेका छन्। तिनीहरूले यो प्रमाणित गर्न धेरै प्रयास गरिरहेका छन्, तर जसको नाम मतदाता सूचीबाट जानाजानी हटाइएको छ, उनीहरूले वास्तवमा कङ्ग्रेसलाई मतदान गर्छन् भनेर व्याख्या गर्ने कुरा कसैलाई थाहा छैन।

बिहारमा यो प्रक्रिया शुरु हुने बित्तिकै एसआईआरविरुद्ध अभियान तीव्र भयो। कङ्ग्रेस र विपक्षी दलहरूले दिल्लीदेखि पटनासम्म एसआईआरविरुद्ध विरोध प्रदर्शन गरे अनि राहुल गान्धीले तेजस्वी यादवसँग बिहारमा मतदाता अधिकार यात्राको नेतृत्व पनि गरे। यद्यपि, बिहारका जनता आफ्नो मतदान अधिकार कटौती भइरहेको तथ्यबाट बेखबर रहे। बिहारमा एसआईआरविरुद्धको अभियानलाई कङ्ग्रेस नेता शकील अहमदको भनाइले अझ बढ़ावा दियो, जसमा उनले यदि ६५ लाख मतदाताको नाम गलत तरिकाले हटाइएको थियो भने किन ६५ जना पनि जीवित र वैध मतदाता भएको विरोध गर्न सड़कमा निस्किएनन्, तैपनि उनीहरूको नाम मतदाता सूचीबाट हटाइयो?

यसपछि बङ्गाल, तमिलनाडु, पुडुचेरी, केरला र असममा एसआईआर लागू गरियो। बङ्गालमा यसको विरोध भए पनि अन्य राज्यहरूमा कुनै उल्लेखनीय प्रतिक्रिया आएन। यी राज्यहरूमध्ये नवगठित पार्टी टीभीकेले तमिलनाडुमा जित्यो र केरलामा कङ्ग्रेसले जित्यो। चुनाउपछि केरला कङ्ग्रेसका वरिष्ठ नेता रमेश चेन्नितालाले भने, एसआईआर प्रक्रिया धेरै उपयोगी साबित भयो। मृतक व्यक्ति र सीपीआई(एम)-सँग सम्बन्धित नक्कली मतहरू हटाएर निष्पक्ष चुनाउ सुनिश्चित गऱ्यो। त्यसपछि जब अन्य राज्यहरूमा एसआईआर प्रक्रिया शुरु भयो र उत्तर प्रदेशमा दुई करोड़भन्दा बढ़ी मत अस्वीकृत भएका रिपोर्टहरू देखा परे। सपा प्रमुख अखिलेश यादवले यसले प्रत्येक सिटमा भाजपालाई लगभग ६१,००० मत गुमाउने बताए।

यदि एसआईआर प्रक्रियाको बारेमा कुनै प्रश्न छ भने यो बङ्गालमा छ। यहाँ ३७ लाख मानिसको मुद्दा अझै पनि तिनीहरू वैध मतदाता हुन् कि होइनन् भनेर तय गरिएको छैन। तिनीहरूको सुनवाइ सुस्त गतिमा भइरहेको छ, जुन चिन्ताको विषय हो। यद्यपि, सर्वोच्च न्यायालय जानकार छ र यस विषयमा सुनवाइ गरिरहेको छ। एसआईआर प्रक्रिया जटिल र त्रुटिहरूले भरिएको छ भन्ने कुरालाई अस्वीकार गर्न सकिँदैन। यसबाहेक, मानिसहरूलाई पुरानो विवरण र आवश्यक कागजात प्रदान गर्न कठिनाइहरूको सामना गर्नुपरिरहेको छ। यद्यपि, जनताबाट यो प्रक्रियाले मत चोरी निम्त्याउँदैछ भनेर कुनै प्रमाण छैन, किनकि विपक्षीहरू, विशेष गरी कङ्ग्रेसले यो कुरा प्रचार गरिरहेको छ।

उल्लेखनीय छ, सर्वोच्च न्यायालयले बारम्बार एसआईआरलाई समर्थन गरेको छ, तर विपक्षीहरू अझै पनि विश्वस्त छैनन्। तिनीहरू सर्वोच्च न्यायालयको कुरा सुन्न इच्छुक छैनन्। चुनाउ आयोगले मतदाता सूचीबाट हटाइएका नामहरू मृतक, विस्थापित व्यक्ति वा दुई ठाउँमा नाम दर्ता भएकाहरूको भएको दाबी गर्छ। यद्यपि, विपक्षीहरू यसलाई स्वीकार गर्न इच्छुक छैनन्। मत चोरीको नारा लगाएर जनतालाई आकर्षित गर्ने कोशिश भइरहेको छ र यसले एसआईआरविरुद्धको अभियानबाट राजनीतिक लाभ उठाउन सक्षम हुने कुराको सम्भावना कम छ। राफेल सम्झौतामा घूसखोरीको आरोप अप्रभावी साबित भएझैँ मत चोरीको नारा पनि अप्रभावी साबित हुने सम्भावना छ।

राहुल गान्धीको कुरा मान्ने हो भने २०२४ को लोकसभा चुनाउदेखि नै मत चोरी भइरहेको छ। तर यदि त्यसो हो भने, ४०० भन्दा बढ़ी सिट जित्ने वाचा गरेको भाजपाले २४० सिट मात्र जित्यो र कङ्ग्रेसले ९९ सिट मात्र जित्यो? एसआईआर विरुद्धको अभियान ईभीएमविरुद्धको अभियान जत्तिकै निरर्थक साबित हुनु कुनै आश्चर्यको कुरा होइन। वास्तवमा, यस्तो अभियानले आम जनताको समर्थन नभएको कुनै पनि राजनीतिक दललाई फाइदा पुऱ्याउन सक्दैन।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं-हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

-सम्पादक

२०३० सम्म विश्वलाई थप ५ करोड़ शिक्षक आवश्यक पर्ने युनेस्कोको अनुमान

सन् २०३० सम्म विश्वभर गुणस्तरीय शिक्षा सुनिश्चित गर्न करिब ५ करोड़ थप शिक्षक आवश्यक पर्ने अनुमान गरिएको छ। विश्व शिक्षक दिवसका अवसरमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), अन्तरराष्ट्रिय श्रम सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय बाल कोष र अन्तरराष्ट्रिय शिक्षा महासङ्घले सोमवार जारी गरेको संयुक्त सन्देशमा यस्तो प्रक्षेपण गरिएको हो। उक्त सन्देशअनुसार विश्वका सबै बालबालिकालाई प्राथमिक तथा माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्न मात्रै चार करोड़ ४० लाख थप शिक्षक आवश्यक पर्नेछ। यसबाहेक प्रारम्भिक बालशिक्षाको पहुँच विस्तार तथा गुणस्तर सुधार गर्न थप ६० लाख शिक्षक आवश्यक पर्ने अनुमान गरिएको छ। यसरी हेर्दा सन् २०३० सम्म विश्वमा कुल ५ करोड़ नयाँ शिक्षकको आवश्यकता देखिएको हो।



शिक्षकको अभाव विश्वव्यापी चुनौती

विश्वका धेरै देशमा विद्यार्थीको सङ्ख्या बढ्दै गए पनि त्यसअनुसार शिक्षकको सङ्ख्या वृद्धि हुन नसक्दा शिक्षा क्षेत्रमा ठूलो चुनौती देखिएको छ। विशेषगरी विकासोन्मुख तथा न्यून आय भएका देशमा योग्य शिक्षकको अभाव अझ गम्भीर रहेको छ। शिक्षकको अभावले विद्यार्थी र शिक्षकबीचको अनुपातमा असर पार्नुका साथै कक्षाकोठामा व्यक्तिगत ध्यान, सिकाइको गुणस्तर र शैक्षिक उपलब्धिमा समेत प्रभाव पार्न सक्छ।

त्यसैले आगामी वर्षहरूमा नयाँ शिक्षक नियुक्त गर्नुका साथै उनीहरूलाई आवश्यक तालिम, उचित पारिश्रमिक र सुरक्षित तथा सम्मानजनक कार्य वातावरण उपलब्ध गराउनु आवश्यक रहेको अन्तरराष्ट्रिय संस्थाहरूले जोड़ दिएका छन्।

अनुभवी शिक्षकलाई पेसामा टिकाइराख्नुपर्ने

संयुक्त सन्देशमा नयाँ शिक्षक भर्ती गर्नु मात्रै पर्याप्त नहुने उल्लेख गरिएको छ। लामो समयदेखि शिक्षण पेसामा रहेका अनुभवी शिक्षकलाई पेसामै टिकाइराख्नु पनि उत्तिकै महत्वपूर्ण रहेको बताइएको छ। शिक्षकले आफ्नो पेसालाई सम्मानजनक र दीर्घकालीन करियरका रूपमा अनुभव गर्न सक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड़ दिइएको छ। उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल, व्यावसायिक विकासका अवसर, पदोन्नतिको सम्भावना र निर्णय प्रक्रियामा सहभागिताजस्ता विषयले शिक्षकलाई पेसामा टिकाइराख्न महत्वपूर्ण भूमिका खेल्ने जनाइएको छ।

महिला शिक्षकलाई नेतृत्वमा अवसर

विश्वव्यापी शिक्षा प्रणालीमा महिला शिक्षकको सहभागिता महत्वपूर्ण भए पनि नेतृत्वदायी पदमा उनीहरूको प्रतिनिधित्व अझै पर्याप्त नभएकोतर्फ पनि संयुक्त सन्देशले ध्यानाकर्षण गराएको छ। महिला शिक्षकलाई विद्यालय तथा शिक्षा प्रशासनका नेतृत्वदायी भूमिकामा पुग्ने समान अवसर उपलब्ध गराउनुपर्नेमा जोड़ दिइएको छ। नेतृत्वमा महिलाको सहभागिता बढाउँदा शिक्षा क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन हुनुका साथै विद्यालय व्यवस्थापन र शैक्षिक नीतिनिर्माणमा विविध दृष्टिकोण समेट्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

शिक्षण पेसालाई आकर्षक बनाउनुपर्ने

शिक्षकको विश्वव्यापी माग पूरा गर्न शिक्षण पेसालाई युवाका लागि आकर्षक बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ। योग्य जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्न प्रतिस्पर्धात्मक पारिश्रमिक, राम्रो कार्य वातावरण, सामाजिक सम्मान र निरन्तर सिकाइका अवसर आवश्यक रहेको सन्देशमा उल्लेख गरिएको छ। त्यसैगरी, शिक्षकलाई केवल पाठ पढ़ाउने व्यक्तिका रूपमा नभई विद्यार्थीको बौद्धिक, सामाजिक र भावनात्मक विकासमा महत्वपूर्ण भूमिका खेल्ने पेशेवरका रूपमा सम्मान गर्नुपर्नेमा जोड़ दिइएको छ।

शिक्षक दिवसको ऐतिहासिक महत्व

हरेक वर्ष अक्टोबर ५ मा विश्व शिक्षक दिवस मनाइन्छ। विश्वभर शिक्षकले शिक्षा क्षेत्रमा पुआयाएको योगदानको सम्मान गर्नुका साथै शिक्षकका अधिकार, जिम्मेवारी र उनीहरूले सामना गरिरहेका चुनौतीबारे जनचेतना फैलाउने उद्देश्यले यो दिवस मनाइन्छ। यस वर्षको विश्व शिक्षक दिवसको अवसरमा शिक्षकको हैसियतसम्बन्धी महत्वपूर्ण अन्तरराष्ट्रिय सिफारिसपत्र स्वीकृत भएको ६० वर्ष पूरा भएको विषयलाई समेत स्मरण गरिएको छ। उक्त सिफारिसपत्रले शिक्षकका अधिकार तथा जिम्मेवारी, शिक्षकको प्रारम्भिक तयारी तथा थप शिक्षा, नियुक्ति प्रक्रिया, रोजगारीका अवस्था र शिक्षण तथा सिकाइको वातावरणसम्बन्धी महत्वपूर्ण मापदण्ड तय गरेको थियो।

शिक्षाको भविष्य शिक्षकमा निर्भर

विश्वमा सबै बालबालिकालाई समान र गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य हासिल गर्न पर्याप्त सङ्ख्यामा दक्ष शिक्षक आवश्यक पर्ने देखिएको छ। शिक्षकको सङ्ख्या बढ़ाउनुका साथै उनीहरूको क्षमता विकास, पेसागत सुरक्षा र सम्मान सुनिश्चित गर्नु पनि उत्तिकै महत्वपूर्ण हुने अन्तरराष्ट्रिय संस्थाहरूको निष्कर्ष छ। सन् २०३० सम्म थप ५ करोड़ शिक्षकको आवश्यकता पर्ने प्रक्षेपणले विश्व शिक्षा प्रणालीसामु रहेको ठूलो चुनौतीलाई उजागर गरेको छ। यस चुनौतीलाई सम्बोधन गर्न सरकार, शैक्षिक संस्था, शिक्षक सङ्गठन तथा अन्तरराष्ट्रिय समुदायबीच सहकार्य आवश्यक देखिएको छ। गुणस्तरीय शिक्षक बिना गुणस्तरीय शिक्षा सम्भव नहुने भएकाले आगामी वर्षहरूमा शिक्षक उत्पादन, नियुक्ति, तालिम, पारिश्रमिक र पेसागत विकासमा पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता यस प्रक्षेपणले स्पष्ट पारेको छ।■

ऐतिहासिक सङ्कटमा फ्रान्स

२०२४ यता परिवारको औसत वार्षिक क्रयशक्ति १,२०० युरोले घट्यो

गताङ्कको रहल...

सन् १९६० देखि फ्रान्सको राष्ट्रिय तथ्याङ्क तथा आर्थिक अध्ययन संस्थान (आईएनएसईई)ले तथ्याङ्क राख्न थालेयता लगातार दुई वर्ष क्रयशक्ति घटेको अवस्था यसअघि दुईपटक मात्र देखिएको थियो। सन् १९८३-८४ मा तत्कालीन राष्ट्रपति फ्राँस्वा मितराँको कार्यकालमा लागू गरिएको मितव्ययिता नीतिका बेला पहिलोपटक यस्तो भएको थियो। दोस्रोपटक विश्वव्यापी वित्तीय सङ्कटपछि २०१०-२०१३ बीच यस्तो अवस्था आएको थियो। यस अर्थमा अहिलेको अवस्था फ्रान्सको क्रयशक्ति सङ्कटको तेस्रो ऐतिहासिक चरणका रूपमा देखिएको छ।

'निकै कठिन अवस्थामा पुगेका छौँ'

फ्रान्सेली अर्थतन्त्रसम्बन्धी संस्थानका अर्थशास्त्री म्याथ्यु प्लानले अहिलेको अवस्था निकै कठिन भएको बताएका छन्। संस्थानको गणनाअनुसार सन् २०२४ यता क्रयशक्तिमा आएको गिरावट दुई वयस्क र दुई बालबालिका भएको परिवारका लागि मुद्रास्फीति समायोजनपछि वास्तविक अर्थमा वार्षिक करिब १,२०० युरो बराबर छ। एक वयस्कका लागि यस्तो कमी करिब ६०० युरो हुने अनुमान छ। अर्थशास्त्री राउल साम्पोनारोका अनुसार अहिलेको नकारात्मक प्रवृत्ति विगतका दुई सङ्कटभन्दा बढ़ी पीड़ादायी हुन सक्छ। सन् १९८० को दशकको शुरुवातमा क्रयशक्ति घट्नुअघि फ्रान्सले लामो समय तीव्र रूपमा क्रयशक्ति वृद्धि भएको थियो। अहिले त्यस्तो आर्थिक आधार छैन। उच्च सार्वजनिक ऋणका कारण सरकारले परिवारलाई थप आर्थिक सहायता दिएर क्रयशक्ति जोगाउने क्षमता पनि सीमित भएको छ। एकातिर महँगी कायम छ भने अर्कोतिर सरकारले बजेट घाटा घटाउने लक्ष्य लिएको छ।

महँगी बढ्यो, तलबले पछ्याउन सकेन

अहिलेको सङ्कटको मुख्य कारण सन् २०२१ को अन्त्यदेखि तीव्र बनेको मुद्रास्फीति हो। सन् २०१९ यता फ्रान्समा मूल्य २१.३ प्रतिशत बढ़ेको छ भने तलब १८.७ प्रतिशत मात्र बढ़ेको छ। अर्थात् मूल्यवृद्धिको तुलनामा तलबको वृद्धि कम भएकाले वास्तविक तलब घटेको हो। कोभिड-१९ महामारीपछि विश्वव्यापी आपूर्ति शृङ्खलामा आएको अवरोध तथा युक्रेन युद्धपछि ग्यास र ऊर्जाको मूल्यमा भएको वृद्धिले मुद्रास्फीतिलाई थप तीव्र बनाएको थियो। तर तलबले मूल्यवृद्धिको गति पछ्याउन सकेन। साम्पोनारोका अनुसार सन् २०१९ को चौथो त्रैमासिकको तुलनामा फ्रान्सेली श्रमिकको वास्तविक तलब अहिले पनि २ प्रतिशतभन्दा बढ़ी कम छ। आईएनएसईईका अनुसार सन् १९८३-८५ पछि वास्तविक तलबमा यस्तो गिरावट असाधारण हो।

पश्चिमी अर्थतन्त्रमा पनि दबाब

आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसिडि) का स्टेफान कार्सिलोका अनुसार वास्तविक तलबमा आएको गिरावट फ्रान्समा मात्र सीमित छैन। सन् २०२१ यता इटालीमा वास्तविक तलब करिब ६ प्रतिशत, स्विडेन र अस्ट्रेलियामा ५ प्रतिशत, स्पेनमा २ प्रतिशत तथा अमेरिकामा करिब १.५ प्रतिशत घटेको छ। युरोजोनमा पनि वास्तविक तलबमा गिरावट आएको छ। यी तथ्याङ्क मुख्यतः सन् २०२६ को पहिलो त्रैमासिकसम्मका भएकाले पछिल्लो समय मध्यपूर्वको युद्ध र इन्धन मूल्यवृद्धिको प्रभाव भने पूर्ण रूपमा समेटिएको छैन। फ्रान्सका लागि यो परिवर्तन विशेष महत्वको छ। सन् १९८० को दशकमा वास्तविक तलब औसत १.५ प्रतिशत, १९९० को दशकमा २.२ प्रतिशत, २००० को दशकमा १.६ प्रतिशत र २०१० को दशकमा १.२ प्रतिशत वार्षिक दरले बढ़ेको थियो। सन् २०२४ सम्म रोजगारी वृद्धि भने केही सहारा बनेको थियो। कम वास्तविक तलब भए पनि बढ़ी मानिस रोजगारीमा पुगेका कारण सन् २०१९ यता देशभरको कुल तलब आम्दानी करिब ४ प्रतिशत बढ़ेको थियो। तर बेरोजगारी दर सन् २०२३ को शुरुवातमा ७.२ प्रतिशतबाट बढ़ेर अहिले ८.३ प्रतिशत पुगेको छ।

> **"महामारीअघि करिब १५ प्रतिशत रहेको घरपरिवारको बचत दर १८ प्रतिशतभन्दा माथि पुगेको थियो। अहिले केही घटे पनि १७.३ प्रतिशतमा कायम छ। उपभोक्ताले सस्ता 'स्टोर ब्रान्ड'का सामान रोज्ने र छुट तथा विशेष अफर खोज्ने प्रवृत्ति बढ़ाएका छन्। केही वस्तुमा स्टोर ब्रान्डको हिस्सा ४५ प्रतिशतसम्म पुगेको छ। खाद्यान्न र ऊर्जाको मूल्यवृद्धिको असर तत्कालै महसुस भएकाले कतिपय परिवारले खानामै खर्च कटौती गर्न थालेका छन्।"**

सामाजिक सुरक्षाको सहारा कमजोर

फ्रान्समा सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमले यसअघि क्रयशक्ति जोगाउन महत्वपूर्ण भूमिका खेलेका थिए। पेन्सनलाई मुद्रास्फीतिसँग समायोजन गर्ने व्यवस्था, प्राथमिक आवास कर हटाउने निर्णय, सन् २०२२ मा टेलिभिजन लाइसेन्स शुल्क खारेजी तथा 'येलो भेस्ट' आन्दोलनपछि न्यून आय भएका श्रमिकलाई दिइने 'प्राइम द अक्टिभिटे' बढ़ाउनेलगायतका कदमले परिवारलाई राहत दिएका थिए। कोभिड महामारीका बेला सरकारले रोजगारी र परिवारलाई ठूलो आर्थिक सहायता दिएको थियो। त्यसले पनि आम्दानी र उपभोग जोगाउन मद्दत गऱ्यो। तर अहिले सार्वजनिक बजेटमा दबाब बढ़ेकाले यस्ता कार्यक्रमलाई पहिलेकै स्तरमा कायम राख्न कठिन हुँदै गएको छ। सन् २०२७ को बजेटमा उच्च पेन्सन र केही सामाजिक सुविधालाई मुद्रास्फीतिको दरअनुसार नबढ़ाउने विकल्पसमेत विचार भइरहेको छ।

सम्पत्तिबाट आउने आम्दानी पनि घट्यो

क्रयशक्ति टिकाइराख्ने अर्को आधार सम्पत्तिबाट प्राप्त आम्दानी थियो। विशेषगरी उच्च आय भएका परिवारले सेयर बजारको वृद्धि र लाभांशबाट फाइदा पाएका थिए। सन् २०२४ मा यो प्रभाव विशेष उल्लेखनीय रह्यो। नयाँ अतिरिक्त कर लागू हुनुअघि केही कम्पनी तथा लगानीकर्ताले लाभांश अगाड़ि नै लिएकाले त्यस वर्ष सम्पत्तिबाट आएको आम्दानीले घरपरिवारको कुल क्रयशक्ति वृद्धिको करिब आधा हिस्सा धानेको थियो। तर सन् २०२५ मा लाभांश घटेपछि यो सहारा कमजोर भयो। सन् २०२६ मा पनि सम्पत्तिबाट आउने आम्दानीले क्रयशक्तिमा ठूलो सुधार ल्याउने अपेक्षा छैन।

तल्लो मध्यम वर्ग बढ़ी प्रभावित

महँगीको असर सबै परिवारमा समान छैन। कम आय भएका परिवारलाई मुद्रास्फीतिअनुसार समायोजन हुने न्यूनतम पारिश्रमिकले केही सुरक्षा दिएको छ। उच्च आय भएका परिवारले सेयर बजार र सम्पत्तिबाट लाभ लिएका छन्। तर मध्यम तलब आसपास आम्दानी गर्ने तल्लो मध्यम वर्ग बढ़ी प्रभावित भएको विश्लेषणले देखाएको छ। आईएनएसईईले अध्ययन गर्ने ३४३ पेशामध्ये सन् २०१९ देखि २०२४ सम्म २२२ पेशामा तलब घटेको पाइएको छ। सूचना, कला तथा मनोरञ्जन क्षेत्रका पेशामा तलब करिब ७ प्रतिशत, माध्यमिक शिक्षकको वास्तविक तलब ५ प्रतिशतभन्दा बढ़ी र इञ्जीनियर तथा प्राविधिक व्यवस्थापकको तलब ४ प्रतिशतभन्दा बढ़ी घटेको छ। प्रशासनिक तथा व्यावसायिक मध्यम तहका कर्मचारीको तलब पनि ३.३ प्रतिशत घटेको छ।

ग्रामीण परिवारमा थप दबाब

महँगीको असर बसोबासको स्थानअनुसार पनि फरक छ। पेरिस तथा ठूला शहरका साना अपार्टमेन्टमा बस्ने परिवारको तुलनामा उपनगरीय तथा ग्रामीण क्षेत्रका परिवार बढ़ी प्रभावित भएका छन्। काम, शिक्षा र दैनिक आवश्यकताका लागि कारमा निर्भर परिवारले इन्धनको मूल्यवृद्धि प्रत्यक्ष रूपमा बेहोर्नुपरेको छ। ठूला घर तताउनुपर्ने परिवारको ऊर्जा खर्च पनि बढ़ेको छ। त्यसैले मध्यम तथा कम आम्दानी भएका उपनगरीय परिवार अहिले बढ़ी दबाबमा छन्।

बचत बढ्यो, उपभोगमा कटौती

क्रयशक्ति घटेपछि परिवारले बचत घटाएर खर्च बढ़ाउने अपेक्षा गरिए पनि उल्टो प्रवृत्ति देखिएको छ। महामारीअघि करिब १५ प्रतिशत रहेको घरपरिवारको बचत दर १८ प्रतिशतभन्दा माथि पुगेको थियो। अहिले केही घटे पनि १७.३ प्रतिशतमा कायम छ। उपभोक्ताले सस्ता 'स्टोर ब्रान्ड'का सामान रोज्ने र छुट तथा विशेष अफर खोज्ने प्रवृत्ति बढ़ाएका छन्। केही वस्तुमा स्टोर ब्रान्डको हिस्सा ४५ प्रतिशतसम्म पुगेको छ। खाद्यान्न र ऊर्जाको मूल्यवृद्धिको असर तत्कालै महसुस भएकाले कतिपय परिवारले खानामै खर्च कटौती गर्न थालेका छन्। केही वयस्कले बालबालिकाको खानामा कमी नहोस् भनेर आफ्नो खाना घटाउने वा दिउँसोको खाना नै छाड्ने अवस्थासमेत देखिएको अध्ययनमा उल्लेख छ। तर मनोरञ्जन र फुर्सदमा खर्च गर्ने चाहना भने पूर्ण रूपमा हराएको छैन। धेरै उपभोक्ताले दैनिक खरिदमा कटौती गरेर आफूलाई विशेष आनन्द दिने खर्चका लागि पैसा बचाउने गरेका छन्। यदि सन् २०२७ मा पनि क्रयशक्ति घट्यो भने फ्रान्सेली परिवारले लगातार तेस्रो वर्ष वास्तविक क्रयशक्ति गुमाउनेछन्। उच्च महँगी, घट्दो वास्तविक तलब, बढ्दो बेरोजगारी, कमजोर हुँदै गएको सामाजिक सुरक्षा र सीमित सरकारी बजेट क्षमताले फ्रान्सेली परिवारमाथिको आर्थिक दबाब अझ चर्को बनाउने देखिन्छ।■

एक कलाकार, जसले आफ्नो गायकीबाट हिंसामा जलेको राज्यलाई बनाए शान्त

देशमा जब भयानक सङ्कट र चरम निराशा छाउँछ, तब एउटा कलाकारले के गर्न सक्छ? के उसले आफ्नो कलाको माध्यामबाट उत्साह र आशाको बहार ल्याउन सक्छ? के उसले समाजलाई सकारात्मक दिशामा मोड्न सक्छ?

जुबिन गर्गको कथाले भन्छ, सक्छ।

उनी पूर्वोत्तर राज्य असमको धरातलमा उभिएका कलाकार थिए, जसले हिंसाको आगोमा जलिरहेको समाजलाई शान्त तुल्याए। उमङ्गका भाकाहरू सुनाए। प्रेरणाका कथाहरू सुनाए। जनताको घर–घरमा बसे, मन–मनमा बसे।

यस्तो भयो, जब उनको अप्रत्याशित निधनको खबर आयो पूरै असम राज्य शोकमा डुब्यो। तीन दिनसम्म सबै कार्यालय बन्द गरिए। शोकसभामा सर्वसाधरणको भीड उर्लियो। यस्तो कोही भएन, जसले आँसु नझारेको होस्।

जुबिनले कसरी सर्वसाधरणको यति अथाह माया पाए? चर्चित युट्युबर ध्रुब राठीले यसैबारे एक सामाग्री पेश गरेका छन्, युट्युबमा। यहाँ त्यसैको सम्पादित अंश राखिएको छ।

...

एउटा यस्तो देश, जहाँ धेरैजसो बलिवुड सेलिब्रिटी सत्ता र पैसाको गुलाम हुन्छन्, त्यहाँ यस्ता थोरै स्टार छन्, जसमा प्रणालीविरुद्धमा उभिने हिम्मत मात्र होइन, विद्रोह गर्ने साहस पनि हुन्छ।

उनलाई अन्तर्वार्तामा सोधियो, ''तिमीमा यति धेरै कटुता किन छ?''

जुबिनको जवाफ यस्तो थियो, ''किनभने म विद्रोही हुँ, म लड़ाकु हुँ।''

जुबिन गर्ग वास्तवमै एक विद्रोही थिए।

असममा १९ सेप्टेम्बर, २०२५ को दिन इतिहासमा सधैँका लागि अङ्कित भएको छ। त्यो दिन, समुद्रको छालले एक जीवन मात्र खोसेन, तर सम्पूर्ण पुस्ताको आवाजलाई पनि खोस्यो। जुबिन गर्गको नाम हरेक बाटो, कुनाकानी, उत्सव र हरेक धड्कनमा जोड़िएको थियो।

जब जुबिन गर्गको मृत्युको खबर फैलियो, असम ठप्प भयो। कलेजका विद्यार्थीदेखि लिएर सुरक्षाकर्मी, सामाजिक सञ्जाल प्रयोगकर्तादेखि कार्यालय जाने कर्मचारी, कसैले पनि आफ्नो आँसु रोक्न सकेनन्।

कार्यालयहरू बन्द भए। सरकारले तीन दिनको आधिकारिक शोक घोषणा गऱ्यो। जब जुबिनको शव असम पुग्यो, लाखौँ मानिस उनको अन्तिम दर्शनका लागि सड़कमा उत्रिए।

२३ सेप्टेम्बरमा उनको अन्तिम संस्कारको दिन भारतमा कहिल्यै नदेखिएको रेकर्ड तोड्ने भीड़ देखियो। किन? किन एक गायकको मृत्युले सम्पूर्ण राज्य ठप्प भयो?

किनभने जुबिन केवल एक गायक थिएनन्।

जुबिन गर्गको कथा

१९९० को दशकको शुरुतिर।

जुबिन गर्गले सङ्गीतको संसारमा त्यसबेला पाइला राखे, जब असममा युनाइटेड लिबरेसन फ्रन्ट अफ् असम (उल्फा) नामक सङ्गठन आफ्नो चरम अवस्थामा थियो। एउटा सिङ्गो पुस्ताले हतियार उठाएका थिए, छुटै देशको माग गर्दै।

हिंसा, उपद्रो, बदला, दण्डहीनता उत्कर्षमा थियो। सर्वसाधरण गहिरो निराशा र त्रासमा थिए। ठीक यही पृष्ठभूमिमा जुबिनको पहिलो एल्बम रिलिज भयो, अनामिका।

यो एल्बमले सर्वसाधरणमा नयाँ आशा जगायो। उनको प्रेम, निराशा र आशाका भाकाहरूले हिंसाबीच ताजा हावाको बहार ल्यायो। अनामिका असमको पहिलो रक एल्बम थियो, जसले रिलिज भएलगत्तै तहल्का मच्चायो। जुबिन रातारात स्टार बने।

त्यसपछि उनले एकपछि अर्को हिट गीतहरू दिए। उनका गीतले सर्वधारण विशेषगरी युवाहरूलाई मोहित बनायो। जताततै उनका गीतहरू गुञ्जिन थाल्यो। यी गीतहरूले निराशाबीच पनि आफ्नो भूमि र संस्कृतिप्रति प्रेमभाव जगाउन प्रेरित गऱ्यो।

उनी यस्ता गायक थिए, जसले असमका विरोधाभास, असुरक्षा र सांस्कृतिक गर्वलाई आफ्ना गीतमार्फत व्यक्त गरे। उनको गीतमा राजनीतिक विद्रोह र सांस्कृतिक गर्व थियो। उनको सङ्गीतको जरा असमको माटो, नदी र संस्कृतिमा गाड़िएको थियो। उनको गीतले वैश्वीकरण र आप्रवासको दबाउमा सङ्घर्ष गरिरहेको पुस्तालाई सांस्कृतिक र राजनीतिक आत्मविश्वास प्रदान गऱ्यो।

सन् २००० सम्ममा जुबिन असमका लागि एक आइकन बनिसकेका थिए। उनको तस्वीर असमभरि देखिन्थ्यो र उनका गीतहरू सर्वत्र सुनिन्थे।

बलिवुडमा प्रवेश

जुबिन मुम्बई गएर बलिवुडमा काम गर्न थाले। सन् २००६ मा चलचित्र ग्याङ्गस्टर को गीत 'या अली'–ले उनलाई देशभरि चर्चित बनायो। तर, सबैभन्दा रोचक कुरा, जब उनी बलिवुडमा आफ्नो करियरको शिखरमा थिए, मुम्बई छोड़ेर असम फर्किए।

एक अन्तर्वार्तामा उनले भनेका थिए, ''बलिवुडमा दृष्टिकोणको समस्या छ। असममा मलाई राजाको जस्तो व्यवहार गरिन्छ र एक राजाले आफ्नो राज्य कहिल्यै छोड्नु हुँदैन।''

जुबिनले ४० भन्दा बढ़ी भाषामा ३८ हजारभन्दा बढ़ी गीत रेकर्ड गरे, जसमा असमेली, हिन्दी, तेलुगू, तमिल, मलयालम, नेपाली, भोजपुरी, बङ्गाली र पूर्वोत्तरका लगभग सबै भाषा समावेश छन्। उनी १२ वटा वाद्ययन्त्र बजाउन सक्थे।

> “बलिवुडमा दृष्टिकोणको समस्या छ। असममा मलाई राजाको जस्तो व्यवहार गरिन्छ र एक राजाले आफ्नो राज्य कहिल्यै छोड्नु हुँदैन।”

तर दुःखको कुरा, यति धेरै प्रतिभा र यति धेरै गीत रेकर्ड गर्दा पनि उनलाई पर्याप्त पारिश्रमिक दिइएन। उनका प्रबन्धक सिद्धार्थ शर्माले खुलासा गरेका छन्, ''उनले रेकर्ड गरेका ३८ हजार गीतको अधिकार प्रोडक्सन हाउस र सङ्गीत कम्पनीहरूसँग छ। जुबिनले केवल एकपटकको रेकर्डिङ शुल्क मात्र

प्राप्त गरे। सङ्गीत कम्पनीहरूले उनका धेरै शोषण गरे।''

जुबिनलाई विशेष बनाउने कुरा

जुबिनको लोकप्रियता उनको सङ्गीतमात्र होइन, आज हरेक असमका व्यक्तिको जुबिनसँग कुनै न कुनै कथा छ। उनीसँग तस्वीरहरू छन् किनभने जुबिन जनताका लागि, जनतामाझ बाँचे।

कहिलेकाहीँ उनी सड़कमा मजदुरहरूसँग बसेर खाना खान्थे। कहिलेकाहीँ तरकारी बेच्ने र रिक्सा चालकहरूलाई सहयोग गर्थे। उनले हरेक सङ्कटमा आफ्ना जनताको साथ दिए।

उनले विभिन्न सामाजिक कार्यमा धेरै दान गरे र हजारौँ परिवारलाई सहयोग गरे।

उनको स्टुडियो र घरबाहिर हरेक दिन मानिसहरू सहयोग माग्न आउँथे। उनले कहिल्यै कसैलाई खाली हात फर्काएनन्। विवाह, अन्त्येष्टि, उपचार, स्कूल वा कलेजको शुल्कका लागि जुबिनले जसरी सक्थे, सहयोग गर्थे।

असममा बाढ़ी आउँदा, जुबिन प्रभावित क्षेत्रमा गएर मानिसहरूलाई सहयोग गर्थे। उनले कपडा, औषधि र आर्थिक सहायता सङ्कलन गरेर वितरण गर्थे। कोभिड महामारीको समयमा अस्पतालको बेड अभाव हुँदा उनले आफ्नो गुवाहाटीस्थित दुईतले घरलाई कोभिड केयर सेण्टरमा परिणत गर्ने प्रस्ताव राखे।

जुबिनले १५ जना विपन्न बालकबालिकालाई पालनपोषण गरिरहेका थिए। तीमध्ये एक काजली थिइन्। एकपटक, कामबाट फर्किँदै गर्दा उनले काजलीलाई देखे, जसलाई घरेलु कामदारको रूपमा राखिएको थियो र निरन्तर दुर्व्यवहार गरिन्थ्यो। उनले काजलीलाई उद्धार मात्र गरेनन् उनलाई आफैले पालनपोषण गरे र अदालतमा कानुनी लड़ाइँ लडेर जिते।

किनभने उनले विपन्नहरूलाई सहयोग गरे र जनताको आवश्यकतामा साथ दिए। जुबिन धेरैका लागि वास्तविक जीवनका नायक थिए।

विद्रोही स्वभाव

जुबिन एक विद्रोही थिए, जसले सत्तामा रहेकाहरूलाई प्रश्न गर्थे, चाहे ती राजनीतिक होऊन् वा धार्मिक व्यक्तित्व।

उनले सधैँ स्वतन्त्र र इमानदारीपूर्वक बोले। उनी कसैसँग डराउँदैनथे। उनले कुनै मन्त्री वा राजनीतिज्ञको विरोध गर्न हिचकिचाएनन्। बरु, उनले तिनीहरूलाई प्रत्यक्ष चुनौती दिए।

उनले सार्वजनिक रूपमा भने कि, ''असमका सबै मन्त्री र नेताहरू भ्रष्ट छन्, चाहे ती कुनै पनि पार्टीका होऊन्।''

आफूलाई नास्तिक भन्ने जुबिनले भने, ''मेरो कुनै जात, धर्म वा भगवान् छैनन्। म स्वतन्त्र छु।'' ब्राह्मण परिवारमा जन्मिए पनि उनले खुल्लमखुल्ला जात प्रथा र सामाजिक भेदभावको विरोध गरे। उनले १२ कक्षामा पढ्दा ब्राह्मण पहिचानबाट आफूलाई टाढ़ा राखे।

सन् २०१८ मा जब बलिवुड अभिनेता गोविन्दा गुवाहाटीको माँ कामाख्या मन्दिरमा भैँसीको बलि चढ़ाउन गए, जुबिनले त्यसको विरोध गरे। उनले भने, ''कुनै पनि भगवानले जनावरको रगत माग्दैन। धर्मको नाममा पशु बलि बन्द गर्नुपर्छ।'' उनले त गोविन्दालाई माँ कामाख्यालाई खुशी पार्न चाहन्छन् भने आफैँलाई बलि चढ़ाउनुपर्छसम्म भने।

जुबिनले असम, असमेली भाषा र संस्कृतिलाई माया गर्थे। तर पनि, उनी सङ्कीर्णतावादी थिएनन्। सन् २०१३ मा उल्फाको एक समूहले असमका गायकहरूलाई बिहे उत्सवमा हिन्दी गीत गाउन निषेध गरेको थियो, किनभने तिनीहरू 'भारतीय संस्कृतिको नकारात्मक प्रभाव'–बाट असमेली संस्कृतिको रक्षा गर्न चाहन्थे।

जुबिन एकमात्र गायक थिए, जसले उल्फाको विरोध गरे। उनले तिनीहरूको अधिकारलाई मान्यता दिएनन्, न त तिनीहरूको वास्ता गरे। उनले भने, ''सङ्गीतको कुनै भाषा हुँदैन।'' उनले अल्फालाई चुनौती दिँदै भने, ''हिन्दी गीतले असमको संस्कृति नष्ट गर्छ भन्ने कुरा पुरातन र बकवास हो।''

जुबिनले हार मानेनन् र बिहुमा हिन्दी गीत गाए। त्यसैले उल्फाले उनलाई गोली हान्ने धम्की दियो। धेरैजसो बलिवुड सेलिब्रिटीहरू बहिष्कारको सानो कुराबाट डराउँछन्। तर, जब अल्फा जस्तो उग्रवादी सङ्गठनले जुबिनलाई मार्ने धम्की दियो, उनी अविचलित रहे।

जब असम सरकारले उनलाई सुरक्षा प्रदान गऱ्यो, शुरुमा उनले कुनै पनि सुरक्षा लिन अस्वीकार गरे। उनको साहसका कारण उनीसँग असहमत हुनेहरू पनि

उनलाई मन पराउँथे।

उल्फाले पछि उनलाई आफ्नो भाइ जस्तै भएको बताए। उनको मृत्युपछि उल्फाले पनि उनलाई श्रद्धाञ्जली दियो।

जनताको साथमा जुबिन

जुबिनले कुनै पनि सरकारको आलोचना गर्न हिचकिचाएनन्, जसले उनको जनताको सहयोग गर्दैनथे। जब मोदी सरकारले नागरिकता संशोधन ऐन लागू गऱ्यो, असमका जनताले यो चाहँदैनथे। जुबिनले एक कलाकारको रूपमा आफ्नो जिम्मेवारीबाट पछि हटेनन्। बरु, उनले यसको नेतृत्व गरे।

उनले आफू जिउँदो रहेसम्म यो लागू हुन नदिने वाचा गरे। उनले 'साथी, राजनीति नगर्नु' गीत गाए, जुन असममा नागरिकता संशोधन ऐन विरोधी प्रदर्शनको गान बन्यो।

जनतामा कुनै विभाजन नहोस् र प्रदर्शनकारीहरूको आवाज बुलन्द होस् भनी उनले AssamAgainstCAA=in वेबसाइट शुरु गरे। प्रदर्शनको क्रममा उनले हिंसा हुनुहुँदैन भनेर स्पष्ट गरे। उनले सरकारले प्रदर्शनकारीहरूमाथि गरेको हिंसाको विरोध गरे र सरकारलाई असमका जनताको पीड़ाप्रति सहानुभूति राख्न आग्रह गरे।

सन् २०२४ सम्म जुबिनले विरोध जारी राखे। उनले यो कानून खारेज नभएसम्म विरोध जारी राख्ने बताए।

जुबिनले पर्यावरणबारे पनि सक्रिय रूपमा बोले। सन् २०२४ मा जब भाजपा सरकारले गुवाहाटीमा फ्लाइओभर बनाउन रुखहरू काट्न चाहन्थ्यो, जुबिनले स्थानीयसँग मिलेर त्यसको विरोध गरे। उनले भने, ''विकासको नाममा रुखहरूको बलिदान स्वीकार्य छैन, चाहे कुनै पनि पार्टीले यो चाहोस्।''

उनले प्रधानमन्त्री मोदी र मुख्यमन्त्री हिमन्त विश्व सरमालाई चेताउनी दिँदै भने, ''यदि रुखहरू काटियो भने क्रान्ति शुरु गर्नेछु।'' उनले भने, ''यदि सरकार रुखहरू काट्नमा अड़िग छ भने पहिला मलाई काट्नुपर्छ।'' यस विरोधका कारण, भाजपा सरकारले रुखहरू काट्ने योजना त्याग्नुपऱ्यो।

जुबिनको प्रेरणा

यो कुराले के देखाउँछ भने एक सेलिब्रिटीले अन्यायको विरुद्धमा बोल्न चाहन्छ, त्यसले कति फरक पार्छ। तर दुःखको कुरा, हाम्रो देशका धेरैजसो सेलिब्रिटीहरू सधैँ सत्ताको पक्षमा उभिन्छन्, जनताको होइन। अझ धेरैजसो विवादमा परिन्छ भन्ने डरले मौन बस्छन्।

जुबिन यस्ता थोरै सेलिब्रिटीमध्ये एक थिए, जो जनताको साथमा उभिए र सत्तासमक्ष झुकेनन्। यही कारणले लाखौँ मानिस सड़कमा जुबिनको साथमा उभिए किनभने उनले साँचो सम्मान र स्नेह प्रेरित गरे। तर, सत्ता र पैसाको लोभमा झुक्ने, हानिकारक पदार्थहरूको प्रचार गर्ने र सरकारको ट्रोल बन्ने सेलिब्रिटीहरूलाई वर्षौँपछि कसले सम्झनेछ? के मानिसहरूले उनीहरूलाई साँच्चै सम्मान गर्छन्?

जुबिन यस्तै थिए, जहाँ राजनीतिले मानिसहरूलाई विभाजित गर्छ, जुबिनले असमलाई एकजुट गरे।

पछिल्ला केही वर्षमा असमको राजनीति खस्किएको छ। हरेक ठाउँमा घृणा छ। तर पनि, जुबिनको मृत्युले असमलाई फेरि एकजुट गरेको छ। हरेक जात, पन्थ र धर्मका मानिसहरू उनलाई बिदाइ गर्न एकसाथ आए। किनभने जुबिन जनताका थिए। एक सच्चा कलाकार।

उस्ताद अमजद अली खान : जसले सरोद चिनाए, सरोदले उनलाई चिनायो

''दुनियासँग हाम्रो सम्बन्ध केवल सङ्गीतको माध्यमबाट स्थापित भएको हो। हामीले शब्दहरू प्रयोग गरेनौँ। सङ्गीत माथि (ईश्वर)–बाट प्राप्त भएको एक अमूल्य उपहार हो, जसले दुनियाँलाई आपसमा जोडेको छ।''

यी शब्दहरू प्रसिद्ध सरोदवादक उस्ताद अमजद अली खानका हुन्। ग्वालियरमा जन्मेका उनको परिवार नै सङ्गीतमा संलग्न थियो। त्यसो हुनाले बाल्यकालदेखि नै उनको सङ्गीत यात्रा पनि शुरु भयो।

उनको परिवारसँग १८औँ शताब्दीदेखि सङ्गीतको नाता रहेको छ। सरोद बजाउने उनी आफ्नो परिवारको छैटौँ पुस्ता हुन्। उनले १२ वर्ष नपुग्दै एकल सरोदवादनको पहिलो सार्वजनिक प्रदर्शन दिइसकेका थिए। उनलाई पद्मश्री (१९७५), पद्म भूषण (१९९१) र पद्म विभूषण (२००१) लगायतका पुरस्कारहरूबाट सम्मान गरिसकिएको छ।

पिताबाट सिके सरोद

उस्ताद अमजद अली खानले आफ्ना पिता उस्ताद हाफिज अली खानबाट नै सरोदवादनमा परम्परागत रूपमा प्राविधिक दक्षता हासिल गरेका थिए। उनका पाँच दाजुभाइ र दिदीबहिनी थिए। घरमा भएका सबै पुरुषले सरोद बजाउँथे। पिता उस्ताद हाफिज अली खान प्रख्यात गायक थिए। उनलाई भेट्न ठूला–ठूला सङ्गीतकारहरू आउँथे। अमजद र उनका दाजुभाइले बाल्यकालदेखि नै बुबालाई सरोदको माध्यमबाट गाउन चाहने बनाए। बुबाले उनीहरूलाई सङ्गीतलाई बुझ र किताबबाट टाढ़ा रह भन्थे। यद्यपि, सामाजिक दबाउ परेपछि विद्यालयमा भर्ना गरे।

सन् १९६३ मा उनले पहिलोपटक विदेश यात्रा गरे र, त्यो अमेरिकाको थियो। त्यस यात्रामा नर्तक र सङ्गीतकारहरूको टोली सहभागी थियो। टोलीमा बिरजु महाराज पनि थिए। उनीहरू दुईजनाबीच बिरजु महाराजले उस्ताद अमजद अली खानसँग तबला बजाउने र उनले बिरजु महारजको नृत्यको बेला तबला बजाउने सल्लाह भएको थियो। तर त्यो विदेश यात्राका कारण उनको विद्यालय पूर्णरूपमा छुट्यो। तर त्यो छुटे पनि उनले लाखौँको प्रेम पाएका छन्। पैसाभन्दा पनि मान्छेहरूको प्रेमलाई उस्ताद अमजद अली खान आफ्नो पूँजी मान्छन्।

कसरी भयो विवाह?

उस्ताद अमजद अली खानले अन्तरधार्मिक विवाह गरे। उनकी पत्नी प्रसिद्ध भरतनाट्यम नर्तकी शुभलक्ष्मी बरुआ खान हुन्। एकपटक उनले कोलकातामा सुभलक्ष्मीको प्रदर्शन हेर्दै थिए। हेर्ना साथ उनलाई शुभलक्ष्मीलाई भगवानले मेरै लागि पठाउनुभएको भन्ने लाग्यो। त्यसपछि उनीहरूले भेटे। विवाह पनि भयो। उनका दुई छोरा अमान अली बङ्गश र अयान अली बङ्गश छन्। विवाहबारे उनी भन्छन्, ''हरेक आमाबाबुले आफ्ना छोराछोरीको कुण्डली बनाउँछन्। र विवाहभन्दा पहिले कुण्डली हेरिन्छ। त्यसो गर्दा पनि एक वर्षमै कुण्डली भएको विवाह टुट्छ। तर, हाम्रो कुण्डली नभएको विवाह भएको हो।'' उस्ताद अमजद अली खान सङ्गीतको कुनै धर्म हुँदैन भन्छन्।

''सङ्गीतकारको रूपमा मलाई दुनियाँको हरेक धर्म सुन्न आउँछ। हरेक धर्मले मलाई सहयोग र आशीर्वाद दिएको छ। मलाई लाग्छ, म दुनियाँ र भारतको हरेक धर्मसँग जोड़िएको छु। म केवल सेवा गरिरहेको छु। मायाले मानिसहरूले मलाई चिठ्ठीमा पण्डित अमजद अली खान पनि लेख्छन्''–उनी भन्छन्।

बेगम अख्तर, जाकिर हुसैन र बिस्मिल्लाह खान

उस्ताद अमजद अली खानले आफ्नो जीवनमा धेरै दिग्गज कलाकारसँग समय बिताएका छन्। यति मात्र होइन उनले १२ सङ्गीतकारमाथि एउटा किताब लेखेका छन्, जसको नाम हो– 'मास्टर अन मास्टर्स'। बेगम अख्तरलाई सम्झँदै उस्ताद खान भन्छन्, ''त्यो समयमा बेगम अख्तरसँग सारा जमाना चल्थ्यो। एकपटक उनको र मेरो कार्यक्रम श्रीनगरमा भएको थियो। त्यो कार्यक्रम रेडियोले आयोजना गरिरहेको थियो। उनले चार सुन्दर गजलहरू गाइन्। वातावरण सुन्दर बन्यो।'' ''उनको पछि जब म स्टेजमा गएँ। पर्दा खुल्यो। त्यहाँ अगाड़ि बेगम अख्तर बसिरहेकी थिइन्। त्यो उनको महानता थियो। जब मैले उनलाई बसिरहेको देखेँ, तब उनले यति धेरै इज्जत दिइसकेकी थिइन्, मैले आफ्नो सरोद राखिदिएँ। मैले भने, बेगम साहेब, तपाईँले यस्तो गाउनुभयो, मैले सबै राग–रागिनीहरू भुलेँ''–उनले थप सुनाए।

तबलावादनका उस्ताद जाकिर हुसैनको बारेमा अमजद अली खान भन्छन्, ''जाकिर हुसेनलाई भगवानले आफ्नै हातले बनाएका थिए। उनी एक प्रतिभाशाली सङ्गीतकार र कलाकार हुन्। उनले तबलालाई एक अलग शिखरमा पुऱ्याए।'' ''मानिसहरू घरानाको कुरा गर्थे। तर, उनी आफैँ घराना बनेका थिए। मानिसहरू हामी दुईलाई एकसाथ हेर्न चाहन्थे। हामी दुईजना सँगै बस्दा भने सङ्गीतको एक अलग नै वातावरण बन्थ्यो''–उनले भने।

शहनाईका जादुगर बिस्मिल्लाह खान साहेबलाई सम्झँदै उनी भन्छन्, ''एक समय थियो जब शहनाई बजाउनेलाई तेस्रो तलामा बसाउँथे। तर बिस्मिल्लाह खान साहेबले शहनाईलाई स्टेजमा ल्याए। उनले माइक्रोफोनको अगाड़ि शहनाई बजाए। आज पनि भन्न गाह्रो छ, बिस्मिल्लाह खानपछि को या जाकिर हुसेनपछि को?।'' उनी थप भन्छन्, ''केही मानिसलाई ईश्वरले आफ्नै हातले बनाए र, दुनियाँले उनीहरूलाई देख्न, सुन्न भाग्य मिल्यो। त्यसैले यो क्रम सधैँ चलिरहनेछ। दियोबाट दियो उज्यालो हुन्छ।''

मुम्बईको फिल्म दुनियाँबाट दूरी

तत्कालीन समयमा थुप्रै सङ्गीतकारहरू चलचित्र दुनियाँबाट उदाएका थिए। चाहेको खण्डमा उस्ताद अमजद अली खानसँग पनि त्यो अवसर थियो। तर, आफूलाई मुम्बईको चलचित्र दुनियाँको आवश्यकता नपरेको उनी बताउँछन्। ''म मुम्बई शास्त्रीय सङ्गीतका लागि जान्थेँ। मानिसहरूले मलाई बोलाउँथे। कार्यक्रम गरेर म फर्किहाल्थेँ। मैले त्यहाँ कहिल्यै काम मागिनँ। बरु मलाई सुन्नका लागि चलचित्रका मानिसहरू आउँथे। नौशाद साहेब, मदन मोहन जी, ओपी नैयर लगायतका धेरैजना आउनुभएको छ। भगवानको कृपाले मलाई काम माग्न आवश्यक परेन''–उनी भन्छन्।

त्यस्तै मुम्बईको मौसम सरोदका लागि सही नभएको उनको धारणा छ।

उनी भन्छन्, ''मुम्बईको जुन मौसम छ, त्यो मेरो वाद्ययन्त्रका लागि अनुकूल थिएन। समुद्री हावा मेरो वाद्ययन्त्रका लागि एकदमै ठिक होइन। एकातिर बुबा बुढ्सकालमा पनि हुनुहुन्थ्यो, उहाँको सेवामा रहनु मलाई धेरै महत्त्वपूर्ण लाग्यो।''

अर्थशास्त्रतर्फको नोबेल पुरस्कार हल र उडफोर्डलाई

स्टकहोम, १२ अक्टोबरः यस वर्ष अर्थशास्त्र तर्फको नोबेल पुरस्कार रोबर्ट ई. हल र माइकल उडफोर्डलाई संयुक्त रूपमा प्रदान गरिएको छ। रोयल स्वीडिस एकेडेमी अफ साइन्सेसले उनीहरूलाई 'समष्टिगत आर्थिक स्थिरीकरणका व्यष्टिगत आर्थिक आधारहरू' को खोज तथा विकासका लागि यो प्रतिष्ठित पुरस्कार दिइएको हो। यस वर्षका अर्थशास्त्रका विजेताहरू हल र उडफोर्डले नयाँ म्याक्रोइकोनोमिक अर्थात् समष्टिगत आर्थिक मोडलहरू विकास गरेका हुन्। यसले प्रभावकारी स्थिरीकरण नीति लागू गर्ने हाम्रो क्षमतामा महत्त्वपूर्ण सुधार ल्याएको समितिले उल्लेख गरेको छ। 'यी मोडलहरूको आधारमा, समयमै चालिने वित्तीय र मौद्रिक नीतिगत कदमहरूले अर्थतन्त्रमा आउने तीव्र उतारचढावलाई कम गर्न सकिन्छ,' पुरस्कार समितिले विज्ञप्तिमा भनेको छ। यी दुई अर्थशास्त्रीहरूले आर्थिक मन्दी र उतारचढावलाई प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न सघाएको समितिले उल्लेख गरेको छ।



- यस वर्ष अर्थशास्त्रतर्फको नोबेल पुरस्कार रोबर्ट ई. हल र माइकल उडफोर्डलाई संयुक्त रूपमा प्रदान गरिएको छ।
- रोयल स्वीडिस एकेडेमी अफ साइन्सेसले उनीहरूलाई 'समष्टिगत आर्थिक स्थिरीकरणका व्यष्टिगत आर्थिक आधारहरू' को खोज तथा विकासका लागि पुरस्कार दिएको हो।

उनीहरूको योगदान के हो?

यस वर्षका विजेताहरू रोबर्ट ई. हल र माइकल उडफोर्डले अर्थशास्त्रमा 'न्यू किन्सियन प्याराडाइम' को आधारशीला खडा गरेका छन्। उनीहरूको यो अनुसन्धानले स्थिरीकरण नीतिको सिद्धान्तमा युगान्तकारी परिवर्तन ल्याएको छ। विगतमा अर्थतन्त्रलाई केवल माथिबाट अर्थात् समष्टिगत दृष्टिकोण (चराको आँखाबाट) मात्र हेर्ने गरिन्थ्यो। तर, यी दुई अर्थशास्त्रीले 'माइक्रोफाउन्डेसन' अर्थात् तल्लो तहबाट आर्थिक मोडलहरू निर्माण गरे। उनीहरूको सिद्धान्तअनुसार, कुनै पनि ठूलो आर्थिक नतिजा भनेको लाखौँ घरपरिवार र व्यवसायहरूले सूक्ष्म स्तरमा गर्ने दैनिक निर्णयहरूको उपज हो। यही यथार्थलाई उनीहरूको मोडलले सफलतापूर्वक समेटेको छ।

यो पुरस्कार किन दिइयो र यो किन महत्त्वपूर्ण छ?

नोबेल पुरस्कार समितिका अनुसार, अर्थतन्त्र सधैँ एकै गतिमा चल्दैन। यसमा उकालो र ओरालो लाग्ने चक्रहरू आइरहन्छन्। हल र उडफोर्डका अनुसन्धानले अर्थतन्त्रका यस्ता तीव्र उतारचढावलाई सन्तुलित गर्न मद्दत गरेको छ। सही समयमा अर्थतन्त्रलाई गति दिने वा सुस्त बनाउने कदम चाल्न सकियो भने त्यसले स्थिरता प्रदान गर्छ र देशलाई लामो समयसम्म चल्ने मन्दी वा अनियन्त्रित मूल्यवृद्धिबाट बचाउँछ। उनीहरूको अनुसन्धानको परिणामस्वरुप बनेका 'न्यू किन्सियन मोडल'हरूले सरकारी नीतिले व्यापार चक्रलाई कसरी असर गर्छ भनेर व्याख्या गर्न र मापन गर्न सम्भव बनाएका छन्। यो सिद्धान्त आजको विश्वमा कति महत्त्वपूर्ण छ भने हाल विश्वभरका अर्थ मन्त्रालयहरू र केन्द्रिय ब्याङ्कहरूले सन्तुलित र सुसूचित निर्णयहरू लिन यही मोडलको प्रयोग गर्छन्। नीति निर्माताहरूसँग अहिले योभन्दा प्रभावकारी अर्को कुनै विकल्प नै छैन। सामान्य भाषामा भन्दा, अर्को पटक जब तपाईँको देशको केन्द्रिय ब्याङ्कले नयाँ ब्याजदर तोक्छ, तब त्यो निर्णयको पछाडि यिनै नोबेल विजेताहरूको 'माइक्रो फाउन्डेसनसहितको न्यू किन्सियन मोडल'मा आधारित गणनाले काम गरिरहेको हुन्छ। घरायसी र व्यावसायिक परिस्थितिहरू निरन्तर परिवर्तन भइरहने हुँदा यी मोडलहरूलाई समयअनुसार सजिलै ढाल्न पनि सकिन्छ।

महामारी र ऊर्जा सङ्कटमा देखियो प्रत्यक्ष प्रभाव

नोबेल विजेताहरूको यो अनुसन्धानले ठूला समष्टिगत आर्थिक सङ्कटहरूमा पहिलेभन्दा धेरै प्रभावकारी रूपमा व्यवस्थापन गर्न सम्भव बनाएको छ। हालैका वर्षहरूमा विश्वले भोगेको कोभिड–१९ महामारी र ऊर्जा सङ्कटको समयमा यो मोडल अत्यन्तै लाभदायक साबित भयो। नीति निर्माताहरूले यही सिद्धान्त प्रयोग गरेर अर्थतन्त्रलाई सम्हालेका कारण यी पछिल्ला सङ्कटहरूले सन् १९७० को दशकमा जस्तो आर्थिक वृद्धि र मुद्रास्फीतिमा दीर्घकालीन नकारात्मक असर पारेनन्। न त विश्व सन् १९३० को दशकको जस्तो विनाशकारी आर्थिक महामन्दी मै फस्यो। यद्यपि, अर्थतन्त्रमा मन्दी र उच्च मुद्रास्फीतिका घटनाहरू पूर्ण रूपमा समाप्त त भएका छैनन्, तर यी अर्थशास्त्रीहरूको योगदानका कारण अब त्यस्ता सङ्कटहरू धेरै लामो समयसम्म टिक्न पाउँदैनन्।

साउदी अरब र हुथीबिच तनाउ बढ्दा इरानद्वारा संवादको प्रस्ताव

तेहरान, १२ अक्टोबरः इरानले साउदी अरब र यमनबीच संवाद प्रक्रिया अघि बढाउन तथा जारी द्वन्द्वको राजनीतिक समाधान खोज्न आवश्यक सहयोग उपलब्ध गराउन आफू तयार रहेको जनाएको छ। इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले आइतवार साउदी अरबका विदेशमन्त्री राजकुमार फैसल बिन फरहान बिन अब्दुल्लाह अल साउदसँग टेलिफोन वार्ता गर्दै उक्त प्रतिबद्धता व्यक्त गरेका हुन्। इरानको सरकारी समाचार संस्था इरनाका अनुसार वार्ताका क्रममा दुवै पक्षले पश्चिम एसियाको पछिल्लो घटनाक्रमबारे छलफल गरेका थिए।

विदेशमन्त्री अराघचीले क्षेत्रमा बढ्दो तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै सैन्य उपायलाई प्राथमिकता दिने र राजनीतिक समाधानका सम्भावनालाई बेवास्ता गर्ने प्रवृत्तिले परिस्थितिलाई थप जटिल बनाउने बताएका थिए। उनले पश्चिम एसियामा देखिएका सङ्कटहरूको समाधान सैन्य माध्यमबाट सम्भव नहुने उल्लेख गर्दै राजनीतिक संवाद र कूटनीतिक पहलमा जोड दिएका थिए। साउदी अरब र यमनबीच वार्ताको वातावरण निर्माण गर्न इरानले आवश्यक सहयोग गर्न सक्ने उनको भनाइ थियो।

इरानको यस्तो प्रस्ताव साउदी अरब र यमनका हुथी विद्रोहीबीच तनाव चुलिएका बेला आएको हो। पछिल्लो समय साउदी अरबले हुथीहरूको नियन्त्रणमा रहेका क्षेत्रलाई लक्षित गरी हवाई कारबाही तीव्र बनाएको छ। त्यसको जवाफमा हुथीहरूले पनि साउदी अरबभित्रका विभिन्न लक्ष्यमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गर्दै आएका छन्। यी आक्रमणमा विमानस्थल र ऊर्जा पूर्वाधारसमेत निशानामा परेको बताइएको छ। द्वन्द्व यमनको सीमाभन्दा बाहिर फैलिँदै गएपछि क्षेत्रीय सुरक्षाबारे चिन्ता थपिएको छ। साउदी अधिकारीहरूका अनुसार शनिवार रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलको यात्रु टर्मिनलमा हुथीहरूको आक्रमण हुँदा १२ जनाको मृत्यु भएको थियो भने ३०९ जना घाइते भएका थिए। उक्त घटनापछि क्षेत्रीय तनाउ थप बढेको छ। साउदी अरब र इरानको विद्रोहीबीचको द्वन्द्वमा इरानको भूमिकालाई पनि क्षेत्रीय कूटनीतिमा महत्त्वपूर्ण रूपमा हेरिँदै आएको छ। यस्तो अवस्थामा तेहरानले संवादका लागि सहयोग गर्ने प्रस्ताव राख्नुलाई जारी सङ्कटको राजनीतिक समाधान खोज्ने प्रयासका रूपमा लिन सकिन्छ। यद्यपि, प्रस्तावित संवाद कहिले र कुन प्रक्रियामार्फत अघि बढ्ने भन्नेबारे स्पष्ट विवरण सार्वजनिक भएको छैन। द्वन्द्व न्यूनीकरणका लागि सम्बन्धित पक्षहरूबीच सहमति, पारस्परिक प्रतिबद्धता र निरन्तर कूटनीतिक प्रयास आवश्यक हुने देखिन्छ।

रियाद विमानस्थललाई लक्षित गरी दोस्रोपटक आक्रमण

रियाद, १२ अक्टोबरः साउदी अरबको राजधानी रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलमा दोस्रो पटक भएको क्षेप्यास्त्र प्रहारमा परी एक जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्। साउदी सैन्य प्रवक्ताका अनुसार आइतवार विमानस्थलमा एक क्षेप्यास्त्र खसेको थियो, जसका कारण यात्रु हल नम्बर ४ मा भीषण आगलागी भएको थियो। साउदी नागरिक उड्डयन प्राधिकरणले सामाजिक सञ्जाल एक्समा वक्तव्य जारी गर्दै उक्त आक्रमणमा परी एक पाकिस्तानी नागरिकको मृत्यु भएको पुष्टि गरेको छ। यसअघि शनिवार सोही विमानस्थलमा भएको अर्को आक्रमणमा १३ जनाको मृत्यु हुनुका साथै ३०८ जना घाइते भएका थिए।

यमनका हुथी विद्रोहीले यी आक्रमणको जिम्मेवारी लिँदै एयरलाइन्स र यात्रुहरूलाई साउदी अरबका विमानस्थल तथा हवाई मार्ग प्रयोग नगर्न चेतावनी दिएका छन्। विगत २४ घण्टामा ब्यालिस्टिक तथा क्रुज क्षेप्यास्त्र र ड्रोन प्रयोग गरी विमानस्थललाई लक्षित गरिएको हुथी समूहले दाबी गरेको छ। हुथी सैन्य प्रवक्ता ब्रिगेडियर जनरल याह्या सारेका अनुसार उनीहरूले पूर्वी साउदी अरबका तेल प्रशोधन केन्द्र र दम्माम विमानस्थलमा पनि आक्रमण गरेका छन्। साउदी अरबभित्र आक्रमणलाई अझ तीव्र पार्ने चेतावनी दिँदै उनले मक्का र मदिनाका पवित्र शहरबाहेक सबै

साउदी विमानस्थल सम्भावित निशानामा रहेको बताएका छन्।

यमनको गृहयुद्धमा सरकारी सेनालाई साउदीले गरेको समर्थन र साना विमानस्थलमा भएको हवाई हमलाको जवाफमा साउदी अरबलाई लक्षित गरिएको हुथीहरूले जनाएका छन्। आइतवार साउदी नेतृत्वको सैन्य गठबन्धनका प्रवक्ता मेजर जनरल तुर्की अल–मालिकीले रियाद विमानस्थल नजिकै एयर डिफेन्स प्रणालीले एउटा क्षेप्यास्त्र निष्क्रिय पारेको बताएका छन्। यात्रु हलमा अज्ञात क्षेप्यास्त्र खसेर लागेको आगो नियन्त्रणमा लिन अधिकारीहरू खटिएका थिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुथीहरूविरुद्ध आक्रमण गर्ने वा नगर्ने विषयमा अमेरिकाले छिट्टै निर्णय लिने बताएका छन्। ब्रिटेनी रक्षा मन्त्री वेस स्ट्रिटिङले ब्रिटेनले साउदी अरबलाई थप सहयोग उपलब्ध गराउन सक्ने सङ्केत गरेका छन्। गत फरवरीमा इजरायल, अमेरिका र इरानबिच युद्ध शुरु भएयता शनिवारको आक्रमण गल्फ क्षेत्रका अरब देशमा भएको सबैभन्दा घातक मानिएको छ। साउदी नेतृत्वको गठबन्धनले यसलाई युद्ध अपराध भन्दै कड़ा जवाफ दिने प्रतिबद्धता जनाएको छ।

शनिवारको आक्रमणमा परी चार साउदी नागरिक, दुई बङ्गलादेशी तथा अमेरिका, जोर्डन, प्यालेस्टाइन, सिरिया, सुडान र इजिप्टका एक–एक जनाको मृत्यु भएको साउदी नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। साउदी स्थित भारतीय दूतावासका अनुसार आक्रमणमा घाइते भएका एक भारतीय नागरिकको पनि उपचारका क्रममा मृत्यु भएको छ। अमेरिकी विदेश मन्त्री मार्को रुबियोले आक्रमणको भर्त्सना गर्दै एक अमेरिकी नागरिकको मृत्यु भएको पुष्टि गरेका छन्। ब्रिटेनी विदेश मन्त्री मिलिब्यान्डले पनि घटनाप्रति दुःख व्यक्त गरेका छन्। ब्रिटेनी विदेश मन्त्रालयले आफ्ना नागरिकलाई यमन सीमाबाट १० किलोमिटरसम्मका साउदी भू–भाग र जोखिमयुक्त क्षेत्रमा यात्रा नगर्न आग्रह गरेको छ। अन्य पश्चिमी दूतावासहरूले पनि आफ्ना नागरिकलाई सचेत गराएका छन्।

यसैबिच हुथीद्वारा सञ्चालित अल मसिराह टिभीले साउदी सेनाले यमनको राजधानी सानास्थित अन्तरराष्ट्रिय विमानस्थलमा हवाई हमला गरेको जनाएको छ। शहरको एक आवासीय घरमा पनि बम खस्दा एक बालकको मृत्यु भएको र ६ जना घाइते भएको दाबी गरिएको छ। यद्यपि, साउदी अरबले यो आक्रमणको पुष्टि गरेको छैन र यसको स्वतन्त्र पुष्टि हुन बाँकी छ।

पूर्वप्रधानमन्त्री खानको प्रान्तीय गढ़मा सङ्कटकाल घोषणा

इस्लामाबाद, १२ अक्टोबरः राष्ट्रपतिको कार्यालयले आइतवार बताएअनुसार जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानका समर्थकहरूले गरेको सरकारविरोधी प्रदर्शन र उत्तरपश्चिममा निरन्तरको आन्दोलनपछि पाकिस्तानले उत्तरी प्रान्त खैबर पख्तुनख्वालाई सङ्कटकालीन कानुन अन्तर्गत राख्ने निर्णय गरेको छ। यहाँ खानका हजारौँ समर्थकहरूले उनको रिहाइको माग गर्दै र कठोर आर्थिक अवस्थाबाट प्रेरित सरकारविरोधी आलोचना गर्दै खैबर पख्तुनख्वा प्रान्तमा मार्च गर्दै आएका थिए। उक्त उपायहरू घोषणा भएलगत्तै खानको पाकिस्तान तहरिक–ए–इन्साफ (पीटीआई) पार्टीका सांसद जुनाइद अकबरले एक्समा लेखे, ''प्रान्तका मुख्यमन्त्री सोहेल अफ्रिदीलाई प्रान्तीय अध्यक्षसहित पक्राउ गरिएको छ।''

सरकारी प्रवक्ताले पीटीआईका प्रान्तीय नेताहरूको पक्राउबारे टिप्पणीको अनुरोधमा तत्काल प्रतिक्रिया दिएनन्। पाकिस्तानी कानुन मन्त्री आजम नजीर तारारले प्रान्तीय सरकार भङ्ग गरिएको पुष्टि गर्दै पत्रकार सम्मेलनमा भने, ''मुख्यमन्त्री अफ्रिदीको कार्यकालमा उग्रवादका घटना बढ्ेका थिए।'' पीटीआईका अध्यक्ष गोहर अली खानले सङ्कटकालीन घोषणालाई ''अत्यन्त चिन्ताजनक र गम्भीर राजनीतिक गल्ती तथा अलोकतान्त्रिक कदम'' भने। उनले एक्समा लेखे, ''जनताले आफ्ना अधिकारविरुद्ध यस्ता कारबाही कहिल्यै स्वीकार गर्ने छैनन्।'' राष्ट्रपति आसिफ अली जर्दारीले मन्त्रिपरिषद्को सिफारिसपछि 'कानुन र व्यवस्थाको अवस्था तथा सरकारी प्रतिनिधिमण्डलसँगको वार्ता असफल भएको' विषयमा आदेशमा हस्ताक्षर गरेको उहाँको कार्यालयले बताएको छ।

प्रधानमन्त्री सहबाज सरिफको कार्यालयले यसअघि भनेको थियो, ''खैबर पख्तुनख्वामा बिग्रँदो कानुन र व्यवस्थाको अवस्था तथा आतङ्कवादविरुद्धको युद्धमा प्रान्तीय सरकारको जानाजानी उदासीनताका कारण यो निर्णय लिइएको हो। खैबर पख्तुनख्वा खानको पार्टीको गढ हो र आइतवारको असाधारण संवैधानिक कदमअन्तर्गत त्यहाँको पीटीआई नेतृत्वको सरकारलाई किनारा लगाइनेछ।'' पछि भएको समाचार सम्मेलनमा कानुन मन्त्री आजम नजीर तारारले खैबर पख्तुनख्वाको प्रान्तीय सरकार 'स्थिति सुधिँदासम्म निष्क्रिय' रहने पुष्टि गर्दै प्रान्तलाई गभर्नरद्वारा सिधै सञ्चालन गरिने व्यवस्थाको रूपरेखा प्रस्तुत गरे।

दक्षिण अस्ट्रेलियामा भीषण आँधीको वितण्डा

मेलबर्न, १२ अक्टोबरः अष्ट्रेलियाको दक्षिण अष्ट्रेलिया राज्यमा आइतवार आएको भीषण आँधीका कारण हजारौँ घरमा विद्युत् सेवा अवरुद्ध भएको छ। आँधीका कारण रुखहरू ढल्नुका साथै ठूलो असिना र तीव्र हावाले विभिन्न क्षेत्रमा क्षति पुर्याएको छ। घटनापछि १०० भन्दा बढी व्यक्तिले आपत्कालीन सहायता मागेका छन्। राज्यका विभिन्न भागमा आइतवार दिउँसोदेखि शुरु भएको आँधी आइतवार राति राजधानी एडिलेडसम्म पुगेको थियो। तीव्र हावा र ठूलो असिनासहित आएको आँधीले जनजीवन प्रभावित बनाएको थियो। राज्य आपत्कालीन सेवा (एसईएस) का अनुसार आइतवार दिउँसोदेखि सोमवारसम्म सहायता माग्दै १०० भन्दा बढी फोन आएका छन्। तीमध्ये अधिकांश फोन रुख ढलेका घटनासँग सम्बन्धित थिए।

आँधीका कारण आइतवार दिउँसो राज्यभर ७ हजारभन्दा बढी विद्युत् उपभोक्ता प्रभावित भएका थिए। एसए पावर नेटवर्क्सका अनुसार सोमवार दिउँसोसम्म पनि राज्यका विभिन्न स्थानमा १५ वटा विद्युत् अवरोध कायम थिए, जसबाट १ हजार ७८२ ग्राहक प्रभावित भएका थिए। तीमध्ये एडिलेडको दक्षिणपूर्वी क्षेत्रमा रहेको विद्युत् अवरोध सबैभन्दा ठूलो थियो। उक्त अवरोधका कारण ९६६ ग्राहक विद्युत् सेवाबाट वञ्चित भएका थिए। एसए पावर नेटवर्क्सले प्रभावित क्षेत्रमा सोमवार रातिसम्म विद्युत् सेवा पुनः सञ्चालनमा ल्याउने जनाएको थियो।

साउदी अरबमाथि हुथीको आक्रमण प्रयास, ड्रोन र क्षेप्यास्त्र नष्ट

बगदाद, १२ अक्टोबरः यमनका हुथी विद्रोहीविरुद्ध लडिरहेको साउदी नेतृत्वको गठबन्धनले साउदी अरबलाई लक्षित गरी प्रहार गरिएका एक ड्रोन र एक ब्यालिस्टिक क्षेप्यास्त्रलाई बीचमै रोकेर नष्ट गरेको जनाएको छ। गठबन्धनका प्रवक्ता तुर्की अल–मालिकीले सोमवार सामाजिक सञ्जाल एक्समार्फत छुट्टाछुट्टै वक्तव्य जारी गर्दै उक्त जानकारी दिएका हुन्। उनका अनुसार साउदी अरबको पूर्वी प्रान्तमा ड्रोनलाई रोकिएको थियो भने हुथी विद्रोहीले देशको मुशैततर्फ ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेका थिए।

उत्तर कोरियाद्वारा ब्यालेस्टिक मिसाइल प्रहार

सियोल, १२ अक्टोबरः दक्षिण कोरियासँगको सीमामा बारुदी शुरुङ विस्फोटपछि तनाव बढिरहेका बेला उत्तर कोरियाले सोमवार पूर्वी तटबाट जापानको सागरमा धेरै ब्यालेस्टिक मिसाइल प्रहार गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ। सेनाको संयुक्त चिफ अफ स्टाफका अनुसार स्थानीय समयअनुसार बिहान ९:२० बजे प्योङयाङ क्षेत्रबाट प्रक्षेपण गरिएका केही मिसाइलले ९०० किलोमिटरभन्दा बढी दूरी पार गरेका छन्। दक्षिण कोरिया र अमेरिकाले मिसाइलको विशेषता विश्लेषण गरिरहेका छन्। जापानले पनि कम्तीमा एउटा शङ्कास्पद ब्यालेस्टिक मिसाइल प्रक्षेपण भएको पुष्टि गरेको छ। दक्षिण कोरियाले सैन्य तयारीको समीक्षा गर्न आकस्मिक सुरक्षा बैठक बोलाएको छ।

यसअघि असैन्यीकृत क्षेत्र (डीएमजेड) मा बारुदी शुरुङ विस्फोट हुँदा दक्षिण कोरियाका तीन सैनिक घाइते भएका थिए। दक्षिण कोरिया र संयुक्त राष्ट्रसङ्घको संयुक्त अनुसन्धानले उक्त क्षेत्रमा उत्तर कोरियाले गत वर्ष बारुदी शुरुङ बिछ्याएको निष्कर्ष निकाले पनि प्योङयाङले त्यसलाई अस्वीकार गरेको छ। उत्तर कोरियाली नेता किम जोङ–उनकी बहिनी किम यो जोङले दक्षिण कोरियाले माफी माग्नुपर्ने मागलाई 'घृणित' भन्दै दक्षिण कोरियाबाट प्राप्त चिकित्सा उपकरण सहयोगको प्रस्तावसमेत अस्वीकार गरेकी छन्। अक्टोबर ३ मा उत्तर कोरियाले मध्यम दूरीको ब्यालेस्टिक मिसाइल परीक्षण गरेको थियो। उक्त मिसाइलमा कृत्रिम बौद्धिकता प्रविधि प्रयोग गरिएको र त्यसले कम उचाइमा उडानको मार्ग परिवर्तन गर्न सक्ने किम यो जोङले बताएकी थिइन्। त्यसको केही दिनपछि दक्षिण कोरियाले पनि स्वदेशमै विकसित हाइपरसोनिक ग्लाइड भेहिकलको सफल परीक्षण गरेको जनाएको थियो। दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले उक्त हतियारले कोरियाली प्रायद्वीपका प्रमुख सैन्य लक्ष्यमा प्रहार गर्न सक्ने जनाएको छ। किम यो जोङले उत्तर र दक्षिण कोरियाबीच सम्बन्ध सुधार गर्न सियोलले उत्तर कोरियाप्रति सम्मान र इमानदारी देखाउनुपर्ने बताएकी थिइन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ–उनसँग भेट गर्ने सम्भावना व्यक्त गरेपछि दक्षिण कोरिया सम्भावित आणविक वार्तामा किनारामा पर्न सक्ने चिन्तासमेत बढेको छ। ट्रम्पको भेटसम्बन्धी प्रस्ताव आएको भोलिपल्ट उत्तर कोरियाले छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रहार गरेको थियो। कोरियाली युद्ध सन् १९५३ मा शान्ति सन्धिको सट्टा युद्धविराममा टुङ्गिएकाले दुवै देश प्राविधिक रूपमा अझै युद्धकै अवस्थामा छन्। डीएमजेडमा हुने यस्ता घटनाले दुई देशबीचको तनाव बारम्बार बढाउँदै आएका छन्।

विश्वव्यापी गरिबी बढ़ेर एक अरब २० करोड़ पुग्यो

न्यूयोर्क, १२ अक्टोबरः विश्वव्यापी बहुआयामिक गरिबीको सूचकाङ्क सन् २०१० मा शुरु भएयता पहिलोपटक बढेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को सोमवार सार्वजनिक प्रतिवेदनअनुसार विश्वभर तीव्र गरिबीमा बाँचिरहेका मानिसको सङ्ख्या एक अरब २० करोड पुगेको छ। यूएनडीपी र अक्सफोर्ड विश्वविद्यालयको गरिबी तथा मानव विकाससम्बन्धी अनुसन्धान केन्द्रले तयार पारेको सन् २०२६ को वार्षिक प्रतिवेदनअनुसार अघिल्लो वर्षको तुलनामा तीव्र गरिबीमा बाँच्ने मानिसको सङ्ख्या पाँच करोड १५ लाखले बढेको छ।

यूएनडीपीका प्रशासक अलेक्जान्डर डे क्रोले गरिबीमा भएको वृद्धिलाई विश्वका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्ने बताए। उनका अनुसार गरिबीमा रहेका एक अर्ब २० करोड मानिसले भोकमरी, विद्यालय शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था तथा स्वच्छ पानी र बिजुलीको अभावजस्ता एकअर्कासँग जोडिएका समस्याको सामना गरिरहेका छन्। उनले यस्तो अवस्था अस्वीकार्य रहेको बताए। प्रतिवेदनअनुसार तीव्र गरिबीमा रहेका आधाभन्दा बढी मानिस बालबालिका छन्। यद्यपि, गरिबीमा बाँच्ने मानिसको कुल सङ्ख्या बढ्नुको प्रमुख कारण जनसङ्ख्या वृद्धि रहेको यूएनडीपीले जनाएको छ। प्रतिवेदनमा समेटिएका १०८ विकासोन्मुख देशमध्ये १३ देशमा मात्रै जनसङ्ख्या वृद्धिसँग सम्बन्धित नयाँ तथ्याङ्क उपलब्ध रहेको पनि उसले जनाएको छ। कुल सङ्ख्या बढे पनि गरिबी न्यूनीकरणमा केही देशले उल्लेखनीय प्रगति गरेका छन्। पछिल्लो १५ वर्षमा ३३ देशले बहुआयामिक गरिबीमा बाँच्ने जनसङ्ख्याको अनुपात आधा घटाएका छन्। तीमध्ये उपसहारा अफ्रिकाका छ देश छन्। चीन र भियतनामसहित एसियाली देशहरूले गरिबी घटाउन तीव्र प्रगति गरेको प्रतिवेदनमा उल्लेख छ। अघिल्ला वर्षहरूमा जस्तै यस वर्षको प्रतिवेदनले पनि विश्वका अधिकांश गरीब मानिस उपसहारा अफ्रिका र दक्षिण एसियामा बसोबास गर्ने देखाएको छ।

विशेषगरी भारतीय उपमहाद्वीपमा गरिबीको समस्या गम्भीर छ। प्रतिवेदनअनुसार इजिप्ट, नेपाल र ताजिकिस्तानमा गरिबीको दर तथा बहुआयामिक गरिबीमा बाँच्ने मानिसको सङ्ख्या दुवै उल्लेखनीय रूपमा घटेको छ। अङ्गोला र जाम्बियामा पनि गरिबीको दर घटे पनि जनसङ्ख्या वृद्धिका कारण गरिबीमा रहेका मानिसको कुल सङ्ख्या भने बढेको छ। प्रतिवेदनमा प्रयोग गरिएको बहुआयामिक गरिबी सूचकाङ्कले आम्दानीलाई मात्र आधार मान्दैन।

जिबुटी तटमा डुङ्गा डुब्दा १५ बालकबालिकासहित १३९ आप्रवासीको मृत्यु

जिबुटी, १२ अक्टोबरः जिबुटीको तट नजिकै आप्रवासी बोकेको डुङ्गा डुब्दा १५ बालबालिकासहित कम्तीमा १३९ जनाको मृत्यु भएको छ भने दर्जनौँ मानिस अझै बेपत्ता रहेको संयुक्त राष्ट्रसङ्घको आप्रवासी निकायले जनाएको छ। अन्तरराष्ट्रिय आप्रवासन सङ्गठनका अनुसार जिबुटीबाट ३०५ जना यात्रु बोकेर यमनतर्फ जाँदै गरेको उक्त डुङ्गाबिहीवार राति ओबोक बन्दरगाह नजिकै पल्टिएको थियो। दुर्घटनास्थलबाट करिब ८२ जनाको जीवितै उद्धार गरिएको छ। सुरक्षा र रोजगारीका लागि खाड़ी देशहरूमा पुग्ने आशामा हरेक वर्ष हर्न अफ अफ्रिकाबाट हजारौँ आप्रवासीहरूले जोखिमपूर्ण यात्रा गर्ने गर्दछन्। आइतवार १०९ जनाको मृत्यु भएको पुष्टि गरेको सङ्गठनले थप ३० वटा शव फेला परेपछि मृतकको सङ्ख्या अद्यावधिक गरी १३९ पुऱ्याएको हो।

स्थानीय अधिकारीहरूले मृतकहरूको अन्त्येष्टि व्यवस्थापन गरिरहेका छन् भने सबै जीवित नागरिकहरू इथियोपियाका रहेका छन् र उनीहरूलाई आवश्यक चिकित्सा सेवा उपलब्ध गराइएको छ। यमनमा एक दशकभन्दा बढी समयदेखि विनाशकारी गृहयुद्ध चलिरहेको छ।

एसएएबीको १२औँ बैठक सम्पन्न

गान्तोक, १२ अक्टोबरः राज्य लेखापरीक्षा सल्लाहकार बोर्ड (एसएएबी)-को १२औँ बैठक सोमवार सिक्किमका महालेखाकारको कार्यालयमा सम्पन्न भएको छ।

बोर्डमा अध्यक्षका रूपमा सिक्किमकी महालेखाकार अनिता आर सिंह तथा सदस्यहरूका रूपमा वरिष्ठ उप-महालेखाकार एवं सदस्य सचिव श्रेयांश सिंह, एमजी किरण, सान्ता प्रधान, एसडी भोटिया र अमित पात्रो रहेका छन्।

अध्यक्ष सिंहले एसएएबी सदस्यहरूलाई स्वागत गर्दै बोर्डको परिचय दिइन् र लेखापरीक्षाको प्रभावकारिता अभिवृद्धि गर्न बहुमूल्य सुझाउहरू प्रदान गर्न सबैलाई आग्रह गरिन्।

वरिष्ठ उपमहालेखाकार एवं सदस्य सचिव श्रेयांश सिंहले एक प्रस्तुति दिए, जसमा अन्य विषयका साथै वर्ष २०२६-२७ को वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षणका लागि विभाग छनोट गर्ने विधि र कार्यसम्पादन लेखापरीक्षणका विषयहरू आदि समावेश थिए। सदस्यहरूलाई अघिल्ला एसएएबी बैठकहरूमा प्राप्त सुझाउका आधारमा सिक्किममा जैविक कृषि विकासको कार्यसम्पादन लेखापरीक्षण तथा गान्तोकमा आवत-जावत/गतिशीलतासम्बन्धी एसएससीए (विशिष्ट विषयगत लेखापरीक्षण) लाई लेखापरीक्षण प्रतिवेदनका लागि अघि बढ़ाइएको थियो।

यसका साथै प्रभावकारी र कुशल लेखापरीक्षणका लागि वार्षिक लेखापरीक्षण योजना (एएपी) २०२७-२८ मा समावेश गर्न प्रस्ताव गरिएका आठवटा कार्यसम्पादन लेखापरीक्षण (पीए) तथा विशिष्ट विषयगत लेखापरीक्षण (एसएससीए) हरूबारे पनि विस्तृत रूपमा छलफल गरियो। विभिन्न विषयमा छलफल गरेपछि सदस्यहरूले कार्यसम्पादन लेखापरीक्षणका लागि प्रदूषण नियन्त्रण, खाद्य सुरक्षा र सिक्किममा दिगो पर्यटन पहललाई विस्तृत लेखापरीक्षणको मुख्य केन्द्रबिन्दु बनाउन सुझाउ दिए।

असहाय र सङ्कटमा परेकाहरूलाई सहयोग गर्न सङ्कट साथी संस्थाद्वारा 'वनवास क्याम्प' शुरु

खरसाङ, १२ अक्टोबर (हिस)ः असहाय, सङ्कटमा परेका तथा बिरामीहरूलाई सहयोग गर्ने उद्देश्यले सङ्कट साथी संस्थाले खरसाङ महकुमाअन्तर्गत महानदी ग्राम पञ्चायतको सिविटारस्थित बाघमारा बस्तीमा 'वनवास क्याम्प' शुरु गरेको छ। यस क्याम्पमार्फत सङ्कलन हुने रकम सङ्कटमा परेका व्यक्तिहरूको सहयोगमा खर्च गरिने संस्थाले जनाएको छ। आइतवार आयोजित कार्यक्रममा सङ्कट साथी संस्थाका संस्थापक अध्यक्ष राजेन्द्र तामाङले रिबन काटेर क्याम्पको उद्घाटन गरे। कार्यक्रममा मुख्य अतिथिका रूपमा टुल्कु रिङ्देन ला उपस्थित थिए। विशिष्ट अतिथिहरूमा महानदी ग्राम पञ्चायतका उपप्रधान राजीव तामाङ, शिवखोला ग्राम पञ्चायतका उपप्रधान बिक्की पाख्रीन, पर्यटन व्यवसायी राजेन प्रधान र जमिनदाता निङ्मा लेप्चालगायतको उपस्थिति थियो। पत्रकार हनोक थापाले सञ्चालन गरेको कार्यक्रममा संस्थाका सचिव अन्तोष तामाङले स्वागत सम्बोधन राखेका थिए। उद्घाटन समारोहमा मुख्य अतिथि टुल्कु रिङ्देन लामार्फत केक काटेर कार्यक्रमको खुशियालीसमेत मनाइएको थियो। कार्यक्रममा संस्थाका अध्यक्ष राजेन्द्र तामाङले सङ्कट साथी संस्थाको स्थापना र उद्देश्यबारे जानकारी गराए भने उपाध्यक्ष दिलीप सुब्बाले 'वनवास क्याम्प' सञ्चालन गर्नुको उद्देश्यबारे प्रकाश पारे। प्रमुख अतिथि टुल्कु रिङ्देन ला, उपप्रधान राजीव तामाङ तथा पर्यटन व्यवसायी राजेन प्रधानले पनि सम्बोधन गरेका थिए। कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्दै संस्थाका अध्यक्ष राजेन्द्र तामाङले असमका बाढ़ीपीड़ितहरूलाई सहयोग गरेपछि सङ्कटमा परेका मानिसहरूलाई निरन्तर सहयोग गर्ने उद्देश्यले सङ्कट साथी संस्था स्थापना गरिएको बताए। हाल संस्थामा १२ जना सदस्य रहेको जानकारी दिँदै उनले समस्यामा परेका, सङ्कटग्रस्त तथा बिरामीहरूलाई सहयोग पुऱ्याउन 'वनवास क्याम्प' शुरु गरिएको बताए।

अल्पसङ्ख्यकलाई धोका दिनुको परिणाम कङ्ग्रेसले भोग्नुपऱ्योः पियूष हजारिका

गुवाहाटी, १२ अक्टोबर (हिस)ः असमका मन्त्री पीयूष हजारिकाले नगाउँ लोकसभा उपचुनाउमा भारतीय जनता पार्टी (भाजपा) को जीतपछि काङ्ग्रेसमाथि कड़ा प्रहार गरेका छन्। उनले आरोप लगाए, कङ्ग्रेसले अल्पसङ्ख्यक समुदायलाई धोका दियो र वर्षौंसम्म राजनीतिक लाभको लागि उनीहरूलाई प्रयोग गऱ्यो। मन्त्रीले आज एक कार्यक्रम अवधि पत्रकारहरूसँग कुराकानी गरिरहेका थिए। हजारिकाले भने, ''कङ्ग्रेसले यतिका दिनसम्म अल्पसङ्ख्यक समुदायलाई ब्ल्याकमेल गरेर सत्ता प्राप्त गर्दै आयो, तर उसले कहिल्ये पनि यस समुदायका समस्याहरूको समाधान गर्नको लागि गम्भीर प्रयास गरेन। त्यसैले अल्पसङ्ख्यक समुदायले धेरै पहिले नै कङ्ग्रेस छोड़ेको उनले दाबी गरे।

पाकिमका विद्यालयहरूद्वारा नाटक प्रतियोगितामार्फत रचनात्मकता र सञ्चार कौशलको प्रवर्द्धन

पाकिम, १२ अक्टोबर (आईपीआर)ः पाकिमस्थित खण्ड शिक्षा कार्यालयको तत्त्वावधानमा गान्चुङ जुनियर हाई स्कूलको परिसरमा सोमवार अन्तरविद्यालय प्राथमिक अङ्ग्रेजी नाटक प्रतियोगिता २०२६' आयोजना गरिएको छ।

कार्यक्रममा मुख्यमन्त्रीका सल्लाहकार विष्णुकुमार खतिवड़ा मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रममा पाकिम जिल्लाकी जिल्ला अध्यक्ष लाडेन ल्हमु भोटिया, जिल्ला उपाध्यक्ष प्रभा प्रधान, अम्बा ताजा जीपीयूकी जिल्ला सदस्य डा. सुभद्रा दङ्गालसहित अन्यको उपस्थिति रहेको थियो।

यस प्रतियोगिताको उद्देश्य विद्यार्थीहरूलाई अङ्ग्रेजी सञ्चार कौशल विकास गर्नु, उनीहरूको रचनात्मक क्षमताको खोजी गर्नु र नाटकीय प्रस्तुतिमार्फत आफ्ना विचारहरू व्यक्त गर्ने मञ्च प्रदान गर्नु साथै विद्यार्थीहरूमा आत्मविश्वास, सामूहिक कार्य र सक्रिय सहभागितालाई प्रोत्साहन गर्नुका साथै शिक्षक, विद्यार्थी र समुदायबीचको सम्बन्धलाई सुदृढ़ पार्नु रहेको थियो।

आफ्नो सम्बोधनमा मुख्यमन्त्रीका सल्लाहकार तथा मुख्य अतिथि विष्णुकुमार खतिवड़ाले प्रतियोगिता आयोजना गर्न विभिन्न सरोकारवालाले गरेको सामूहिक प्रयासको प्रशंसा गरे। उनले विद्यार्थीहरूलाई सिक्ने, आफूलाई अभिव्यक्त गर्ने र आफ्ना क्षमताहरू प्रदर्शन गर्ने अवसर प्रदान गरेर उनीहरूमा रहेको युवा प्रतिभालाई निखार्ने, रचनात्मकतालाई प्रोत्साहन गर्ने र आत्मविश्वास बढ़ाउने महत्त्वमाथि प्रकाश पारे। उनले सही मञ्च र प्रोत्साहन पाएको खण्डमा सरकारी विद्यालयका विद्यार्थीहरूले पनि अङ्ग्रेजीमा प्रभावकारी रूपमा सञ्चार गर्न सक्ने क्षमता राख्छन् भन्ने कुरा प्रस्तुतिका माध्यमबाट देखिएको उल्लेख गरे।

सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्ने मुख्यमन्त्रीको दृष्टिकोणलाई दोहोऱ्याउँदै उनले विद्यार्थीहरूको कल्याण र शिक्षाका लागि राज्य सरकारका विभिन्न पहलको चर्चा गरे र सरकारी विद्यालयहरूलाई सुदृढ़ बनाउनुका साथै विद्यार्थीहरूलाई उनीहरूको क्षमता हासिल गर्न सहयोग पुऱ्याउनुपर्ने आवश्यकतामा जोड़ दिए। यस कार्यक्रममा १३ विद्यालयका विद्यार्थीहरूले नाटक प्रतियोगितामा भाग लिएका थिए, जसमा गान्चुङ सरकारी जुनियर हाई स्कूल, कारतोक सरकारी प्राथमिक पाठशाला, दामलाखा सरकारी जुनियर हाई स्कूल, लोअर बेरिङ सरकारी प्राथमिक पाठशाला, कपुथाङ सरकारी प्राथमिक पाठशाला, ताजा सरकारी जुनियर हाई स्कूल, काइयोङ सरकारी प्राथमिक पाठशाला, भस्मे सरकारी जुनियर हाई स्कूल, ताकसाङ काइजाले सरकारी प्राथमिक पाठशाला, पाकिम जुनियर हाई स्कूल, पाचे सामसिङ सरकारी प्राथमिक पाठशालालगायत अन्य विद्यालय समावेश थिए।

कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मान पनि गरिएको थियो। कार्यक्रमको एक हिस्साका रूपमा सशस्त्र सीमा बल (एसएसबी) द्वारा स्वास्थ्य शिविरको आयोजना गरिएको थियो, जसले उपस्थित व्यक्तिहरूलाई थप सेवा प्रदान गऱ्यो। कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीहरूद्वारा सांस्कृतिक प्रस्तुति पनि दिएका थिए। प्रस्तुतिहरू सकिएपछि प्रतियोगिताको परिणाम घोषणा गरिएको थियो।

कार्यक्रममा पञ्चायत सदस्य, शिक्षा विभागका अधिकारी, विभिन्न संस्थाका प्रमुख, निर्णायक, सहभागी विद्यालयका शिक्षक, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका सदस्य, विद्यार्थीगण , एसएसबीका जवान र सर्वसाधारणको उपस्थिति रहेको थियो।

नाम्चेबुङ समष्टिका लागि २६८ वटा पुनरावेदन सुनवाइ सम्पन्न

पाकिम, १२ अक्टोबर (आईपीआर)ः पाकिमकी जिल्ला चुनाउ अधिकारी तथा जिल्लापाल परी बिश्नोईले सोमवार जिल्ला प्रशासनिक केन्द्र, पाकिमको सम्मेलन कक्षमा नाम्चेबुङ विधानसभा निर्वाचन क्षेत्रसँग सम्बन्धित २६८ वटा पुनरावेदन सुनवाइ सम्पन्न भएको छ।

मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) २०२६ अन्तर्गत यी सुनवाइ सञ्चालन गरिएको छ र जिल्ला चुनाउ अधिकारी (डीईओ)-को तहमा सम्बोधन गरिने श्रेणीका पुनरावेदनहरूसँग सम्बन्धित थिए।

सुनवाइको क्रममा अतिरिक्त जिल्लापाल (मुख्यालय) सवीन्द्र राई तथा जिल्ला चुनाउ कार्यालय, पाकिमका अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

घैयाबारीमा गोर्खाल्याण्ड नौलो सङ्घर्ष समितिको जनचर्चा अभियान सम्पन्न

खरसाङ, १२ अक्टोबर (हिस)ः गोर्खाल्याण्ड नौलो सङ्घर्ष समितिको जनचर्चा अभियान तीनधारे महानदी समष्टिअन्तर्गत घैयाबारीको लोअर गैरी गाउँस्थित सार्वजनिक भवनमा सम्पन्न भएको छ। घैयाबारी युथ क्लबको आयोजनामा तथा देवङ्कर छेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई कुसाङ तामाङले सञ्चालन गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै विक्रमादि राईले युवाहरूलाई जागरूक भएर अघि आउन र नयाँ नेतृत्वले जिम्मेवारी लिएर काम गर्न आह्वान गरे। उनले जनताले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए)-को विरोधमा मतदान गरेको दाबी गर्दै जीटीए खारेज गर्ने आश्वासन दिइए पनि अहिले पुनः त्यसैलाई सञ्चालन गर्न खोजिएको आरोप लगाए।

जीटीएलाई ३६० करोड़ रुपियाँ दिएर पुनः सञ्चालन गर्ने प्रयास भइरहेको उल्लेख गर्दै उनले युवा र बुद्धिजीवीहरू छुट्टै राज्यको मागमा सक्रिय हुनुपर्ने बताए। 'डबल इञ्जिन' सरकार हुँदाहुँदै पनि नेताहरूले वार्ताको टेबलमा आफ्नो पक्ष बलियो बनाउन नसकेको उनको भनाइ थियो।

राईले डा. महेन्द्र पी. लामाको नेतृत्वमा गोर्खाल्याण्ड एपेक्स बडीमार्फत सबै बुद्धिजीवी छुट्टै राज्यको मागका लागि अघि आउनुपर्नेमा जोड़ दिए साथै एपेक्स बडीमा अझै केही राजनीतिक दलका प्रतिनिधि सहभागी नभएकोमा उनले खेद व्यक्त गरे।

कार्यक्रममा उपस्थित युवाहरूले राईसमक्ष विभिन्न प्रश्न राखेका थिए। उनले प्रश्नहरूको जवाफ दिँदै गोर्खाल्याण्ड नौलो सङ्घर्ष समितिको उद्देश्य तथा आगामी कार्यक्रमबारे जानकारी गराए। यस क्रममा छुट्टै राज्यको माग र युवाहरूको भूमिकाबारे छलफलसमेत भएको थियो।

कङ्ग्रेसले सांसद बिमोल अकोइजम प्रकरणमा आफ्नो धारणा स्पष्ट पारोस्: भाजपा

नयाँ दिल्ली, १२ अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा) महिला मोर्चाले सोमवार जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) का बर्खास्त प्राध्यापक तथा कङ्ग्रेस सांसद बिमोल अकोइजममाथि छात्राहरूको यौन दुर्व्यवहारको आरोप लागेको विषयलाई लिएर दीनदयाल पाध्याय मार्ग स्थित प्रदेश कङ्ग्रेस मुख्यालय अघाड़ी विरोध प्रदर्शन गरेको छ। प्रदर्शनमा सहभागी महिलाहरूले यस मामिलामा कङ्ग्रेस नेतृत्वलाई आफ्नो धारणा स्पष्ट पार्न माग गरेका छन्। भाजपा दिल्ली प्रदेश अध्यक्ष हर्ष मल्होत्राले कङ्ग्रेस र राहुल गान्धीमाथि हमला गर्दै दिल्लीका महिलाहरू कङ्ग्रेस सांसद बिमोल अकोइजामबारे प्रश्न गर्न आएको बताए। उनी अनुसार, मणिपुरका कङ्ग्रेस सांसद अकोइजमविरुद्ध जेएनयूका ११ जना छात्राले यौन दुर्व्यवहारको आरोप लगाएका छन्। विश्वविद्यालयको एउटा समितिले ती आरोपलाई सही ठहर गरेपछि उनलाई जेएनयूबाट बर्खास्त गरिएको मल्होत्राले दाबी गरे।

विपक्षी दलद्वारा एसआईआर र...

दलका नेता राहुल गान्धीको आह्वानमा भारतका मुख्य न्यायाधीश भेट्न सर्वोच्च न्यायालयतर्फ गरिएको ऱ्यालीमा सिक्किम प्रदेश कङ्ग्रेस कमिटी (एसपीसीसी)-का अध्यक्ष गोपाल छेत्री र कोषाध्यक्ष कर्मा टाशी भोटियालगायत पार्टीका अन्य सदस्य सोमवार दिल्लीमा आयोजित उक्त ऱ्यालीमा सहभागी भए।

यस ऱ्यालीमा देशभरिबाट युवा, नागरिक र विभिन्न राजनीतिक दलका सदस्यसहित मानिसहरूको बाक्लो उपस्थिति देखियो। उनीहरू चुनावी सुधार, पारदर्शिता र जवाफदेहिताको मागमा एकजुट भएका थिए। उक्त विराट् सहभागिताले चुनावी प्रक्रियामा अनुचित अभ्यास भएको दाबी गर्दै जनसाधारणको सामूहिक चासो र चिन्तालाई सशक्त रूपमा प्रदर्शन गऱ्यो।

एसपीसीसीले विज्ञप्तिमा भनेको छ, ''यो आन्दोलनले राहुल गान्धीको मात्र नभएर लोकतन्त्रको रक्षा गर्न तथा प्रत्येक भारतीयको स्वतन्त्र र निष्पक्ष रूपमा मतदान गर्ने मौलिक अधिकारको संरक्षण गर्न आवाज उठाइरहेका अनगिन्ती युवा र नागरिकहरूको आकाङ्क्षाको प्रतिनिधित्व गर्दछ। सहभागीहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामाको माग गरे र डर वा पक्षपातबिना लोकतान्त्रिक मूल्य-मान्यताहरूको पालना गर्ने निष्पक्ष तथा जवाफदेही निर्वाचन आयोगको आवश्यकतामा जोड़ दिए।''

सोरेङ जिल्ला छिट्टै उन्नत दूरसञ्चार सेवाहरूसँग...

समितिलाई बधाई दिए। उनले छोटा साम्दोङमा सञ्चालित विभिन्न विकासमूलक पहलबारे चर्चा गरे, जसमा आवासीय मोडल स्कूल, युमा माङ्हिम, सार्वजनिक खेलमैदान, देवानितार र आरोबोटेमा सामुदायिक भवन तथा यस क्षेत्रभित्र र वरिपरि सड़क निर्माण कार्यहरू समावेश छन्।

उनले दुर्गम क्षेत्रहरूको विकास तथा पूर्वाधार र सार्वजनिक सुविधाहरूमा सुधार ल्याउन राज्य सरकार प्रतिबद्ध रहेको दोहोऱ्याए। उनले छोटा साम्दोङका जनताको तर्फबाट मुख्यमन्त्रीसमक्ष सड़क सञ्जाल, पूर्वाधार, पशुपालन परियोजना, पर्यटन र अन्य अत्यावश्यक क्षेत्रहरूमा थप विकासको आवश्यकतामा जोड़ दिँदै विभिन्न माग पनि राखे।

यस उत्सवमा विद्यालय र स्थानीय समुदायको विकासमा योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्व तथा व्यक्तिहरूलाई सम्मान गर्ने कार्यक्रम समावेश थिए। सो अवसरमा मुख्यमन्त्री पीएस गोले र सोरेङ-च्याखुङका विधायक आदित्य गोलेलाई सम्मान गरियो। मुख्यमन्त्री र अन्य विशिष्ट अतिथिहरूलाई 'गोल्डेन जुबली' (स्वर्ण जयन्ती) स्मारिका, फूलका गमला र विद्यालयको पत्रिका 'ज्ञानदीप' प्रदान गरियो। छोटा साम्दोङस्थित युमा माङ्हिम समितिले पनि मुख्यमन्त्रीलाई स्मारिका प्रदान गऱ्यो। विद्यालय स्थापनामा योगदान पुऱ्याउनेहरूलाई पनि सम्मान गरियो।

सन् १९८६ मा विद्यालयमा मुख्यमन्त्रीसँगै सेवा गरेका सेवानिवृत्त शिक्षकहरूलाई 'गोल्डेन जुबली' स्मारिका प्रदान गरियो। कार्यक्रममा रिम्बी बाढ़ पीड़ितहरूका लागि मुख्यमन्त्री राहत कोषमा चेक हस्तान्तरण गर्ने कार्य पनि भयो। सोरेङ जिल्लाको शिक्षा विभाग, जिल्लाभरिका विभिन्न विद्यालय र गैर-सरकारी संस्था (एनजीओ) द्वारा उक्त सहयोग प्रदान गरिएको थियो। छोटा साम्दोङ सरकारी उच्चतर माध्यमिक विद्यालयका प्रधान अध्यापक प्रकाश शर्माले गत पाँच दशकमा विद्यालयको यात्रा, उपलब्धि र शिक्षाको क्षेत्रमा पुऱ्याएको योगदानबारे प्रकाश पार्दै संक्षिप्त प्रतिवेदन प्रस्तुत गरे।

सोरेङका अतिरिक्त जिल्लापाल (एडीएम) डीआर विष्टाले 'आस्पिरेशनल डिस्ट्रिक्ट प्रोग्राम' को रूपरेखा प्रस्तुत गरे र स्वास्थ्य तथा पोषणको क्षेत्रमा नीति आयोगको 'डेल्टा ऱ्याङ्किङ'-मा सोरेङ जिल्लाले हासिल गरेको प्रथम स्थानबारे जानकारी गराए।

जिल्लाको यस उपलब्धिलाई कदर गर्दै मुख्यमन्त्री गोलेले स्वास्थ्य तथा पोषणसम्बन्धी डेल्टा ऱ्याङ्किङमा प्रथम स्थान हासिल गर्न योगदान पुऱ्याएबापत् सोरेङका जिल्लापाल धीरज सुवेदी, सीएमओ (स्वास्थ्य) स्मृति राई र सीडीपीओ गौरी तामाङलाई प्रशंसा-पत्र प्रदान गरे।

यसअघि, मुख्यमन्त्रीले छोटा साम्दोङमा युमा माङ्हिमको उद्घाटन गरे र हस्तकलाका सामग्री, शिक्षण-अधिगम सामग्री तथा विभिन्न नमुना राखिएका प्रदर्शनी कक्षहरूको अवलोकन गरे।

कार्यक्रममा सिक्किम विधानसभाकी उपाध्यक्ष राजकुमारी थापा, श्रम विभागका मन्त्री भीमहाङ लिम्बू, विधायकगण, पूर्वमन्त्री तथा पूर्वविधायकगण, मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङ, जिल्ला अध्यक्ष तिला देवी गुरुङ, जिल्ला पञ्चायतका पदाधिकारी तथा सदस्यलगायत अन्यको उपस्थिति रहेको थियो।

गभर्नर्स गोल्ड कपः शिलङ...

बराबरीमा पुऱ्याए।

दोस्रो हाफमा शिलङ लाजोङले खेलमा पकड़ बनायो। इभरनाइटले ५६औँ मिनटमा गोल गर्दै टोलीलाई पुनः अग्रता दिलाए। उनले इञ्जुरी समयको ९०औँ मिनटपछिको तेस्रो मिनटमा अर्को गोल थपेपछि शिलङ लाजोङले ३-१ गोल अन्तरको जीत सुनिश्चित गऱ्यो।

दुई गोल गरेका इभरनाइट खेलका म्यान अफ् द म्याच घोषित भए। खेलमा सड़क तथा पुल विभागका मन्त्री एनबी दाहाल मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए भने वन तथा पर्यावरण विभागका मन्त्री पिन्छो नामग्याल लेप्चा विशिष्ट अतिथि तथा सिम्फेडका अध्यक्ष तेञ्जिङ दोर्जी विशेष अतिथिका रूपमा उपस्थित थिए। प्रतियोगिताअन्तर्गत भोलि हुने सेमिफाइनलमा सिक्किम आक्रमण र गोकुलम केरला भिड्ने छन्। पाल्जर स्टेडियममा फ्लडलाइटअन्तर्गत हुने खेल साँझ ५:०० बजी शुरु हुनेछ।

गेजिङमा जिल्ला सड़क सुरक्षा समितिद्वारा...

अवस्थाबारे छलफल गऱ्यो। सड़क सुरक्षा सुधार गर्न जोखिमपूर्ण स्थानहरूमा कन्भेक्स मिरर, क्र्यास ब्यारियर र उपयुक्त सड़क सङ्केतकहरू जड़ान गर्ने सुझाउहरूलाई अध्यक्षले सकारात्मक रूपमा लिए।

सड़कको छेउमा विशेषगरी जिल्ला अस्पताल, ट्याक्सी स्ट्यान्ड र विद्यालय क्षेत्रहरूमा पार्किङ, सवारी साधनमा सामान लोड-अनलोड गर्ने कार्य र ट्राफिक जामजस्ता विषयहरूमा पनि छलफल गरियो। समितिले पार्किङ व्यवस्थामा सुधार ल्याउने तथा सवारी साधन र पैदलयात्रीहरूको सुरक्षित आवत-जावत सहज बनाउने उपायहरूबारे पनि विचार-विमर्श गऱ्यो।

छलफलमा सड़क सुरक्षासम्बन्धी जनचेतना कार्यक्रम, ट्राफिक नियमहरूको कार्यान्वयन, मादक पदार्थ सेवन गरी सवारी चलाउने कार्यको रोकथाम र सवारी साधनबाट हुने प्रदूषणको जाँचजस्ता विषयहरू पनि समेटिएका थिए। सड़क दुर्घटनासम्बन्धी तथ्याङ्कको नियमित अनुगमन, दुर्घटनाको उच्च जोखिम भएका स्थान तथा 'ब्ल्याक स्पट' (दुर्घटना बढ़ी हुने क्षेत्र)-को पहिचान र उपयुक्त सुधारका उपायहरूको कार्यान्वयनजस्ता विषयहरूको पनि समीक्षा गरियो।

जिल्लापालले आवश्यकता पर्दा सञ्चार सहज बनाउन सवारी साधनभित्र सम्पर्क नम्बरहरू प्रदर्शन गर्नुको महत्त्वमाथि प्रकाश पारे। सवारी साधनसम्बन्धी सम्पर्क विवरणहरू समेटिएको बारकोडको प्रयोग गर्ने सम्भावनाबारे पनि छलफल गरियो। बैठकले वार्षिक सड़क सुरक्षा कार्ययोजनाअनुसार त्रैमासिक बैठकहरू सञ्चालन गर्नुपर्ने आवश्यकतामाथि जोड़ दियो साथै नियमित अनुगमन र अनुवर्ती कारबाहीलाई सहज बनाउन बैठकको निर्णय-विवरण तथा अद्यावधिक कारबाही प्रतिवेदन समयमै तयार गरी पेश गर्नुपर्ने विषय औँल्यायो।

अन्तरक्रियात्मक सत्रका क्रममा समितिका सदस्य र ट्याक्सी सङ्घका प्रतिनिधिहरूले सड़कको अवस्था, पार्किङ सुविधा र ट्राफिक व्यवस्थापनबारे आफ्ना अवलोकन तथा सुझाउहरू प्रस्तुत गरे। जिल्लापालले सदस्यहरूलाई सम्बन्धित विभागहरूसँग समन्वय कायम गर्न र जिल्लाभरि सड़क सुरक्षासम्बन्धी समस्याहरू समाधान गर्न व्यावहारिक उपायहरू पहिचान गर्न सुझाउ दिए।

टुङ-नागा जीपीयूमा जीएलओएफ प्रभावित...

मुख्य विषयबारे उपस्थितहरूलाई जानकारी गराए।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सामडुप लेप्चाले नागाका लागि पुनर्स्थापना प्रक्रिया छिट्टै शुरु हुने बताए। उनले जीएलओएफ-प्रभावित परिवारहरूका लागि सिक्किम गरीब आवास योजनाअन्तर्गत १२२ घर उपलब्ध गराएकोमा मुख्यमन्त्री पीएस गोलेप्रति आभार व्यक्त गरे। उनले ३ अक्टोबर, २०२३ मा भएको जीएलओएफबाट भएको क्षतिबाहेक धेरै परिवारले घरीघरी आइपर्ने आपदाका कारण आफ्ना घरहरूमा पुगेको क्षतिको मार खेप्नुपरेको बताए। मन्त्री लेप्चाले तोकिएका निर्देशिका र योग्यताका मापदण्डअनुसार यस योजनामा समावेश गर्नका लागि त्यस्ता घटनाहरूको प्रमाणीकरण गरिने जानकारी दिए। उनले यो योजना प्रत्येक योग्य प्रभावित परिवारलाई एउटा घर उपलब्ध गराउने उद्देश्यले ल्याइएको र एसजीएवाई घरहरूको निर्माण सरकारले तोकेका मापदण्ड तथा डिजाइनहरू अनुसार गरिने बताए।

मन्त्रीले प्रशासनबाट निरन्तर सहयोग र सहकार्यको आश्वासन दिए र प्रभावित समुदायका सरोकारहरू सम्बोधन गर्न जिल्ला प्रशासनले गरेको समन्वयात्मक प्रयासको प्रशंसा गरे। उनले सिङ्हिक, चुङ्थाङ र लाचेनजस्ता क्षेत्रहरूमा आपदाको प्रभावबारे पनि उल्लेख गरे र प्रभावित मानिसहरूको सरोकारलाई सकारात्मक रूपमा सम्बोधन गरिने बताए। उनले सरकारले लागू नियमअनुसार प्रभावित क्षेत्रहरूका लागि अनुग्रह सहायताको विषयमा पनि विचार गर्ने आश्वासन दिए। उनले यस बैठकलाई प्रभावित समुदायले सामना गरेको कठिन समयपछि पुनर्स्थापना र पुनरुत्थानतर्फको एक सकारात्मक कदमको रूपमा वर्णन गरे।

मङ्गनका अतिरिक्त जिल्लापाल (विकास) कर्मा थेन्डुप भोटियाले भेलालाई टुङ-नागा जीपीयूअन्तर्गत् १२२ लाभग्राहीको तोकिएको एसडीएवाई निर्देशिअनुसार प्रमाणीकरण गरिने बताए। उनले लाभग्राही छनोट प्रक्रिया र योजनाको पारदर्शिता तथा उचित कार्यान्वयन सुनिश्चित गर्न पालना गरिने मापदण्डहरूबारे विस्तृत जानकारी दिए।

अध्यक्ष निम छिरिङ लेप्चाले जीएलओएफ प्रभावित परिवारहरूका लागि १२२ वटा एसजीएवाई घर उपलब्ध गराएकोमा मुख्यमन्त्रीप्रति आभार व्यक्त गरे। मङ्गनका बीडीओ कैलाश थापाले आफ्नो सम्बोधनमा ३ अक्टोबर, २०२३ को जीएलओएफले टुङ र नागा वार्डमा पारेको प्रभावबारे प्रकाश पार्दै बैठकका मुख्य उद्देश्यहरू प्रस्तुत गरे। उनले पुनर्स्थापना प्रक्रियासँग सम्बन्धित महत्त्वपूर्ण विषयजस्तै-प्रस्तावित पुनर्स्थापना स्थल, एसजीएवाईको मापदण्डअनुसार लाभग्राहीहरूको नाम समावेश गर्ने प्रक्रिया तथा घरहरूको प्राविधिक डिजाइन र विशिष्टताबारे स्पष्ट पार्नु नै बैठकको मुख्य उद्देश्य रहेको बताए।

उनले प्रभावित परिवारका सरोकारहरूलाई उचित रूपमा सम्बोधन गर्न सकियोस् भनेर सम्बन्धित ग्राम पञ्चायतलाई आवश्यक परेको खण्डमा ग्राम सभा डाक्न र प्रशासनसँगको परामर्शमा सान्दर्भिक विषयहरूमा छलफल गरी निर्णयहरू पारित गर्न आग्रह गरे। सहभागीहरूले आफ्ना विचारहरू राख्दै प्रस्तावित पुनर्स्थापना प्रक्रियामा रचनात्मक सुझाउहरू दिएसँगै बैठक सकारात्मक रूपमा सम्पन्न भयो।

मङ्गनमा दूरसञ्चार नेटवर्कसम्बन्धी समस्या समाधान गर्न उच्चस्तरीय बैठक आयोजित

मङ्गन, १२ अक्टोबरः मङ्गन जिल्लामा घरीघरी भइरहने नेटवर्क अवरोधको समस्या समाधान गर्न र दूरसञ्चार पूर्वाधारमा सुधार ल्याउने उद्देश्यले सोमवार मङ्गनस्थित जिल्लापाल कार्यालयमा प्रमुख दूरसञ्चार सेवा प्रदायकहरूसँग एक महत्त्वपूर्ण समन्वय बैठक आयोजना गरिएको छ।

उक्त बैठकको अध्यक्षता सामाजिक कल्याण विभागका मन्त्री तथा लाचेन-मङ्गनका विधायक सामडुप लेप्चाले गरेका थिए भने मङ्गनका जिल्लापाल अनन्त जैनले सहअध्यक्षता गरेका थिए।

बैठकमा मङ्गन र चुङ्थाङका महकुमा अधिकारी, अतिरिक्त पुलिस अधीक्षक, क्षेत्रीय यातायात अधिकारी (आरटीओ, मङ्गन), सहायक वन संरक्षक (प्रादेशिक), सहायक मोटर वाहन निरीक्षक (एएमभीआई, मङ्गन) र जिल्ला परियोजना अधिकारी तथा संयुक्त निर्देशकलगायत जिल्लाका प्रमुख प्रशासनिक तथा सम्बन्धित विभागका अधिकारीहरूको सहभागिता रहेको थियो। दूरसञ्चार प्राधिकरण र सेवा प्रदायकहरूको तर्फबाट दूरसञ्चार विभागका सहायक खण्डीय अभियन्ता, महकुमा अभियन्ता (एसडीई), बीएसएनएलसहित अन्यको सहभागिता रहेको थियो।

बैठकलाई सम्बोधन गर्दै जिल्लापालले यस क्षेत्रमा घरीघरी भइरहने दूरसञ्चार अवरोधहरूप्रति गम्भीर ध्यानाकर्षण गराए। उनले अन्तरराष्ट्रिय सीमानासँग जोड़िएका धेरै रणनीतिक र भाइब्रेन्ट भिलेजहरू मङ्गनमा अवस्थित रहेको विषयमा जोड़ दिए। जिल्लापालले सुदृढ़ सम्पर्कता नियमित प्रशासन र आपदा पूर्वतयारीका लागि मात्र नभएर सीमा सुरक्षा र क्षेत्रीय विकासका लागि पनि अत्यन्त महत्त्वपूर्ण रहेको विषयमा जोड़ दिए।

मन्त्री लेप्चाले दुर्गम क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूले कुनै अवरोधबिनै अत्यावश्यक मोबाइल र इन्टरनेट सेवाहरू प्राप्त गर्न सकुन् भनेर भरपर्दो, लचिलो र निर्बाध मोबाइल नेटवर्कको तत्काल आवश्यकतामा जोड़ दिए।

निर्बाध ई-शासन (विद्युतीय शासन), प्रशासनिक सञ्चार र भर्चुअल बैठकहरू सुनिश्चित गर्न, जिल्लापालले सेवा प्रदायकहरूलाई जिल्ला प्रशासनिक केन्द्र परिसरभित्र एउटा समर्पित मोबाइल टावर जड़ान गर्न औपचारिक निर्देशन दिए। उठाइएका सरोकारहरूको जवाबमा उनले भारती एयरटेलले मङ्गनमा ५जी नेटवर्क विस्तारको कार्य पेन्तोक क्षेत्रबाट शुरु गरी क्रमशः जिल्लाका अन्य भागहरूमा लैजाने प्रतिबद्धता जनाए। त्यसैगरी, रिलायन्स जियोले आफ्नो विद्यमान मोबाइल कभरेजलाई अझ प्रभावकारी र सुदृढ़ बनाउने तथा डेटा/इन्टरनेटको गतिमा उल्लेख्य सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे।

दूरसञ्चार विभागले सीमावर्ती क्षेत्र र दुर्गम बस्तीहरूलाई उच्च प्राथमिकता दिँदै जिल्लाभरि नेटवर्क नभएका वा कमजोर कभरेज भएका क्षेत्रहरूको सर्वेक्षण गरी सम्बन्धित केन्द्रिय सरकारी योजनाअन्तर्गत तिनको समाधान गरिने कुरा सुनिश्चित गऱ्यो।

मङ्गन जिल्लाभरि दीर्घकालीन र निर्बाध सम्पर्कता सुनिश्चित गर्न रोकिएका प्राविधिक स्तरोन्नतिका कार्यहरूलाई तीव्रता दिन तथा सक्रिय समन्वय कायम राख्ने साझा निर्णयका साथ बैठक सम्पन्न भयो।

राष्ट्रियस्तरीय नवप्रवर्तन प्रतियोगितामा सिक्किमका १० कनिष्ठ वैज्ञानिक सहभागी

गान्तोक, १२ अक्टोबर (हिस)ः भारत सरकारको विज्ञान तथा प्रविधि विभाग र राष्ट्रिय नवप्रवर्तन प्रतिष्ठान- भारतको संयुक्त आयोजनामा १२ देखि १४ अक्टोबर, २०२६ सम्म नयाँ दिल्लीमा आयोजना भइरहेको 'इन्स्पायर अवार्ड मानक' योजनाअन्तर्गत १२औँ राष्ट्रियस्तरीय प्रदर्शनी तथा परियोजना प्रतियोगितामा सिक्किमका १० जना विद्यार्थी सहभागी भइरहेका छन्।

यस प्रदर्शनीले युवा नवप्रवर्तकलाई आफ्ना नवीन विचार, सिर्जनशीलता र वैज्ञानिक प्रतिभा प्रस्तुत गर्न राष्ट्रियस्तरको मञ्च प्रदान गर्दछ। प्रतियोगितामा सिक्किमका विद्यार्थीहरूको सहभागिताले विद्यालयस्तरमै वैज्ञानिक सोच र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने राज्यको प्रतिबद्धता प्रतिबिम्बित गरेको बताइएको छ।

सिक्किम राज्य विज्ञान एवं प्रविधि परिषद्अनुसार १२ देखि १४ अक्टोबरसम्म सञ्चालन हुने तीनदिने यस राष्ट्रियस्तरीय कार्यक्रममा सिक्किमका १० जना कनिष्ठ वैज्ञानिक तथा नवप्रवर्तकहरूले आफ्ना नवीन परियोजनाहरू प्रस्तुत गर्दै प्रतिष्ठित राष्ट्रिय मञ्चमा राज्यको प्रतिनिधित्व गरिरहेका छन्।

कार्यक्रमको समन्वय सिक्किम राज्य विज्ञान तथा प्रविधि परिषद्का प्रधान निर्देशक तथा 'इन्स्पायर' राज्य नोडल अधिकारी डा. सुमन थापा र सहायक वैज्ञानिक अधिकारी तथा 'इन्स्पायर' राज्य समन्वयक नवीन शर्माले गरिरहेका छन्।

विद्यार्थीहरूसँगै शिक्षा विभागका दुईजना शिक्षक पनि सहभागी छन्। उनीहरूमा राष्ट्रिय पुरस्कार प्राप्त डिक्लिङ वरिष्ठ माध्यमिक विद्यालयकी रसायनशास्त्र शिक्षिका सुषमा तामाङ र उत्तरे वरिष्ठ माध्यमिक विद्यालयका गणित शिक्षक हरिप्रसाद आचार्य रहेका छन्।

कार्यक्रमको समापन १४ अक्टोबर, २०२६ मा नयाँ दिल्लीस्थित विज्ञान भवनमा हुनेछ। समापन समारोहमा भारत सरकारका विज्ञान तथा प्रविधिमन्त्री प्रमुख अतिथिका रूपमा सहभागी हुने कार्यक्रम रहेको छ।

यस कार्यक्रमको समन्वय सिक्किम सरकारको शिक्षा विभागको सहकार्यमा सिक्किम राज्य विज्ञान तथा प्रविधि परिषद्ले गरिरहेको बताइएको छ।

लरीको चपेटमा परी पत्नीको मृत्यु, पति गम्भीर घाइते

सिलगढ़ी, १२ अक्टोबर (हिस)ः सिलगढ़ी-जलपाइगढ़ी राष्ट्रिय राजमार्गमा फुलबारीको अमायादिघी क्षेत्रमा सोमवार एउटा द्रुत गतिमा गुड़िरहेको लरीको ठक्करले एकजना गृहिणीको घटनास्थलमै मृत्यु भयो भने उनका पति गम्भीर रूपमा घाइते भए। मृतकाको पहिचान राजगञ्जको भण्डारीगाछ निवासी फजिरन खातुनको रूपमा भएको छ। उनका पति अख्तर अली घाइते भएका छन्।

जानकारीअनुसार यी दम्पती ब्याङ्कको काम सिद्ध्याएर बाइकमार्फत घर फर्किरहेका थिए। यसैबीच अमायादिघी नजिकै द्रुत गतिमा गइरहेको लरीले उनीहरूको बाइकलाई ठक्कर दियो। ठक्करपछि दुवैजना सड़कमा लड़े। यस दुर्घटनामा फजिरान खातुनको घटनास्थलमै मृत्यु भयो। घटनाको सूचना पाएर फुलबाड़ी राजमार्ग ट्राफिक आउटपोस्ट र न्यू जलपाइगढ़ी थानाको पुलिस घटनास्थलमा पुगे। घाइते अख्तर अलीलाई अस्पतालमा भर्ना गरिएको छ, जहाँ उनको उपचार भइरहेको छ। पुलिसले घटनाको अनुसन्धान गरिरहेको छ।

मुख्यमन्त्री गोलेको तेह्रौँ न्यिया जाम्गा टुल्कु रिम्पोछेसँग भेट

गान्तोक, १२ अक्टोबर (हिस)ः मुख्यमन्त्री पीएस गोले सोमवार १३औँ न्यिया जाम्गा टुल्कु रिम्पोछेसँग भेट गरी राज्यका जनताका लागि उनको आशीर्वाद ग्रहण गरेका छन्।

मुख्यमन्त्री गोलेले सामाजिक सञ्जालमार्फत उक्त भेट आध्यात्मिक रूपमा अत्यन्तै भावपूर्ण रहेको बताएका छन्। यस पवित्र भेटले आफूलाई शान्ति, विनम्रता र आध्यात्मिक प्रेरणाको गहिरो अनुभूति गराएको उनले उल्लेख गरेका छन्। उनका अनुसार यस भेटले सजगता, करुणा र निःस्वार्थ सेवाजस्ता शाश्वत मूल्यहरूको महत्त्वलाई पुनः स्मरण गराएको छ। यी मूल्यहरूले आगामी यात्रामा पनि आफूहरूलाई मार्गदर्शन गरिरहने विश्वास उनले व्यक्त गरेका छन्।

गेजिङभरि छुटेका तथा पहिलोपटकका मतदाताहरूका लागि विशेष मतदाता नामावली अभियान आयोजित

गेजिङ, १२ अक्टोबरः गेजिङ जिल्ला चुनाउ अधिकारी, चुनाउ पञ्जीकरण अधिकारी (ईआरओ) र सहायक चुनाउ पञ्जीकरण अधिकारी (एईआरओ)-को निर्देशन तथा सुपरिवेक्षणमा गेजिङ जिल्लाका सबै मतदान केन्द्रमा छुटेका तथा पहिलोपटकका मतदाता/युवा मतदाताहरूका लागि विशेष मतदाता नामावली पञ्जीकरण शिविर सफलतापूर्वक सञ्चालन गरिएको छ।

बुथस्तरीय अधिकारी (बीएलओ)-ले बुथस्तरीय एजेन्ट (बीएलए)-सँगको समन्वयमा मतदाता नामावलीमा नाम समावेश हुन बाँकी रहेका योग्य नागरिक विशेषगरी १८ वर्ष वा सोभन्दा अधिक उमेर पुगेका र मतदान प्रक्रियामा सहभागी हुन योग्य पहिलोपटकका तथा युवा मतदाताहरूको पहिचान गर्न यो सघन अभियान सञ्चालन गरे।

यस प्रक्रियाका क्रममा बीएलएओहरूले विद्यमान मतदाता नामावलीलाई पूर्व एसआईआर (प्रारम्भिक) मतदाता नामावलीसँग तुलना गरे, नामावलीमा समावेश हुन छुटेका योग्य मतदाताहरूको पहिचान गरे र आवश्यक ठाउँमा मतदाता पञ्जीकरणका लागि फारम ६ भर्न सहजीकरण गरे।

समावेशी मतदाता पञ्जीकरण र लोकतान्त्रिक सहभागितालाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित यस अभियानलाई सफल बनाउन योगदान पुऱ्याउने सम्पूर्ण बीएलओ, बीएलएहरू चुनाउ अधिकारी, राजनीतिक दलका प्रतिनिधि तथा आम नागरिकको सामूहिक प्रयासको जिल्ला निर्वाचन कार्यालय, गेजिङले प्रशंसा गरेको छ।

एसजी श्रीजितको उपन्यास 'ए स्पेश इन माइ माइन्ड' विमोचित

● हेमिका नाग

गान्तोक, १२ अक्टोबरः निर्मला देवी विश्वविद्यालयका संस्थापक उपकुलपति डा. एसजी श्रीजितद्वारा लिखित उपन्यास 'ए स्पेश इन माइ माइन्ड'-को विमोचनसँगै निर्मला देवी विश्वविद्यालयले एक महत्त्वपूर्ण साहित्यिक कार्यक्रम सम्पन्न गरेको छ। निर्मला देवी फाउण्डेशनद्वारा आयोजित यस कार्यक्रममा विशिष्ट व्यक्तित्व, प्राज्ञ, शिक्षाविद् र साहित्यप्रेमीसहित अन्यको उपस्थिति रहेको थियो।

यस कार्यक्रमले विश्वविद्यालयका दृष्टिकोण र आकाङ्क्षाहरू प्रस्तुत गर्ने अवसर पनि प्रदान गऱ्यो। कार्यक्रमको मुख्य आकर्षण डा. श्रीजितको उपन्यासको विमोचन रह्यो। यस उपन्यासले आन्तरिक द्वन्द्व, आफ्नो घरमा पुनः फर्किँदाको अनुभव तथा समय बित्दै जाँदा घर र पहिचान गुम्दै जाने विषयवस्तुहरूलाई उजागर गर्दछ। पुस्तक लेखनको अनुभवबारे चर्चा गर्दै डा. श्रीजितले यसलाई उपन्यास लेखनका चुनौतीबारे उपन्यासको रूपमा वर्णन गरे। उनले यो कृति अस्तित्वसम्बन्धी अनिश्चितता र मध्य-जीवनको सङ्कटको समयमा सिर्जना भएको बताए।

सिर्जनात्मक प्रक्रियाबारे चर्चा गर्दै डा. श्रीजितले कथावस्तुलाई आकार दिने बाल्यकालका खुशी र सम्झनाहरूका साथै पहिलोपटक उपन्यास लेख्ने लेखकले महसुस गर्ने चिन्ताहरूबारे पनि कुरा गरे। उनले यस उपन्यासलाई एक सामान्य देखिने व्यक्तिको दृष्टिकोण र मानवीय अस्तित्वका जटिलताहरूको अन्वेषणको रूपमा प्रस्तुत गरे। सिर्जनात्मक अभिव्यक्तिको सहजतामा जोड़ दिँदै उनले यस पुस्तकलाई जोकोहीले पनि कसरी पुस्तक लेख्न सक्छन् भन्ने उदाहरणको रूपमा वर्णन गरे र उदीयमान लेखकहरूलाई आफ्ना सङ्कोचहरू त्यागेर लेख्न प्रयास गर्न प्रोत्साहित गरे।

कार्यक्रममा साहित्यिक आयाम थप्दै डा. श्रीजितले उपन्यासको एउटा अंश वाचन गरे, जसमा मृत्यु तथा त्यसप्रति पात्रहरूको अनुभव र प्रतिक्रियाको चित्रण गरिएको छ। उक्त वाचनले दर्शकहरूलाई पुस्तकको चिन्तनशील कथाशैली र मानवीय जीवनका भावनात्मक तथा अस्तित्वगत पक्षहरूसँगको यसको सम्बन्धबारे जानकारी गरायो। मुख्य अतिथिका रूपमा रहेका सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति ए मोहम्मद मुस्ताकले डा. श्रीजितसँगको आफ्नो सम्बन्धबारे चर्चा गर्दै उनका व्यक्तिगत गुण र उपलब्धिहरूको प्रशंसा गरे। उनले एउटा साहित्यिक कृतिलाई पूर्णता दिन आवश्यक पर्ने समर्पणको कदर गर्दै उपन्यास पूरा गरेकोमा लेखकलाई बधाई दिए साथै उनले निर्मला देवी विश्वविद्यालयको स्थापनाबारे पनि चर्चा गरे र यस संस्थालाई निर्देशित गर्ने दूरदर्शी सोचको सराहना गरे।

अप्पर सोनादा महिला बहुउद्देश्यीय प्राथमिक सहकारी समितिको वार्षिक सभा सम्पन्न

सोनादा, १२ अक्टोबर (हिस)ः अप्पर सोनादा महिला बहुउद्देश्यीय प्राथमिक सहकारी समितिको आर्थिक वर्ष २०२५-२६ को वार्षिक सभा डाँड़ागाउँ सार्वजनिक भवनमा सम्पन्न भएको छ। महिला सशक्तिकरण, आर्थिक आत्मनिर्भरता तथा स्वनिर्भर समूहहरूको संस्थागत विकासलाई प्राथमिकता दिएर आयोजित सभामा समितिका पदाधिकारी, स्वनिर्भर समूहका प्रतिनिधि तथा सदस्यहरूको उत्साहजनक सहभागिता रहेको थियो।

सभामा सचिव प्रतिमा गुरुङले समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै वर्षभरि सञ्चालन गरिएका गतिविधि, उपलब्धि तथा विभिन्न कार्यक्रमबारे जानकारी गराइन्। यसैगरी, कोषाध्यक्ष प्रतीक्षा छेत्रीले आर्थिक वर्ष २०२५-२६ को वार्षिक आय-व्यय विवरण प्रस्तुत गर्दै संस्थाको आर्थिक अवस्था र वित्तीय गतिविधिबारे जानकारी दिइन्।

कार्यक्रममा अप्पर सोनादा क्षेत्रअन्तर्गत उत्कृष्ट कार्य गर्ने स्वनिर्भर समूहलाई सम्मान प्रदान गरियो। समूहहरूको सक्रियता, सामूहिक प्रयास, नियमित सहभागिता तथा आत्मनिर्भरताको यात्रालाई प्रोत्साहन गर्ने उद्देश्यले सम्मान प्रदान गरिएको आयोजकले जनाएको छ।

यस अवसरमा लामो समयदेखि सामूहिक सहकार्य र आत्मनिर्भरताको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको हिमाली सिङसा स्वनिर्भर समूहलाई ज्येष्ठ स्वनिर्भर समूहको उपाधिसहित सम्मान तथा सम्बर्द्धना गरियो।

सभाका क्रममा समितिकी सीएसपीआईभी इन्दिरा मुखियाले स्वनिर्भर समूहहरूको सङ्गठनात्मक संरचना तथा कार्यप्रणालीबारे जानकारी गराइन्। उनले स्वनिर्भर समूहका सङ्घ, उपसङ्घ तथा महासङ्घको गठन, भूमिका, आपसी समन्वय र संस्थागत विकासमा तिनको महत्त्वबारे प्रकाश पारिन्।

कार्यक्रमको अन्तिम चरणमा सङ्घकी अध्यक्ष सानु फुर्बु शेर्पाले स्वनिर्भर समूहको औचित्य, आवश्यकता र महत्त्वबारे आफ्नो विचार राखिन्। उनले महिला सशक्तिकरण, आर्थिक आत्मनिर्भरता, सामूहिक बचत, आपसी सहयोग तथा सामाजिक-आर्थिक विकासमा स्वनिर्भर समूहहरूले खेल्ने भूमिकामाथि जोड दिइन्।

औपचारिक कार्यक्रमसँगै विभिन्न स्वनिर्भर समूहका सदस्यहरूले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए। सांस्कृतिक प्रस्तुतिले कार्यक्रमलाई मनोरञ्जनपूर्ण बनाउनुका साथै स्थानीय कला, संस्कृति र प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गरेको थियो।

सुन्तलेमा तीनदिने एकलव्य आदर्श आवासीय विद्यालय राज्यस्तरीय खेलकुद प्रतियोगिता शुरु

सुन्तले, १२ अक्टोबर (हिस)ः सिक्किमका विभिन्न एकलव्य आदर्श आवासीय विद्यालयका विद्यार्थी खेलाड़ीहरूलाई एकै मञ्चमा ल्याउँदै सुन्तलेस्थित एकलव्य आदर्श आवासीय विद्यालयमा आजदेखि तीनदिने राज्यस्तरीय प्रतियोगिताको उद्घाटन उत्साहपूर्ण वातावरणमा खेलभावनाका साथ सम्पन्न भयो। उद्घाटन समारोहमा मल्ली निर्वाचन क्षेत्रका विधायक एनबी प्रधान मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए।

उद्घाटन समारोहमा मार्चपास, खेलकुद मशाल प्रज्वलन, खेलाड़ीहरूको शपथग्रहण तथा प्रतियोगिताको औपचारिक उद्घाटन गरिएको थियो। यी कार्यक्रमले अनुशासन, सामूहिक कार्य, एकता र खेलभावनाको महत्त्वलाई उजागर गरेको थियो।

उद्घाटनपछि मुख्य खेलमैदानमा छात्र तथा छात्राका १०० मिटर र २०० मिटर दौड़का प्रारम्भिक चरणका खेलहरू सञ्चालन गरिए। यसैगरी, छात्र तथा छात्रातर्फ छेलो फाल्ने प्रतियोगिताका छनोट चरणका खेलहरू पनि सम्पन्न भए।

प्रतियोगिताको पहिलो दिन १९ वर्षमुनिको छात्रा फुटबलको सेमिफाइनल खेल पनि सम्पन्न भयो। उक्त खेलमा एकलव्य आदर्श आवासीय विद्यालय, सुन्तलेले एकलव्य आदर्श आवासीय विद्यालय, स्वयेमलाई १-० गोलले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गऱ्यो।

अब सुन्तलेले प्रतियोगिताको दोस्रो दिन हुने फाइनलमा एकलव्य आदर्श आवासीय विद्यालय, पारखासँग प्रतिस्पर्धा गर्नेछ।

पहिलो दिनको कार्यक्रम विद्यार्थीहरूले आफ्नो खेलकुद क्षमता, प्रतिस्पर्धात्मक भावना र सामूहिक कार्यकौशल प्रदर्शन गर्दै सफलतापूर्वक सम्पन्न गरे।

यस राज्यस्तरीय खेलकुद प्रतियोगिताको उद्देश्य खेलकुदमा उत्कृष्टता हासिल गर्न प्रोत्साहित गर्नु, युवा प्रतिभाको पहिचान तथा विकास गर्नु र सिक्किमका एकलव्य आदर्श आवासीय विद्यालयका विद्यार्थीहरूमा अनुशासन, आपसी मित्रता तथा स्वस्थ प्रतिस्पर्धाको भावना अभिवृद्धि गर्नु रहेको छ।

खरसाङदेखि महानदीसम्म दुई नयाँ रेल सेवा शुरु

रेड पाण्डा र मुक्तधारा दैनिक सञ्चालन हुने

खरसाङ, १२ अक्टोबर (हिस)ः दार्जीलिङ हिमालयन रेलवेले खरसाङदेखि महानदीसम्म दुईवटा नयाँ रेल सेवा शुरु गरेको छ। पर्यटकहरूलाई खरसाङ क्षेत्रका प्राकृतिक सुन्दरता र पर्यटकीय स्थलहरूको अवलोकन गराउने उद्देश्यले वाष्पचालित इञ्जिनयुक्त 'रेड पाण्डा' र डिजेल इञ्जिनसहित 'मुक्तधारा' नामका रेल सेवा सञ्चालनमा ल्याइएको हो।

नयाँ रेल सेवाको उद्घाटन खरसाङ रेलवे स्टेशनमा पूर्वोत्तर सीमावर्ती रेलवेका सहायक महाप्रबन्धक रमेश कुमारले रिबन काटेर गरे। कार्यक्रममा दार्जीलिङ हिमालयन रेलवेका निर्देशक ऋषभ चौधरी र सहायक मण्डल अभियन्ता रञ्जित टुडु पनि उपस्थित थिए।

रेलवेका अनुसार बिहान वाष्पचालित इञ्जिनसहित 'रेड पाण्डा' र अपराह्न डिजेल इञ्जिनसहित 'मुक्तधारा' रेल सञ्चालन हुनेछ। यी दुवै सेवा दार्जीलिङदेखि घूमसम्म सञ्चालन हुने रेल सेवाजस्तै दैनिक रूपमा चलाइने बताइएको छ।

'मुक्तधारा' रेल खरसाङ रेलवे स्टेशनबाट दिउँसो ३ः१५ बजी महानदीका लागि प्रस्थान गर्ने र साँझ ५ बजी खरसाङ फर्किने समयतालिका रहेको छ। रेलले खरसाङ क्षेत्रका विभिन्न पर्यटकीय स्थल हुँदै यात्रा गर्नेछ। वाष्पचालित इञ्जिनसहित सञ्चालन हुने 'रेड पाण्डा' सेवाले पनि खरसाङदेखि महानदीसम्मको यात्रा गराउनेछ। भाडादरअनुसार 'रेड पाण्डा' मा एकजना यात्रुले खरसाङदेखि महानदीसम्म पुगेर फर्किन १,५०० रुपियाँ तिर्नुपर्नेछ। त्यसैगरी, डिजेल इञ्जिनसहितको 'मुक्तधारा' सेवाको भाडा प्रतिव्यक्ति १,००० रुपियाँ निर्धारण गरिएको छ।

सहायक महाप्रबन्धक रमेश कुमारले दार्जीलिङदेखि घूमसम्म सञ्चालन हुँदै आएको सेवाको नमुनामा खरसाङदेखि महानदीसम्म पनि दुईवटा दैनिक रेल सेवा शुरु गरिएको जानकारी दिए। उनले यी सेवा पर्यटकहरूका लागि छोटो दूरीको आनन्ददायी रेलयात्राका रूपमा सञ्चालन गरिएको बताए।

दार्जीलिङ हिमालयन रेलवेका निर्देशक ऋषभ चौधरीले भारतका विभिन्न भाग तथा विदेशबाट आउने पर्यटकलाई उत्तर बङ्गाल र खरसाङ क्षेत्रको प्राकृतिक सौन्दर्य देखाउने उद्देश्यले नयाँ सेवा शुरु गरिएको बताए। उनका अनुसार, यस पहलले पर्यटन प्रवर्द्धन गर्नुका साथै स्थानीय बासिन्दाका लागि रोजगारीका अवसर सिर्जना गर्न पनि सहयोग पुऱ्याउनेछ।

यसैबीच, आइतवार 'मुक्तधारा' रेल सेवामार्फत खरसाङको एक निजी विद्यालयका विद्यार्थीहरूलाई आनन्ददायी रेलयात्रा गराइएको थियो।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386